सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० वैशाख २०८२, शनिबार (3M ay 26 atn day) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक २० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ सिट र शुल्क बढाउने ग्यारेन्टी लिएपछि मेडिकल माफियाहरूको दादागिरी

आवासीय चिकित्सकलाई परीक्षामै सहभागी नगराउने धम्की



शुक्रबार माइतीघर क्षेत्रमा चिकित्सकहरूले निकालेको विरोध ज्याली । तस्बिर : **दिपेन्द्र ढुंगाना**

● **अनिलविक्रम कार्की**
अध्यक्ष, चिकित्सक संघ



सरकारी निर्णय नमान्ने निजी मेडिकल कलेजले अझ चिकित्सकलाई धम्की दिने, परीक्षा रोकिदिने र तनाव दिने काम गरेका छन् । सरकारले निजी मेडिकल कलेजलाई पक्षपोषण गर्दै जाने हो भने आवासीय चिकित्सक मारमा पर्छन्, त्यसको असर आमनागरिकको स्वास्थ्य उपचारमा पर्न सक्छ ।

शिवहरि घिमिरे / नयाँ पत्रिका

सरकारलाई गलाएर विद्यार्थीको सिट संख्या र शुल्क बढाउने ग्यारेन्टी लिएका 'मेडिकल माफिया'हरू आवासीय चिकित्सकलाई भने तोकिएको शुल्क दिनु त परको कुरा, उल्टै परीक्षामा समेत सहभागी नगराउने धम्की दिन थालेका छन् । शुक्रबार अस्पताल जान खोज्दा आवासीय चिकित्सकलाई मेडिकल कलेजहरूले प्रवेशमै रोक लगाएका छन् ।

निर्वाह भत्ता बढाउने सरकारको साढे दुई महिनाअघिको निर्णय कार्यान्वयनको मागसहित पोस्ट ग्राजुएट (पिजी) आवासीय चिकित्सक एक महिनादेखि आन्दोलनमा छन् । जबकि माग पूरा गराउने बहानामा कलेज सञ्चालकहरूको

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ सम्बन्धन खारेज गर्ने स्वास्थ्यमन्त्री पौडेलको चेतावनी



स्वास्थ्यमन्त्री प्रदीप पौडेलले निजी मेडिकल कलेजमा कार्यरत आवासीय चिकित्सकलाई सरकारीसरह निर्वाह भत्ता नदिए सम्बन्धन नै खारेज गर्ने चेतावनी दिएका छन् । आवासीय चिकित्सकसँग शुक्रबार स्वास्थ्य मन्त्रालयमा छलफल गर्दै उनले भने, 'चिकित्सा शिक्षा आयोगको १६औँ बैठकको निर्णय कार्यान्वयन हुनैपर्छ । अन्यथा सम्बन्धनसमेत खारेजी र स्वास्थ्य बिमा भुक्तानीसमेत रोक्नुपर्ने स्थितिमा पुग्छौं ।'

आवासीय चिकित्सकलाई आयोगले तोकेको मासिक ४८ हजार ७३७ रुपैयाँ दिनुपर्ने मन्त्री पौडेलले बताए । प्रधानमन्त्रीको अध्यक्षतामा रहने चिकित्सा आयोगको २५ माघ ०८१ को बैठकले विभिन्न विश्वविद्यालय र अन्तर्गतका सम्बन्धन प्राप्त निजी मेडिकल कलेजका चिकित्सा शिक्षा स्नातकोत्तर तहको कार्यक्रममा अध्ययन गर्ने सम्पूर्ण आवासीय चिकित्सकलाई सार्वजनिक शिक्षण संस्थामा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रममा अध्ययन गर्ने आवासीय चिकित्सकलाई दिएसरह (स्वास्थ्य सेवाको आठौँ तह) निर्वाह भत्ता उपलब्ध गराउने निर्णय गरेको थियो ।

बलियो सरकारको फितलो कार्यक्रम

भन्डै दुईतिहाइको बलियो सरकारबाट अपेक्षा गरिएअनुसार शिथिल अर्थतन्त्र चलायमान बनाउने, विकास निर्माणको ठोस कार्यदिशा अघि सार्ने र निराश नागरिकमा आशा जगाउने कार्यक्रम नआएको विज्ञहरूको टिप्पणी

■ संविधान संशोधन अगाडि बढाउने, राजावादी गतिविधिको प्रतिरोध गर्ने

■ राष्ट्रपति र प्रधानमन्त्रीको नाममा सञ्चालित आयोजनाबाट नाम हटाइने

■ निजामती, प्रहरी र नागरिकतासम्बन्धी विधेयक संसद्को यही अधिवेशनबाट पारित गरिने

पवन तिमिल्सिना, कमलराज भट्ट

अधिकांश पुरानै कार्यक्रमलाई निरन्तरता दिँदै सरकारले आगामी आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रम संसद्मा प्रस्तुत गरेको छ । भन्डै दुईतिहाइको बलियो सरकारबाट अपेक्षा गरिएअनुसार शिथिल अर्थतन्त्र चलायमान बनाउने, विकास निर्माणको ठोस कार्यदिशा अघि सार्ने र निराश नागरिकमा आशा जगाउने गरी कार्यक्रम नआएको विज्ञहरूको टिप्पणी छ । यद्यपि, 'जेन-जी' पुस्तालाई प्राथमिकतामा राखी युवाकेन्द्रित स्टार्टअप कार्यक्रम सुरु गरिनेसहितका केही रोजगारीका नयाँ योजना सरकारले अघि सारेको छ ।

> नीति तथा कार्यक्रममा अटाएनन् ठुला परियोजना

(विस्तृत पृष्ठ ७)

सरकारका तर्फबाट राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार संघीय सदनको संयुक्त बैठकमा नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । संसद् सचिवालयका अनुसार

» पृष्ठ २ मा क्रमशः



नीति तथा कार्यक्रम सदनमा प्रस्तुत गर्न राष्ट्रपति रामचन्द्र पौडेललाई हस्तान्तरण गर्दै प्रधानमन्त्री केपी ओली । तस्बिर : **अमुल थापा**

नीति कार्यक्रमका **हाइलाइट्स**

- जेन-जी पुस्तालक्षित स्टार्टअप कार्यक्रम सुरु गर्ने
- विद्यार्थीलाई सरकारी सेवाको इन्टर्नमा प्रयोग गरिने
- न्यूनतम ज्याला निश्चित गरी 'कमाउँदै पढ्दै' नीति लागू गरिने
- इन्टर्नलाई स्टार्टअपमा संलग्न गराई कार्यघण्टाको ज्याला दिने
- उद्यम गर्न चाहनेलाई लक्षित गरी नयाँ 'पाइलट प्रोजेक्ट' ल्याइने
- स्वास्थ्य बिमा प्रणाली एकीकृत गर्ने
- काठमाडौंमा अत्याधुनिक राष्ट्रिय न्युरो साइन्स केन्द्र स्थापना गरिने
- विश्वविद्यालयको सहकार्यमा शिक्षा बैंक स्थापना गरिने
- निजी र सरकारीको पाठ्यपुस्तकमा एकरूपता ल्याइने
- सूचना प्रविधि पूर्वाधार विस्तार गरी डिजिटल बैंक स्थापना गर्ने
- नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमीलाई स्टार्टअप कर्जा कार्यक्रम
- अन्तर्राष्ट्रिय पदक प्राप्त खेलाडी र तिनका सन्ततिलाई छात्रवृत्ति
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको नाम फेरेर राष्ट्रिय एकीकृत कृषि आधुनिकीकरण कार्यक्रम बनाइने
- प्रधानमन्त्री कार्यालयलाई 'सेन्टर अफ एक्सिलेन्स' बनाइने
- एसेम्बल उद्योग विस्तार गरी आयात प्रतिस्थापन र निर्यात अभिवृद्धि

बलियो सरकारको अनुभूति हुने 'डिपार्चर'का कार्यक्रम आएनन्



● **प्राडा पुष्कर बज्राचार्य**, अर्थशास्त्री

भएभरको जम्मै गर्ने भनेर पुरानै कार्यक्रम दोहोरिएका छन् । अहिलेको नीति तथा कार्यक्रमले कहाँसम्म र कसरी पुग्न सकिन्छ भन्ने संकेतसमेत गरेको छैन । भन्डै दुईतिहाइको एकदम बलियो सरकार छ । अर्थतन्त्रलाई डिपार्चर नै गर्छ भन्ने अपेक्षा थियो । डिपार्चर हुने गरी कुनै नयाँ कार्यक्रम नै आएनन् । थोरै भए पनि त्यसको संकेत त दिन सक्नुपर्थ्यो । उदाहरणका लागि उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउने भनिएको छ । त्यसका लागि ठुलो रकम लगानी हुन्छ । राजस्व कम भएर स्रोत दबाब भएका वेलामा कसरी स्रोत जुटाउने भन्ने विश्वस्त आधार दिएर ल्याउन सक्नुपर्थ्यो । यत्तिको बलियो सरकारले उत्साहित हुने, आशा जगाउने खालको नीति तथा कार्यक्रम ल्याउन सकेन ।

नीति कार्यक्रम आशा जगाउने खालको छैन



● **डा. बाबुराम भट्टराई**, पूर्वप्रधानमन्त्री

अर्थतन्त्र र सुशासनको क्षेत्रमा प्राथमिकता दिनुपर्ने हो । तर, सरकार सबैलाई खुसी पार्छु भन्ने ढंगले आयो, त्यो सम्भव छैन । आर्थिक क्षेत्रमा गुणात्मक महत्त्वको परिवर्तनको कुरा आउँछ कि भन्ने अपेक्षा थियो, तर विगतको निरन्तरतामै सीमित भयो । सुधारका निम्ति आशा जगाउने खालको नीति तथा कार्यक्रम छैन । सुशासन कायम गर्ने अंगहरूलाई बलियो बनाउँछौं, सुधार गर्छौं भन्न सक्नुपर्थ्यो, त्यो पनि छैन ।

● **डा. प्रकाशशरण महत**, पूर्वअर्थमन्त्री



साहसिक किसिमका नीतिगत प्रतिबद्धता आएको भए राम्रो हुन्थ्यो । अर्थतन्त्र चलायमान गर्न प्राथमिकीकरणलाई अझ जोड दिनुपर्थ्यो ।

● **वर्षमान पुन**, पूर्वअर्थमन्त्री



सरकारको नीतिमा गन्तव्य स्पष्ट देखिएन । सुशासनको छाँटकाँट छैन । सत्तापक्षले समेत उत्साह देखाउने यी कार्यक्रम छन् भन्ने अवस्था देखिएन ।

● **महेश बर्तौला**, प्रमुख सचेतक, एमाले



नीति तथा कार्यक्रमले विद्यमान आर्थिक समस्याको समाधानमा बाटो दिन खोजेको छ । जनतामा रहेको निराशालाई आशामा रूपान्तरण गर्न मद्दत पुऱ्याउँछ ।

● **डा. स्वर्णिम वाग्ले**, नेता, रास्वपा



एकदमै थाकेको अल्ली सरकारले ल्याएको बासी कार्यक्रम हो । भूमि बैंकदेखि अन्य धेरै असफल भइसकेका कार्यक्रम दोहोरिएका छन् ।

■ कोशी लगानी सम्मेलन

डेढ खर्बका ४६ परियोजनामा एमओयू

पौने दुई खर्ब लागतका ७१ आयोजनामा लगानी आह्वान भएकामा एक खर्ब ५२ अर्बका परियोजना अघि बढाउन निजी क्षेत्रले देखायो चासो, एमओयू भएका परियोजना छिट्टै अगाडि बढाउन सरकारले तदरुकताका साथ सहजीकरण गर्ने मुख्यमन्त्रीको प्रतिबद्धता

विराटनगरमा **गणेश लम्साल**

कोशी प्रदेशको पहिलो लगानी सम्मेलनमा एक खर्ब ५२ अर्ब १६ करोड रुपैयाँ लागतका ४६ परियोजनामा लगानीका लागि समझदारीपत्र (एमओयू) भएको छ ।

विराटनगरमा दुई दिन सञ्चालित सम्मेलनको अन्तिम दिन शुक्रबार सार्वजनिक-निजी साझेदारीका २७ परियोजनामा एक खर्ब ३५ अर्ब २० करोड र निजी क्षेत्रका १९ परियोजनामा १६ अर्ब ९६ करोड लगानीका लागि एमओयू भएको हो । उद्योगका १२ परियोजनामा ६६ अर्ब ८७ करोड, पूर्वाधारका नौ परियोजनामा ३८ अर्ब ४१ करोड, पर्यटनका १० परियोजनाका ३४ अर्ब १९ करोड, ऊर्जाका तीन परियोजनामा आठ अर्ब ६२ करोड, कृषिका आठ परियोजनामा तीन अर्ब, फोहोरमैला व्यवस्थापनका दुई परियोजनामा ६० करोड र सूचना प्रविधिका

» पृष्ठ २ मा क्रमशः



डा. सरोज कोइराला, कार्यकारी निर्देशक, कोशी प्रदेश लगानी प्राधिकरण



सम्झौता भएका परियोजना अगाडि बढाउन प्रदेश सरकारले भूमिका खेल्नेछ । निजी लगानी प्रवर्द्धनका लागि यसअघि नै कार्यविधि बनाएका छौं, त्यहीअनुसार जान्छौं ।

■ एमओयू भएका ४६ परियोजना

क्लिंकर उद्योग (उदयपुर)	३२ अर्ब
हरित युरिया उत्पादन (सुनसरी र उदयपुर)	२६ अर्ब
सुरुंगा-इलाम-सन्दकपुर पोडवे (ताप्लेजुङ)	२५ अर्ब
बराह क्षेत्र केबुलकार (धनकुटा, सुनसरी)	१६ अर्ब
मुर्कुची-हर्लेंसी पोडरेल-केबुलकार (खोटाङ)	१० अर्ब
एग्रोभोल्टिक सोलार (उदयपुर)	५ अर्ब ६० करोड
कोशी पोडवे परियोजना (मोरङ)	५ अर्ब
बर्जु ताल पर्यटन परियोजना (सुनसरी)	४ अर्ब २८ करोड
विद्युतीय सवारी एसेम्बली प्लान्ट (मोरङ)	३ अर्ब
आरआर इन्टरनेसनल हस्पिटल (मोरङ)	२ अर्ब ४८ करोड
रोयल टन होटेल (मोरङ)	२ अर्ब ३३ करोड
एक्सिस हस्पिटालिटी पाँचतारे होटेल (मोरङ)	२ अर्ब ३० करोड
बायो-इथानल उत्पादन (धनकुटा-उदयपुर)	२ अर्ब
विराटनगर पाँचतारे होटेल (मोरङ)	१ अर्ब ७५ करोड
पशुपति ऊर्जा परियोजना (सुनसरी)	१ अर्ब ६० करोड
पाँचखपन जलविद्युत् परियोजना (संखुवासभा)	१ अर्ब ४२ करोड
हर्बल प्रोसेसिङ प्लान्ट परियोजना (मोरङ)	१ अर्ब १६ करोड

» पृष्ठ २ मा क्रमशः

झ्रङ्नयाँ

अभूतपूर्व चीन असाधारण चिनियाँ



यात्रा संस्मरण

● प्रवीन कुलुङ राई

सफल हुँला, तर सन्तुष्ट छैन



आत्मसमीक्षा

● विपिन कार्की, अभिनेता

एकैपटक ठुलो सपना देख्दा पूरा नहुने रहेछ, ससाना सपना बढाउँदै जानुपर्ने रहेछ

■ ओडिसामा नेपाली छात्राको मृत्यु प्रकरण

प्रिसाका बाबु भन्छन्- दिउँसो ३ बजे छोरीसँग फोनमा कुरा गरेँ, राति ८ बजे मृत्युको खबर आयो

वीरगन्जमा **तिवारी यादव**

भारतको ओडिसास्थित कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (किट) विश्वविद्यालयमा अध्ययनरत नेपाली छात्रा प्रिसा साह बिहीबार दिउँसोसम्म ठिकठाक थिइन् । उनले दिउँसो मात्र नेपालमा रहेका बुबा श्यामलाल साह कलवारसँग फोनमा कुरा गरेकी थिइन् । 'छोरीसँग दिउँसो ३ बजे फोनमा कुरा भएको थियो, एकदम प्रेमसँग कुरा भएको थियो, कुनै असामान्य व्यवहार देखाइनन्,' छोरीको मृत्युको खबरपछि शुक्रबार राति ओडिसाको भुवनेश्वर पुगेका श्यामलालले भने, 'राति ८ बजे मृत्युको खबर आयो ।'



प्रिसा साह

श्यामलालले स्थानीय प्रहरी र विश्वविद्यालयसँग घटनाको निष्पक्ष छानबिनको माग गरेको ओडिसाबाट सञ्चालित ओडिसाटिभीको अनलाइन संस्करणमा उल्लेख छ । ओडिसा

» पृष्ठ २ मा क्रमशः



प्रिसा साहको परिवार बस्दै आएको वीरगन्ज महानगर- १५ भिस्वास्थित घर । किटमा बिटेक प्रथम वर्षमा अध्ययनरत प्रिसा विश्वविद्यालयको होस्टेलमा बिहीबार साँझ मृत भेटिएकी थिइन् । बुबा, आमा र भाइ ओडिसा हिँडेपछि घरमा ताला लागेको छ ।

■ किट विश्वविद्यालयका विद्यार्थीको सुरक्षामा नेपालको चासो, भारतको प्रत्याभूति

किट विश्वविद्यालयमा अध्ययनरत नेपाली छात्रा प्रिसा साहको मृत्यु प्रकरणपछि नेपाल सरकारले विद्यार्थीको सुरक्षा प्रत्याभूतिमा चासो जनाएको छ । परराष्ट्र मन्त्रालयले किटमा अध्ययनरत नेपाली विद्यार्थीको सुरक्षा प्रत्याभूतिका लागि समन्वय गरिरहेको जनाएको छ । किटमा करिब ४० हजार विद्यार्थी अध्ययनरत छन्, तीमध्ये नेपाली विद्यार्थीको संख्या कम्तीमा १२ सय छ ।

भारतीय विदेश मन्त्रालयले पनि विदेशी विद्यार्थीको सुरक्षा, हितमा सरकार गम्भीर भएको र यसका लागि ओडिसा राज्य सरकारसँग समन्वय भइरहेको जनाएको छ । 'यस दुःखद घटनाका सम्बन्धमा स्वतन्त्र एवं निष्पक्ष अनुसन्धान हुन तथा उक्त शैक्षिक संस्थामा अध्ययनरत सम्पूर्ण नेपाली विद्यार्थीको सुरक्षा प्रत्याभूतिका लागि मन्त्रालयले आवश्यक समन्वय गरिरहेको छ,' परराष्ट्रद्वारा शुक्रबार साँझ जारी विज्ञप्तिमा भनिएको छ । घटनाबारे नेपाली दूतावास, भारतीय विदेश मन्त्रालय, ओडिसा राज्य सरकारका सम्बद्ध निकायलगायतसँग निरन्तर समन्वय भइरहेको परराष्ट्रले जनाएको छ । भारतीय विदेश मन्त्रालयले नेपाली छात्राको मृत्युको घटनामा दुःख व्यक्त गर्दै घटनाको जाँचबुझका लागि ओडिसा राज्य सरकारसँग समन्वय भइरहेको पनि उल्लेख गरेको छ । अन्तर्राष्ट्रिय विद्यार्थीको हित, सुरक्षा र सकुशलतालाई विदेश मन्त्रालयले गम्भीरतापूर्वक लिएको पनि मन्त्रालयले स्पष्ट पारेको छ ।

कुलेखानी-सिस्नेरी सडक बर्खाअघि नै सञ्चालनमा आउने



मकवानपुरमा **पोष्टराज अधिकारी**

गत १० र ११ असोजको अविरल वर्षाका कारण क्षतिग्रस्त कुलेखानी-सिस्नेरी-दक्षिणकाली सडक बर्खाअघि नै सञ्चालनमा आउने भएको छ । प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजनामार्फत ठेक्का लागेर काम भइरहेको सडकखण्डको पुनर्निर्माण तथा स्तरोन्नतिको काम अहिले धमाधम भइरहेको छ ।

गत असोजको अविरल वर्षाका कारण सडकखण्डको तीन स्थानमा पुल र सडक बगाएको थियो । भारी वर्षासँगै कुलेखानी भरिएपछि

» पृष्ठ २ मा क्रमशः

आवासीय...

पृष्ठ १ बाट क्रमशः

सञ्चालकहरूको स्वार्थअनुसार सरकारले एमबिबिएस र बिडिएसमा तहमा सिट संख्या थप्ने र शुल्क बढाउन प्राविधिक समिति नै गठन गरिसकेको छ।

काठमाडौं मेडिकल कलेज (केएमसी), विराट मेडिकल कलेज, नोबल मेडिकल कलेज, सिएमसी मेडिकल कलेजलगायतले आन्दोलनरत आवासीय चिकित्सकलाई कलेज, अस्पताल प्रवेशमै रोक लगाएका हुन्। आफूहरूलाई परीक्षामा सामेल नै नगराउने धम्कीसमेत दिएको चिकित्सकहरूले बताएका छन्।

केएमसीका आवासीय चिकित्सक डा. सरोज कार्कीले आफूहरू आन्दोलनकै बिचमा पढ्दै र काम गर्दै आइरहे पनि अस्पताल प्रवेश गर्न रोक लगाइएको बताए। 'पिजी दोस्रो वर्षमा अध्ययनरत छु, शुक्रबार मलगायत साथीहरू कलेजमा जाँदा फर्किएर आउनुपर्ने अवस्था भयो। तपाईंहरू नआउनुस् भनेर प्रशासनले भनेपछि फर्कियौँ,' उनले भने, 'सबै निजी मेडिकल कलेजले हामीलाई चार महिनासम्म प्रवेश गर्न नदिने योजना बनाएका रहेछन्।' केएमसीमा ११९ जना आवासीय चिकित्सक छन्।

विराटनगरको विराट मेडिकल कलेजले पनि शुक्रबार १५-२० जना आवासीय चिकित्सकलाई कलेज प्रवेश गर्न नदिई फर्काएको छ। त्यस्तै, नोबल मेडिकल कलेज, सिएमसी मेडिकलले पनि फर्काएको आवासीय चिकित्सकको आन्दोलनको नेतृत्व गरिरहेका डा. शेषराज घिमिरेले बताए। 'हामीले त सरकारले तोकेको निर्वाह भत्ता मागेका हौँ, तर अहिले हाम्रा साथीहरूलाई काममै जान नदिने वातावरण भएको छ, यसमा हाम्रो आपत्ति छ,' उनले भने। आवासीय चिकित्सक आन्दोलनमा उत्रिएपछि अन्य मेडिकल अधिकृत राखेको प्रतिक्रिया कलेजले दिन थालेका छन्।



नेपाल चिकित्सक संघका अध्यक्ष डा. अनिलविक्रम कार्कीले आवासीय चिकित्सकलाई काममा फर्कन नदिने, धम्की दिने, परीक्षा रोकिदिने चेतावनी सह्य नहुने बताए। सरकारी निर्णय कार्यान्वयन नगर्नेमाथि कारबाही गर्न उनले माग गरे। 'सरकारी निर्णय नमान्ने निजी मेडिकल कलेजले अझ चिकित्सकलाई धम्की दिने, परीक्षा रोकिदिने र तनाव दिने काम गरेका छन्,' उनले भने, 'यदि सरकारले निजी मेडिकल कलेजलाई पक्षपोषण गर्दै जाने हो भने आवासीय चिकित्सक मारमा पर्छन्, त्यसको असर आमनागरिकको स्वास्थ्य, उपचारमा पर्न सक्छ।' उनले आवासीय चिकित्सकलाई सरकारले काममा फर्किने सहज वातावरणको ग्यारेन्टी गरिनुपर्ने बताए।

केएमसी अस्पतालका प्रशासन प्रमुख नारायण दाहालले भने आवासीय चिकित्सकलाई अवरोध नगरिएको दाबी गरे। 'उहाँहरू आन्दोलनमा जानुभएको हो, काम गर्नुभएको छैन र हामीले अस्पताल प्रवेशमा अवरोध पनि गरेका होइनौँ,' उनले भने, 'सिट बढेपछि तलब पनि बढ्छ।'

त्यस्तै, निजी मेडिकल कलेजको छाता संगठन एसोसिएसन अफ प्राइभेट मेडिकल एन्ड डेन्टल कलेज अफ नेपाल आफैँले गरेको निर्णय कार्यान्वयनमा अटेर गरिरहेको छ। १४ वैशाखमा निजी मेडिकल कलेज सञ्चालकको बैठकले आवासीय चिकित्सकलाई सरकारले तोकेको निर्वाह भत्ता दिने निर्णय गरेका थिए। तर, हालसम्म पनि भत्ता दिएका छैनन्। आयोजका पदेन सदस्यसमेत रहेका विराट मेडिकल कलेजका सञ्चालक ज्ञानेन्द्रमानसिंह कार्कीले सो निर्णयमा हस्ताक्षर गरेका छन्। तर, आवासीय चिकित्सकलाई हालसम्म पनि निर्वाह भत्ता दिन अटेरी गर्दै आइरहेका छन्।

डेढ खर्बका...

पृष्ठ १ बाट क्रमशः

दुई परियोजनामा ४७ करोडका परियोजनामा एमओयू भएको प्रदेश लगानी प्राधिकरणका कार्यकारी निर्देशक डा. सरोज कोइरालाले बताए। मुख्यमन्त्री हिक्मतकुमार कार्कीको उपस्थितिमा कार्यकारी निर्देशक कोइराला र लगानीकर्ताबिच एमओयू भयो। प्रदेश सरकारले एक खर्ब ७३ अर्ब ४९ करोडका ७१ वटा परियोजना सोकेस गरेको थियो।

प्राधिकरणका अनुसार लगानीको एमओयू गर्ने सबै स्वदेशी लगानीकर्ता हुन्। 'वैदेशिक लगानी संघ सरकारको क्षेत्राधिकारभित्र पर्छ, प्रदेशले स्वदेशी लगानी भित्र्याउँछ,' कार्यकारी निर्देशक कोइरालाले भने, 'एमओयू भएका परियोजना अगाडि बढाउन प्रदेश सरकारले भूमिका खेल्नेछ। निजी लगानी प्रवर्द्धनका लागि यसअघि नै कार्यविधि बनाएका छौँ, त्यहीअनुसार जान्छौँ।'

लगानी सम्मेलनमा एमओयू भएको सर्वाधिक ठुलो लगानीको उदयपुरस्थित क्लिंकर उद्योग हो। यो उद्योगमा ३२ अर्ब लगानी हुने अनुमान छ। त्यसपछिको ठुलो परियोजना सुनसरी र उदयपुरमा हरित हाइड्रोजन हो। २६ अर्बको यो परियोजनामा पनि एमओयू भएको छ। लगानीका लागि एमओयू भएका परियोजनामा पाँचतारे होटेल, रिसोर्ट, अस्पताल, सपिङ कम्प्लेक्स, बसपार्क, पार्क, पर्यटकीय ताल, विद्युतीय गाडी एसेम्बल प्लान्ट, क्लिंकर उद्योग, वाटरपार्क, हाउजिङ, फोहोर व्यवस्थापन, डिजिटल डाटा सेन्टर, केबलकार, पोडवे, कोल्ड स्टोर, बेसार उद्योग, चिया उद्योग, छुर्पी उद्योग, किबी र एभोकाडो खेती, जडीबुटी उद्योगदेखि कोदोको रक्सी उत्पादनसम्म छन्। सम्मेलनमा लगानी सम्झौता भएका कतिपय परियोजना निर्माण सुरु भइसकेका छन्। लगानी सम्झौता भएका परियोजना मोरङ, सुनसरी, धनकुटा, उदयपुर, सोलु, झापा, ताप्लेजुङ, इलाम, खोटाङ जिल्लाका हुन्।

किआन एग्रिकल्चर उद्योग	एक अर्ब
रासाताल पर्यटन परियोजना (सुनसरी)	८० करोड
नेपाली चिया तथा कफी (झापा)	८० करोड
एभोकाडो खेती तथा प्रशोधन उद्योग (धनकुटा)	६४ करोड
जैविक मल उत्पादन तथा अनुसन्धान केन्द्र (झापा)	६० करोड
बिग हाउजिङ एन्ड कन्स्ट्रक्सन (झापा)	६० करोड
सहरी फोहोर व्यवस्थापन (झापा)	५० करोड
ग्रिन यार्ड एग्रो फार्म (उदयपुर)	४५ करोड
कोदाको रक्सी परियोजना (पहाडी जिल्लाहरू)	४० करोड
काँकडभिट्टा बहुमन्जिले बस टर्मिनल (झापा)	४० करोड
राजा ताल पर्यटन (धनकुटा)	३५ करोड
भेडेटार बहुउद्देश्यीय कम्प्लेक्स (धनकुटा)	३० करोड
सिट्रस फलफूल खेती, प्रशोधन उद्योग (धनकुटा)	२७ करोड
शिवशक्ति बायोटेक (मोरङ)	२७ करोड
किबी खेती, प्रशोधन उद्योग (धनकुटा)	२५ करोड
वाटर पार्क परियोजना (सुनसरी)	२५ करोड
डिजिटल डाटा सेन्टर (सुनसरी)	२५ करोड
रानी ताल पर्यटन परियोजना (मोरङ)	२३ करोड
देउमाई कफी खेती (इलाम)	२२ करोड
डिजिटल कोशी परियोजना (प्रदेशभरि)	२२ करोड
प्रेसिडेन्ट एग्रोटेक (सुनसरी)	२० करोड
बरुवा व्यावसायिक भवन तथा बसपार्क (उदयपुर)	१८ करोड
छुर्पी परियोजना (झापा)	१८ करोड
भेडेटार एसियाटिक रिसोर्ट (सुनसरी)	१८ करोड
बेसार उत्पादन तथा प्रशोधन (सुनसरी)	१९ करोड
बुढीगंगा पार्क परियोजना (मोरङ)	१७ करोड
कोल्ड स्टोरेज-चेम्बर परियोजना (सुनसरी)	१५ करोड
फोहोर व्यवस्थापन केन्द्र (सुनसरी)	१० करोड
एग्रो प्रोसेसिङ सेन्टर (सुनसरी)	९ करोड

कुलेखानी...

पृष्ठ १ बाट क्रमशः

'ओभर फ्लो' रोक्न गेट खोल्दा बाढीले इन्द्रसरोवर गाउँपालिका- २ स्थित कुलेखानी ड्यामको तल्लो भागमा रहेको सिमखोलाको पुलसँगै सडकखण्डको दुई स्थानमा करिब १२ सय मिटर सडक बगाएको थियो। जसमध्ये कुलेखानी जलाशयमुनिको सिमखोला पुलमा क्षति पुग्नुको साथै पहुँचमार्ग बगाएको थियो। यसैगरी, इन्द्रसरोवर गाउँपालिका- ३ एकान्तकुना लामाबगरमा ७०० मिटर र इन्द्रसरोवर-२ डोडारे (सिस्नेरी बजार) मा ५०० मिटर सडक बगाएको थियो। पुल र सडक बगाएसँगै सडकखण्डमा खोलाबाट डाइभर्सन गरेर हेटौँडा-काठमाडौं आउजाउ गर्ने सवारीसाधन सञ्चालन भइरहेको छ।

अहिले सिस्नेरी बजार क्षेत्र र ज्यामिरे खण्डको सडकलाई पुरानै अवस्थामा फर्काउने गरी काम भइरहेको छ। दुई स्थानमा प्लम्प वालसहित मेसिनरी वाल लगाएर सडकको ट्र्याक निर्माणको काम भइरहेको छ। कुलेखानी ड्याममुनि सिमखोलामा बेलिब्रिज हाल्ने काम अघि बढाइएको छ।

सडकअन्तर्गतको ज्यामिरे र सिस्नेरी खण्डका लागि दुईवटा ठेक्का सम्झौता भई काम भइरहेको बागमती प्रदेशका भौतिक पूर्वाधार मन्त्रालयका सचिव अमृत श्रेष्ठले बताए। उनका अनुसार ज्यामिरे खण्डमा हालसम्मको अवस्थामा ३८ प्रतिशत र सिस्नेरी खण्डमा ४२ प्रतिशतभन्दा बढी निर्माण सकिएको छ। अहिलेकै अवस्थामा निर्माणकार्यले तीव्रता पाए १५ जेठसम्ममा सडक निर्माण हुने उनले दाबी गरे।

संविधान संशोधन अगाडि बढाउने, राजावादी गतिविधिको प्रतिरोध गर्ने

नयाँ पत्रिका

कांग्रेस-एमालेले सत्तासमीकरणका लागि गरेको सातबुँदे सहमतिअनुसार संविधान संशोधनको काम अगाडि बढाउने प्रतिबद्धता सरकारले जनाएको छ। राजावादीहरूतर्फ इंगित गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाविरुद्ध हुने गतिविधिहरूको भने प्रतिवाद गर्ने बताएको छ।

'संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण गर्ने, यसका विरुद्ध हुने कुनै पनि प्रकृतिका प्रतिगामी-पुनरुत्थानवादी अराजक गतिविधिको प्रतिवाद गर्ने,' सरकारका तर्फबाट राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार सदनमा प्रस्तुत गरेको आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रममा भनिएको छ।

अघिल्लो ३० असारमा कांग्रेस र एमालेले सरकार बनाएपछि आएको पहिलो नीति तथा कार्यक्रममा सातबुँदे सहमतिको प्रतिबद्धता समेट्दै संविधानको सबल पक्ष सुदृढ गर्दै कार्यान्वयनका क्रममा देखिएका त्रुटि सच्याउन संशोधन प्रक्रिया अगाडि बढाउने घोषणा गरेको छ। 'संविधानको समीक्षा गर्ने, यसका सबल पक्षलाई सुदृढ गर्ने र कार्यान्वयनको क्रममा देखिएका कमी-कमजोरी सच्याउन सहमतिको आधारमा संशोधन प्रक्रिया अगाडि बढाउने,' १५५ बुँदे सरकारी कार्यक्रमको सुरुवातमै भनिएको छ।

सरकार सञ्चालनका लागि गठित उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा संविधान संशोधनको विषयले प्रवेश पाउँदै आए पनि नीतिगत प्रतिबद्धतासहितको निर्णयबाहेक अरू काम भने अगाडि बढेको छैन। २ फागुनमा बसेको संयन्त्रको बैठकले संविधान संशोधनसम्बन्धी कार्यदल बनाउने नीतिगत निर्णय गरेको थियो। दुई दलसहित सत्तागठबन्धनमा रहेका दलका प्रतिनिधि र आवश्यकताअनुसार विज्ञसमेत राखेर कार्यदल बनाउने नेताहरूले बताउँदै आए पनि त्यहाँ रहने नामको भने टुंगो लागिसकेको छैन।

त्यस्तै, नीति तथा कार्यक्रममा पूर्वराजा ज्ञानेन्द्रका गतिविधि, राजसंस्था फर्काउने राप्रपासहित पूर्वराजावादी समूहहरूका गतिविधि इंगित गर्दै प्रतिवाद गर्ने तथा स्थायित्वको प्रत्याभूति दिलाउने प्रतिबद्धता जनाइएको छ।

त्यस्तै, संयुक्त सरकारको न्यूनतम साझा प्रतिबद्धता र प्राथमिकतालाई केन्द्रमा राखी साझा संकल्पका साथ सुशासन प्रवर्द्धन गर्न र तीव्र आर्थिक विकास हासिल गर्न सरकार कटिबद्ध रहेको तथा लोकतन्त्रका उपलब्धि रक्षा गरिने प्रतिबद्धता जनाइएको छ।

'समाजमा वेलावेलामा प्रकट हुने नकारात्मक सोचको दोहन गरी संविधान र व्यवस्थाप्रति अफवाह फैलाई अराजकता सिर्जना गर्ने पक्षविरुद्ध संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै नेपाली जनताको बलिदान, संघर्ष र आन्दोलनले ल्याएको दूरगामी महत्त्वका उपलब्धिहरूको रक्षा गर्न यो सरकार दृढ छ,' नीति तथा कार्यक्रममा भनिएको छ।

त्यस्तै, विकास निर्माणका क्रममा देखापरेका कमी-कमजोरीलाई सुधार गर्न विकासको ढाँचा, गति र संस्कृति फेर्ने प्रतिबद्धता पनि नीति तथा कार्यक्रममा उल्लेख छ। 'विगतमा विभिन्न सरकारद्वारा घोषणा गरिएका भौतिक पूर्वाधार क्षेत्रका सबै परियोजनाको पुनः प्राथमिकीकरण गर्ने। परियोजनालाई वर्गीकरण गरी आर्थिक वर्ष ०८२/८३ मा सम्पन्न हुने र यस संसद्‌को अवधिभित्र सम्पन्न हुने गरी समय-तालिका निर्धारण गर्ने,' नीति तथा कार्यक्रममा भनिएको छ, 'निर्माणाधीन तथा निर्माण गर्नुपर्ने सबै परियोजनाका लागि आवश्यक स्रोतको आकलन गरी सम्पन्न हुने सम्भावना नभएका परियोजना स्थगन गर्ने र त्रुटिपूर्ण परियोजना खारेजसमेत गर्ने।'

बलियो...

पृष्ठ १ बाट क्रमशः

२२ वैशाखदेखि दुवै सभामा सरकारी कार्यक्रममाथि छलफल सुरु हुनेछ। नीति तथा कार्यक्रममै आधारित रहेर सरकारले आगामी आर्थिक वर्षको बजेट ल्याउनेछ।

देशको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा सबैभन्दा धेरै २५.१६ प्रतिशत योगदान गर्ने कृषि क्षेत्रमा आशा जगाउने नयाँ कार्यक्रम छैनन्। भूमि, कृषि सामग्री, बिमा, खरिद सम्झौता र बजारलगाय क्षेत्रमा उद्यम गर्न चाहनेलाई लक्षित गरी नयाँ पाइलट परियोजना ल्याउने नीति लिइएको छ। तर, यसअघिदेखि नै सञ्चालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम, फलफूल उत्पादनका लागि पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना, लाइभस्टक सेक्टर इन्नोभेसन आयोजनालगायत कार्यक्रमले प्रतिफल दिन सकिरहेका छैनन्। यी परियोजनाको नियमन गरेर किसानमैत्री बनाउनुको सट्टा अर्को पाइलट प्रोजेक्ट सुरु गर्ने नीति सरकार अघि सारेको छ।

मध्यपहाडी, मदन भण्डारी, बिपी र हुलाकी राजमार्गको छेउछाउमा खेती गरेर हरित व्यवसायमा आधारित आर्थिक मार्ग बनाइने कार्यक्रम भने नयाँ हो। यसका अलवा परियोजना धितो राखेर ऋण लिने, मल कारखाना स्थापनाका लागि अध्ययन गर्ने, बाँझो जमिनको उपयोग, समर्थन मूल्य तोक्ने र बाली खरिद गर्ने, कृषि प्रयोगशालाको स्तरोन्नति गर्ने पुरानै कार्यक्रम हुन्। वर्षौंदेखिका यी योजनामा खासै प्रगति पनि छैन।

नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमीलाई प्रोत्साहित गर्न स्टार्टअप कर्जा कार्यक्रम विस्तार गर्ने सरकारको योजना छ। विद्यार्थीलाई स्थानीय तहदेखि केन्द्रसम्मको सरकारी सेवाको इन्टर्नमा लगाउने भनिएको छ। बढीमा हप्तामा २० घण्टा कामको ज्याला निश्चित गरी 'कमाउँदै पढ्दै'को कार्यक्रम अघि सारिएको छ। ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्ने पनि घोषणा छ।

औद्योगिक वातावरण निर्माणका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने पुरानै नीति सरकारले अघि सारेको छ। एसेम्बल उद्योगलाई छुट, सुविधा र सहुलियत दिने यसअघिकै नीतिअनुसार दर्जनभन्दा बढी अटोमोबाइल उद्योग खुलिसकेका छन्। स्टार्टअपको विस्तार गर्ने, इकमर्स व्यापारको विकास गर्ने, विशेष आर्थिक क्षेत्रमा उद्योग स्थापनाका लागि आकर्षित गर्नेलगायत पुरानै नीतिलाई निरन्तरता दिइएको छ।

जीर्ण सार्वजनिक संस्थानको सम्पत्तिलाई समेत बिक्री गर्ने उद्देश्यले निजीकरण गर्न प्रयास गरिरहेको सरकारले यसलाई आफ्नो कार्यक्रममा पनि समेटेको छ। आगामी बजेटमार्फत जीर्ण संस्थान निजीकरण गर्ने बाटो खुलाइएको छ।

अर्थतन्त्रको मेरुदण्ड मानिने पर्यटन क्षेत्रमा पनि अधिकांश पुरानै कार्यक्रम छन्। सबैभन्दा धेरै विदेशी मुद्रा भित्र्याउनेमध्येका एक राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्स सुधार गर्न सरकारले कहिल्यै प्राथमिकता दिएन। तर, विगतमा जस्तै यसपटक पनि वायुसेवा निगम सुधार गर्ने विषय भने नीति कार्यक्रममा समेटिएको छ।

नागरिक उड्डयन प्राधिकरणलाई टुक्र्याएर हवाई सेवा सुरक्षित, सुलभ र पहुँचयोग्य बनाउने घोषणा गरिएको छ। संसद्‌मा यससम्बन्धी विधेयक दर्ता पनि भइसकेको छ। हाल एउटा रहेको निकाय कानुन बनेर दुईवटामा विभाजित भएको खण्डमा भने हवाई सेवा तुलनात्मक रूपमा सुरक्षित हुने अपेक्षा छ। वार्षिक ठुलो संख्यामा गुणस्तरीय पर्यटक भित्र्याउने र उनीहरूको बसाइ लम्ब्याउने योजना भने सरकारसँग छैन।

निजी क्षेत्रलाई प्रसारणलाइन निर्माणमा सहभागी गराउने नयाँ नीति लिए पनि कार्यान्वयन जटिल छ। उत्पादित बिजुली निर्यात गर्ने, खपत वृद्धिका लागि ठुला विकासे परियोजना सञ्चालनमा ल्याउनुपर्ने दिशमा सरकारले ध्यान दिएको देखिँदैन।

पुँजीगत खर्च गर्न निरन्तर असफल भइरहेको संयन्त्रलाई चुस्त बनाउन पनि नीति कार्यक्रममा ध्यान दिइएको छैन। पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई सघाउने नयाँ घोषणा छ। सूचना प्रविधितर्फ आफ्नै भूउपग्रह सञ्चालन गर्ने र सामाजिक सञ्जाललाई नियमन गर्ने विषय दोहोर्‍याइएको छ।

दर्जनभन्दा बढी नयाँ संस्थान तथा निकाय थपिने

फजुल खर्च रोक्न अनावश्यक संरचना खारेज गर्ने, गाभ्ने र हस्तान्तरण गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ। तर, एक दर्जनभन्दा बढी नयाँ संरचनाका संस्थान एवं निकाय स्थापना गर्ने कार्यक्रम अटाएका छन्।

परियोजना लगानीको आवश्यकता पूरा गर्न वैकल्पिक वित्त कोष स्थापना गरिने उल्लेख छ। एक खर्ब रुपैयाँ अधिकृत पुँजीको कोष सञ्चालन गर्नलाई विधेयक तयार गरी संसद्‌मा पेस भइसकेको छ। यो विधेयक चालू अधिवेशनबाट पारित गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ। त्यस्तै, बैंक तथा वित्तीय संस्थाको गैरबैंकिङ सम्पत्ति र खराब कर्जा व्यवस्थापनका लागि सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना गर्ने सरकारको घोषणा छ। नगदरहित वित्तीय कारोबार अभिवृद्धि गर्न डिजिटल बैंक स्थापना गर्ने पनि उल्लेख छ।

त्यस्तै, जग्गाको उपलब्धता सुनिश्चित गर्न भूमि बैंक सञ्चालनमा ल्याउने भनिएको छ। प्रदेश, स्थानीय तह र निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा सबै प्रदेशमा व्यवसाय संवर्द्धन केन्द्र स्थापना गर्ने उल्लेख छ। सहकारी ऋण सूचना, बचत सुरक्षण तथा ऋण असुली न्यायाधिकरण स्थापना गर्ने पनि उल्लेख छ। कृषि मल कारखाना खोल्ने पनि भनिएको छ।

विकट भौगोलिक क्षेत्रलाई लक्षित गरी आवासीय विद्यालय खोल्ने र विश्वविद्यालयसँगको सहकार्यमा शिक्षक बैंकको स्थापना गर्ने, स्वास्थ्य सेवाको गुणस्तर नियमन गर्न राष्ट्रिय गुणस्तर प्रत्ययन प्राधिकरण स्थापना गरिने सरकारी कार्यक्रममा छ। काठमाडौंमा अत्याधुनिक राष्ट्रिय न्युरो साइन्स केन्द्र, विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय र राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापना गरिनेछ।

खर्च कटौतीका लागि निर्माणाधीन तथा निर्माण गर्नुपर्ने सबै परियोजनाका लागि आवश्यक स्रोतको आकलन गरी सम्पन्न हुने सम्भावना नभएका परियोजना स्थगन गर्ने र त्रुटिपूर्ण परियोजना खारेजसमेत गर्ने उल्लेख छ। तर, खर्च कटौतीका ठोस संरचना र क्षेत्र भने उल्लेख गरिएका छैनन्।

नौवटा निकाय र संस्थान पुनर्संरचना गरिने

सरकारले नौवटा निकाय र दुई कार्यक्रमको पुनर्संरचना गर्ने घोषणा गरेको छ। अढाई वर्षदेखि अर्थ मन्त्रालयमा थन्किएर बसेको नेपाल स्टक एक्सचेन्जको पुनर्संरचना गर्ने विषय नीति तथा कार्यक्रममा समेटिएको छ। स्टक एक्सचेन्ज पुनर्संरचना गरी पुँजी बजारको क्षमता एवं पारदर्शिता वृद्धि गर्ने भनिएको छ। त्यस्तै, नेपाल कृषि अनुसन्धान परिषद् पुनर्संरचना गरी कृषि अनुसन्धानलाई किसानमैत्री र नतिजामुखी बनाउने भनिएको छ।

राष्ट्रपति चुरे तराई मधेश संरक्षण परियोजनाको पुनर्संरचना गरी राष्ट्रिय चुरे संरक्षण आयोजनाका रूपमा अघि बढाउने तथा बिमा सेवाको सुशासन र वित्तीय स्थायित्वका लागि बिमा बोर्डको पुनर्संरचना गर्ने पनि सरकारको योजना छ। खानेपानी संस्थानलगायत काठमाडौं उपत्यकामा खानेपानी सेवा सञ्चालन गर्ने निकायहरूको पुनर्संरचना गर्ने सरकारको घोषणा छ।

कृषि बिमाको दायरा बढाउने सरकारको घोषणा छ। विपन्न किसानलाई सहुलियतपूर्ण ऋण र परिचयपत्रसहित सेवा-सुविधा दिने भनिएको छ। विपन्न पहिचान भएका परिवारलाई राज्यका सुविधामा पहुँच वृद्धि गरिनेछ।

राष्ट्रपति र प्रधानमन्त्रीको नाममा सञ्चालित आयोजनाबाट नाम हटायो

उपलब्धिमूलक हुन नसकेका र असफल कार्यक्रमका नाममा रहेका 'राष्ट्रपति' र 'प्रधानमन्त्री' शब्द हटाइएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना पुनर्संरचना गरी यसलाई राष्ट्रिय एकीकृत कृषि आधुनिकीकरण कार्यक्रमका रूपमा निरन्तरता दिने उल्लेख छ।

राष्ट्रपति चुरे तराई मधेश संरक्षण परियोजनाको नाम फेरेर राष्ट्रिय चुरे संरक्षण आयोजना राखिएको छ। त्यस्तै, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमका रूपमा अघि बढाउने भनिएको छ। राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई राष्ट्रिय महिला उत्थान कार्यक्रमका रूपमा व्यवस्थित गर्ने भनिएको छ।

प्रहरी र नागरिकतासम्बन्धी विधेयक संसद्‌को यही अधिवेशनबाट पारित गरिने

सरकारले नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलसम्बन्धी तथा नागरिकता विधेयक संसद्‌को चालू अधिवेशनबाटै पारित गर्ने जनाएको छ। तीनवटै विधेयक संसद्‌मा विचाराधीन छन्।

शुक्रबार प्रस्तुत गरिएको नीति तथा कार्यक्रममा तीनवटै विधेयक यही अधिवेशनबाट पारित गरिने उल्लेख छ। नीति तथा कार्यक्रममा सुरक्षा निकायलाई थप सबल, सक्षम र सुदृढ बनाइने भनिएको छ। सीमा सुरक्षा र सीमा अपराध नियन्त्रणका लागि सशस्त्र प्रहरीको सीमा सुरक्षा पोस्ट विस्तार गर्ने योजना छ।

अपराध अनुसन्धानका लागि उच्च प्रविधिको प्रयोग गर्ने, अध्यागमन प्रणालीलाई सरल, सुरक्षित र भरपर्दो बनाउन आधुनिक प्रविधिको उपयोग गरिने नीति सरकारको छ। 'राष्ट्रिय सुरक्षा नीति र प्रतिरक्षा नीतिको कार्यान्वयनलाई थप प्रभावकारी बनाई राष्ट्रिय सुरक्षा प्रणालीलाई सुदृढ गरिनेछ,' नीति तथा कार्यक्रममा भनिएको छ, 'राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयका लागि आवश्यक भौतिक पूर्वाधारका संरचनाहरू निर्माण गरी आगामी आर्थिक वर्षदेखि सञ्चालनमा ल्याइनेछ।'

न्याय र कानुनमा पुरानै कार्यक्रमको निरन्तरता

न्याय तथा कानुनको क्षेत्रमा यसअघिकै कार्यक्रम तथा प्रतिबद्धता दोहोरिएका छन्। शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायको बाँकी काम सम्पन्न गर्ने प्रतिबद्धता नीति तथा कार्यक्रममार्फत व्यक्त गरिएको छ। सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगलाई क्रियाशील बनाइने नीति तथा कार्यक्रममा उल्लेख छ। गत वर्षझैँ यस वर्ष पनि निःशुल्क कानुनी सहायता कार्यक्रमलाई प्रभावकारी र सबै जिल्लामा विस्तार गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। फौजदारी कानुनलाई आवश्यक परिमार्जन गरी पीडितमैत्री बनाइनेसमेत उल्लेख छ।

संघीयताको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुन परिमार्जन र निर्माण गरिने एवं तीनै तहका सरकारबाट निर्मित कानुनको निरन्तर र नियमित अध्ययन गरिनेसमेत उल्लेख छ।

न्याय, कानुन तथा सरकारी वकिल समूहको जनशक्तिका लागि कानुन तर्जुमा, अन्तर्राष्ट्रिय सन्धि सम्झौता विवाद समाधानलगायतका विविध आयाममा क्षमता अभिवृद्धि गरिने नयाँ नीति सरकारले लिने भएको छ। 'सरकारी वकिलको सेवामा सुधार र व्यावसायिकता विकासका लागि विद्युतीय न्यायाधिवक्ता कार्यक्रम सञ्चालन गरिनेछ,' बुँदा नं. १३५ मा छ।

प्रिसाका...

पृष्ठ १ बाट क्रमशः

राज्य सरकारले मृतक प्रिसाको परिवारलाई घटनाबारे निस्पक्ष छानबिन हुने बताइरहेको छ। तर, विश्वविद्यालयमा एकपछि अर्को घटना हुन थालेपछि अन्तर्राष्ट्रिय विद्यार्थीको सुरक्षा र मनोवैज्ञानिक अवस्था सम्बन्धी गम्भीर प्रश्न उठाएको छ। जेठी छोरी प्रिसाको मृत्युको खबरपछि बुवाआमा र भाइ ओडिसा पुगेका हुन्। परिवारका सदस्य आएपछि मात्र पोस्टमार्टम गर्ने गरी भुवनेश्वर प्रहरीले शव सुरक्षित राखेको बिहीबार नै दूतावासलाई जानकारी दिइएको थियो। दिल्लीस्थित नेपाली दूतावासका काउन्सिलर सञ्जीव शर्मा दासका अनुसार शनिबार शव पोस्टमार्टम गर्ने ओडिसा प्रहरीले जानकारी दिएको छ।

भारतको राष्ट्रिय मानवअधिकार आयोगका सदस्य प्रियंक कानुनगोले गत माघमा भएको घटनालाई अहिलेको घटनासँग जोडेकी छन्। किटमै अध्ययनरत रुपन्देहीकी प्रकृति लम्साल गत ४ माघमा मृत फेला परेकी थिइन्। 'अघिल्लो पटक यस्तै घटना हुँदा मानव अधिकार आयोगले अनुसन्धान गरेको थियो, विद्यार्थीको सुरक्षाबारे प्रक्रियागत त्रुटि औँल्याएर सिफारिस गरेको थियो,' उनले सामाजिक सञ्जाल एक्समा लेखेकी छन्, ' तर विश्वविद्यालयले ओडिसा उच्च अदालतमा निवेदन दियो, उच्च अदालतले आयोगको सिफारिस रोक लगायो। अहिलेको घटनाबारे पनि हामी जानकारी लिइरहेका छौँ।'

सर्लाहीको कविलासी नगरपालिका- ८ कविलासी स्थायी घर भए पनि प्रिसाका आमाबुबा वीरगन्ज महानगरपालिका- १५ भिस्वा बस्दै आएका छन्। श्यामलाल बाराको सिम्रौनगढ नगरपालिकाको स्वास्थ्य शाखामा कार्यरत कर्मचारी हुन्। प्रिसाका भाइ भने सेन्ट जेभियर कलेजमा पढिरहेका छन्। बिटेक प्रथम वर्षमा अध्ययनरत १९ वर्षीया प्रिसा बिहीबार साँझ विश्वविद्यालय छात्राबासको आफ्नै कोठामा मृत भेटिएको घटनापछि कविलासी र भिस्वा शोकमा डुबेका छन्। चारजना सदस्य रहेको प्रिसाका परिवार चाडपर्वको समयमा गाउँ जान्थ्यो।

किटमा बिटेक प्रथम वर्षमा अध्ययनरत पर्सा वीरगन्जकी १९ वर्षीया प्रिसा साह विश्वविद्यालयको होस्टेलमा बिहीबार साँझ मृत भेटिएकी थिइन्। घटनामा विश्वविद्यालयले पनि आन्तरिक छानबिन समिति गठन गरेको छ। घटनाबारे प्रहरीले आवश्यक जाँचबुझ गरिरहेको दिल्लीस्थित नेपाली दूतावासका काउन्सिलर सञ्जीव शर्मा दासले बताए।

गण्डकी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
भूमिगत जलस्रोत तथा सिंचाई कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

विद्युत महसुलमा अनुदान कार्यक्रम सम्बन्धी ७ दिने म्याद थप गरिएको सूचना

प्रकाशित मिति : २०८२/०१/२०

आ.व. २०८१/०८२ को लागी लिफ्टिङ/भूमिगत सिंचाई प्रणालीमा प्रयोग हुने विद्युत महसुल अनुदान कार्यक्रम सम्बन्धी मिति २०८२ वैशाख ५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा १५ दिने सूचना प्रकाशित भए बमोजिम पर्याप्त मात्रामा निवेदनहरू पेश हुन नआएकोले थप ७ (सात) दिन म्याद थपिएको व्यहोरा जानकारीको लागि अनुरोध छ। सम्पर्क नम्बर : ०७८-५९०८७८

Vacancy Announcement

S.A.R. Express Logistics Private Limited Company, registered in Company Register Office in Nepal, has been working for the International Cargo Handling Industry. The company has already obtained Industry Registration. The Company is looking for competent and more than three plus (3+)years experienced candidates for the following position. The Nepalese Candidates are highly encouraged & appreciated in the process of selection. Preference should be given to those candidates who are from the project area.

The candidate must be willing to work in a project site located city office in Kathmandu Metropolitan City ward no. 05, Kathmandu District. Interested and deserving candidates are informed to send their bio-data within 7 days in following Email IDs from the publication of this Notice. Shortlisted candidates will be called for an interview. Remuneration will be given as per the company's Rule.

Email ID: cuckoo859@gmail.com
Worked Office: Kathmandu Metropolitan City Ward no. 05, Kathmandu
Telephone: 9709099868

S.No.	Position	Number	Experience
1.	**Office Manager** (Bilingual-Chinese & English)	1	**Business Administration, office Management** 1) Bachelor's degree in Business/Logistics or related field. 2)Fluent in Chinese & English (written/spoken) 3) Strong organizational skills, MS Office proficiency. 4) Knowledge of cargo docs (e.g. bills of lading) a plus. 5) Assign duties to staff, make purchasing decisions, implement new company policies, hire and train staff.

Type: Contract   Contract Period: One Year
S.A.R. Express Logistics Private Limited Company
Kathmandu Metropolitan City Ward No.05, Kathmandu

Lumbini Buddhist University
Lumbini, Nepal

Invitation for Re-bids

Date of Second publication: 2081-1-18 (1 May 2025)

1. Lumbini Buddhist University (LBU) invites electronic bids from eligible bidders for the flowing goods under National Competitive Bidding (NCB) single stage single envelope bidding procedure.


Contract No./Bid No.	Name of Project	Price of Bidding Document	Bid Security Amount	Last Date and Time of bid purchase	Last Date and Time of bid Submission	Bid Opening Date and Time
LBU/goods/NCB/02-2081/82	Supply and Delivery of 5 seater or above electrical vehicle car at Lumbini, Rupandehi	NRs 3,000.00	NRs 98,000.00	2082/02/01 (15 May 2025) 11:59 AM	2082/02/01 (15 May 2025) 12:00 PM	2082/02/01 (15 May 2025) 12:30 PM

2. Eligible Bidders may obtain further information from the office of LBU during office hour (071-4040488) or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

Registrar

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्याँयाँ
शनिबार २० वैशाख ०८२
nayapatrikaofficial @nayapatrika

अभूतपूर्व चीन असाधारण चिनियाँ



सन् २०१३ मा चिनियाँ राष्ट्रपति सी जिनपिङले पुरानो रेशम मार्गलाई आजको आर्थिक विकाससँग जोड्ने घोषणा गरे। सीको त्यही संकल्प र सपनालाई 'बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)' भनिएको छ। यो बहस अहिले विश्वको केन्द्रमा छ। बिआरआई निर्माणसम्बन्धी एउटा त्यस्तो सञ्जाल हो, जसमा १५० भन्दा बढी देश, विभिन्न संघ-संगठन समावेश भएका छन्।

अनुभूति



● प्रवीन कुलुङ राई

फ्रान्सेली सम्राट् नेपोलियन बोनापार्टले २१० वर्षअघि भनेका थिए, 'चीन सुतिरहोस्, जब चीन निद्राबाट ब्युँझन्छ, तब उसले विश्वलाई हल्लाउँछ।' उनले भनेजस्तै चीन ब्युँझिएको धेरै भएको छैन। तर, छोटै समयमा उसले विश्वलाई यसरी हल्लाइरहेको छ, मानौं कुनै जादु गरिरहेको छ। देङ सिआओपिङले चीनमा आर्थिक क्रान्ति सुरु गरेको सन् २०२५ मा ४७ वर्ष पूरा भएको छ। आज चीन विश्वको केन्द्र बनेको छ।

सन् १९४९ मा डेढ शताब्दी लामो विदेशी निर्देशित शासनबाट मुक्त भएर 'जनवादी गणतन्त्र चीन' घोषणा गर्दै गर्दा चिनियाँ कम्युनिस्ट पार्टीका तत्कालीन अध्यक्ष माओत्से तुङले भनेका थिए, 'आज चिनियाँ जनता आफ्नै खुट्टामा उभिएका छन्, अब दौडिनेछन्।' यसबिच पनि चिनियाँ जनताले एक दशक लामो 'सांस्कृतिक क्रान्ति'को 'ऐतिहासिक घाउ' सहनुपऱ्यो। सांस्कृतिक क्रान्तिको अन्त्यसँगै सन् १९७५ बाट माओले भनेजस्तो चीन दौडिन सुरु गऱ्यो। देङ सिआओ पिङको नेतृत्वमा दौडिन सुरु गरेको चीन आज विश्वको चुली नजिक छ। र, फर्केर विगतको समीक्षा गर्दै दुनियाँलाई आफ्नो सफलताको रोमञ्चकारी कथा सुनाइरहेको छ।

चीनको सफलताको कथा सुन्ने, चीनले गरेको अभूतपूर्व प्रगति हेर्ने रहर जो कसैलाई हुन्छ। मलाई पनि त्यो हेर्ने रहर थियो। बेन्जाओमा २६ मंसिरमा राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपिजे), नेपालले फोटो प्रदर्शनी आयोजना गर्ने क्रममा त्यो रहर पूरा भयो। १० दिनको बसाइमा संसारलाई चकित पार्दै आएको चीनको आर्थिक, प्राविधिक र सामाजिक तथा सांस्कृतिक विकासका विभिन्न नमुना अवलोकन र अनुभव गर्ने अवसर मिल्यो।

चीनको विन्जाओ फोटोग्राफर एसोसिएसन, चिनियाँ पर्यटन फोटोग्राफर सुसोय तथा नेपाल-चीन मैत्री संघको सहकार्यमा फोटो प्रदर्शनी आयोजना भएको थियो। हिमशृंखलामाथिको उडानले भरिएको नेपाल सान्तोङ सांस्कृतिक सप्ताह र मनमोहक नेपाल फोटो प्रदर्शनीमा मैले पनि राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपिजे नेपाल)को सचिवको हैसियतले चीन जाने मौका पाएँ। हाम्रो टोलीमा मसहित १४ सदस्यीय फोटो पत्रकारहरू काठमाडौंबाट हिमालय एयरको नियमित उडानबाट चीनको छिन्तायो लाग्यौं। विमानको झ्यालबाट विश्वको छानो सगरमाथालाई हेर्न चिनियाँ पर्यटक तँछाडमछाड गरिरहेका थिए। म अलि चञ्चले स्वभावको भएको कारणले भाषा नमिले पनि इसारा र अंग्रेजीमा बोल्ने गर्थे। यही क्रममा उनीहरूलाई नेपालका आठ हजारभन्दा माथिका हिमालको तस्बिरहरू (मैले खिचेको) मोबाइलमा देखाउन सुरु गरे। उनीहरूलाई मसँग भएको सगरमाथा, कञ्चनजंघा, मकालु, लोत्सेलगायतको तस्बिर देखाइदिएँ। खुसी हुँदै भन्थे, 'वाउ हिमालय।'

मैले देखाएको हिमालको तस्बिर हेरेपछि उनीहरूको प्रश्न हुन्थ्यो, 'यति राम्रो हिमालय कहाँबाट देख्न पाइन्छ ?' मेरो जवाफ थियो, 'मेरो घर रहेको पूर्वी पहाडी जिल्ला भोजपुरबाट। जहाँ छ, सुन्दर मुन्दुम पदमार्ग। यहाँबाट सगरमाथा, कञ्चनजंघा, मकालु, ल्होत्सेलगायत आठ हजार मिटरभन्दा अग्ला ६ वटा हिमाल देख्न सकिन्छ।'

मेरो जवाफ सुनेर चिनियाँहरू मुन्दुम पदमार्गबारे जान्न उत्साहित भए। आपसमा विच्चाटमा जोडियौं। मसँग भएको केही हिमालको तस्बिर फोनमा एडप गरिदिएँ। उनीहरूले खुसी हुँदै भने, 'सेसे।' अहिले तिनै चिनियाँहरूले सोधिरहन्छन्, 'तिम्रो गाउँ कहिले लैजान्छौ ?'

फोटो प्रदर्शनीमा नेपालका विभिन्न मिडियामा काम गरिरहेका फोटो पत्रकारले खिचेका पर्यटन, कला संस्कृति, जीवनशैली तथा विविधता झल्काउने करिब एक सय तस्बिर समावेश थिए। प्रदर्शनी सान्तोङ प्रान्तका विभिन्न सहरमा आयोजना भएका थिए। प्रर्दशनीमा मेरा चारवटा तस्बिर समावेश थिए। भोजपुरको साल्पासिलिछो गाउँपालिकास्थित सिलिचो (४१५३ मिटर उचाइ)मा क्रिकेट खेल्दै गरेको तस्बिर, साकेला नाँच्दै गरेको, नेपाली कागज बनाउँदै गरेको र सगरमाथाको तस्बिर समावेश थियो।

किराँती संस्कृति र चिनियाँ

किराँत संस्कृतिका कारण पनि चिनियाँहरूसँग म अझै नजिक बनें। चिनियाँहरूको कतिपय सांस्कृतिक परम्परा, रहनसहन तथा रीतिरिवाज किरात राई समुदायसँग मिल्दोजुल्दो रहेछ। मैले नेपालबाट लगाएर गएको चिन्डो, पेचुरी र धजुरीको झुप्पोले उनीहरूलाई तानेको थियो। उनीहरूले बढो प्रेम र चासोका साथ यी कुरा हेरेका थिए।

कुराकानीका क्रममा थाहा पाएँ कि चिनियाँका लागि पनि चिन्डो (सेन्दोङ चिनियाँ भाषामा)ले सांस्कृतिक महत्त्व बोकेको रहेछ। जसरी नेपालको पूर्वी पहाडका राई, लिम्बूहरूको शुभकार्यमा चिन्डो नभई हुँदैन। राई लिम्बूहरूले चिन्डोमा रक्सी, जाँड राखेर शुभकार्यमा प्रयोग गर्छन्।

चिनियाँले संग्रहालयलगायत जुनसुकै महत्त्वपूर्ण स्थानमा चिन्डो सजाएर, संरक्षण गरेर, पर्यटकलाई चिनाउन र बुझाउन राखेका छन्। नेपालका किरात समुदायले चाडपर्व, विवाह, शुभकार्यलगायत सुँगुरको मासु प्रयोग गर्छन्। यस्तै चिनियाँले पनि प्रयोग गर्ने रहेछन्।

अभूतपूर्व चीन अकल्पनीय विकास

एक सय ४१ करोड २० लाख जनसंख्या रहेको चीन विश्वको सबैभन्दा शक्ति सम्पन्न राष्ट्र बन्ने दौडमा छ। चिनियाँहरू माओलाई राजनीतिक परिवर्तन, देङलाई आर्थिक क्रान्ति र सीलाई उदारवादी अर्थव्यवस्थाका नायक मान्ने गर्छन्। १० दिने चीनको सेन्दोङ प्रान्तको विभिन्न सहर घुम्दा कतै पनि असहज भएन। हामी कुरा मात्रै गर्छौं, चिनियाँहरू काम गरेर देखाउँछन्।

विशाल चीनमा जनवादी क्रान्तिपश्चात् माओत्से तुङले कम्युनिस्ट शासन व्यवस्था सुरु गरे। सन् १९४९ मा माओबाट सुरु भएको समाजवादी यात्रामा देङ सियाओ पिङ र वर्तमान राष्ट्रपति सी जिनपिङसम्म आउँदा कृषि उत्पादन, औद्योगिक र प्रविधिमा चीनको क्रान्ति चामत्कारिक, अभूतपूर्व र अकल्पनीय छ।

हरेक पार्कमा वाटर फाउन्टेन राखिएको छ। उमेर समूहअनुसार शारीरिक व्यायामका लागि उपकरण राखिएका छन्। वृद्धवृद्धाका लागि विश्रामस्थान, बालबालिकाका लागि अलग्गै चिल्ड्रेन पार्क, हरेक पार्कमा विद्युतीय प्रविधिबाट प्रशोधन हुने स्वच्छ पिउने पानी, सुविधायुक्त शौचालय, कपाल काट्ने सैलुन र औषधि पसल छन्।

चिनियाँ कम्युनिस्ट पार्टी र चीनलाई सी जिनपिङ नेतृत्व गरिरहेका छन्। राष्ट्रपति सीले नेता माओपछि विश्वमञ्चमा चीनको स्थान सबैभन्दा उचाइमा पुऱ्याएका छन्। सन् २०५० सम्म चीनलाई संसारकै सबैभन्दा विकसित र सभ्य मुलुक बनाउने सीको संकल्प र सपना छ। सन् २०१३ मा चिनियाँ राष्ट्रपति सी जिनपिङले पुरानो रेशम मार्गलाई आजको आर्थिक विकाससँग जोड्ने घोषणा गरे। सीको त्यही संकल्प र सपनालाई 'बेल्ट एन्ड रोड इनिसिएटिभ' भनिएको छ। यो बहस अहिले विश्वको केन्द्रमा छ। 'बेल्ट एन्ड रोड इनिसिएटिभ' निर्माणसम्बन्धी एउटा त्यस्तो सञ्जाल हो, जसमा १५० भन्दा बढी देश, विभिन्न संघ-संगठन समावेश भएका छन्। १३ हजारभन्दा बढी परियोजना कार्यान्वयनमा छन्। एक्काइसौं शताब्दीकै ठुलो मानिएको यस परियोजना सीको सपना र संकल्पसँग जोडिएको छ।

चिनियाँहरू सन् २०४० लाई विकास निर्माणको उत्कर्ष बिन्दु मानेर बढिरहेका छन्। उनीहरू भन्छन्- हाम्रो लक्ष्य सन् २०४० हो। यो साल चिनियाँ कम्युनिस्ट पार्टीको एक सय वर्षको यात्रा पूरा गर्ने वर्ष हो। आज दुनियाँले बढो कुतूहलसाथ हेरिरहेको विषय हो, चीन अहिले नै यति भव्य छ, २०४० मा कस्तो होला ? इतिहासमा देङ सियाओ पिङ, जियाङ जेमिन, हु जिन्ताओले देखाएको बाटो र उज्यालो आजको भव्य चीनको आधार हो।

नेपाल र चीनबिच सन् १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै प्रगाढ सम्बन्ध रहिआएको छ। दुई देशले द्विपक्षीय कूटनीतिक सम्बन्ध, पारस्परिक लाभकारी आर्थिक सहयोग र जनस्तरको घनिष्ठता आदानप्रदानमा निरन्तर प्रगति गरेका छन्। १२ मे २०१७ का दिन चीन र नेपाल सरकारबिच 'बेल्ट एन्ड रोड इनिसिएटिभ'अन्तर्गत सहयोगसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको थियो। पछिल्लोपटक प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका वेलामा नेपाल-चीनबिच 'बेल्ट एन्ड रोड इनिसिएटिभ' (बिआरआई) सहकार्यको फ्रेमवर्कमा हस्ताक्षरसमेत भएको छ। बेइजिङमा भएको सम्झौता पत्रमा नेपालका तर्फबाट परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राई र चीनका तर्फबाट नेसनल डेभलपमेन्ट एन्ड रिफर्म कमिसनका उपाध्यक्ष ली सुसेले हस्ताक्षर गरेका थिए। योसँगै बिआरआई कार्यान्वयनमा जानेछ।

फ्रेमवर्कभित्र विभिन्न १० परियोजना समावेश भएका छन्। जसमा टोखा-छहरे टनेल, हिल्सा-सिमिकोट सडक योजना, किमाथांका-खाँदबारी सडक र पुल, जिलोङ-केरुङ-काठमाडौं रेलमार्ग, अमरगढी सिटी हल प्रोजेक्ट, जिलुङ-रसुवागढी-चिलिमे २२० केभी प्रसारणलाइन, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय, काठमाडौं साइन्टिफिक सेन्टर र साइन्स म्युजियम, चीन-नेपाल औद्योगिक पार्क दमक र झापा स्पोर्टस् एन्ड्स एथलेटिक्स कम्प्लेक्स छन्। यो योजना सन् २०४९ सम्ममा पूरा गर्ने उद्देश्य छ। चीनले यस महायोजनामा अरू देशलाई पनि समावेश गर्न आह्वान गरेको छ।

कसरी जोड्ने चीन र नेपाल ?

नेपालको उत्तरी सिमानाका विभिन्न नाकालाई चीनसँग जोड्न आवश्यक छ। रसुवाको केरुङ, संखुवासभाको किमाथांका, ताप्लेजुङको ओलाङचुङगोला र सिन्धुपाल्चोकको तातोपानीदेखि लिएर पश्चिममा मानसरोवर जाने बाटोसम्मै सडकको विस्तार र विकास गर्न सक्यौं भने चिनियाँ बजारसँग जोड्न सकिन्छ।

नेपालको रेल, हाइड्रो, सुरुङ मार्ग, पुल र सडक मार्गमा चिनियाँ प्राविधिक सहयोग आवश्यक छ। हामीले कम्तीमा नेपाललाई आधुनिक चीनसँग जोड्न सक्यौं भने चीन विश्वशक्ति बन्दा नेपालले नाफा लिन सक्छ।

सन् २०२४ (विसं. ०८१) मा ११ लाख ४० हजारभन्दा बढी पर्यटकले नेपाल भ्रमण गरेका छन्। १६ पुस ०८१ सम्मको तथ्यांकअनुसार ११ लाख ४७ हजार २४ जना नेपाल भित्रिएको नेपाल पर्यटन बोर्डको तथ्यांक छ। बोर्डका निर्देशक मरिणराज लामिछानेका अनुसार दैनिक सरदर तीन हजार पर्यटक भ्रमणमा आएका थिए। यो सन् २०२३ को तुलनामा १४ प्रतिशतले बढी हो।

सन् २०१९ मा ११ लाख ९७ हजार एक सय ९१ विदेशी पर्यटक नेपाल आएका थिए। कोरोना महामारीपछि अधिक पर्यटकले नेपाल भ्रमण गरेको यो पहिलो वर्ष हो। सन् २०२० देखि २०२२ सम्म पर्यटक आगमन प्रायः ठप्प थियो। राष्ट्रसंघीय विश्व पर्यटन संगठन युएनडब्लुटिओको पछिल्लो ६ महिनाको तथ्यांकअनुसार कोभिड-१९ पछि नेपालको पर्यटन ९६ प्रतिशतले पुनरुत्थान भएको छ।

नेपाल प्रिमियर लिग (एनपिएल), विश्व बौद्ध सम्मेलन, अन्तर्राष्ट्रिय बेलुन महोत्सव, ड्रागन बोट रेस महोत्सवका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा आयोजना भएका मेला र प्रदर्शनीले पनि नेपालमा पर्यटन आगमनमा बढोत्तरी भएको छ। यही गतिमा बढ्दै गए आर्थिक वर्ष ०८२/८३ मा १६ लाख पर्यटक भित्र्याउने सरकारी लक्ष्य पूरा हुन गाह्रो छैन। पछिल्लो तथ्यांक हेर्ने हो भने पनि नेपाल भ्रमण गर्ने भारत, अमेरिकापछि छिमेकी चीन तेस्रो स्थानमा छ।

चीनबाट के सिक्ने ?

भारत र चीन सन् १९५० को हाराहारीमा स्वतन्त्र भएका हुन्। यी दुई देश विज्ञान तथा प्रविधि विकासमा धेरै अघि बढिसकेका छन्। तुलनात्मक रूपमा नेपाल भने सबैजसो विकासका अवयवमा पछि छ। बुझ्नुपर्ने कुरा के रहेछ भने विकासलाई समग्रतामा हेर्नुपर्छ। कुनै एक पक्षले गरेर मात्र पनि हुने होइन। यसका लागि राजनीति नेतृत्व, शासन प्रणाली, स्वयं जनता पनि विकासको मूलधारमा आउनुपर्छ। चीनको विकासमा यी सबैको भूमिका देखिन्छ। नेपालले चीनबाट यस्ता धेरै कुरा सिक्नुपर्नेछ। छिमेकी भएका कारण मात्रै नभई हामीले सफलताका कोणबाट पनि चिनियाँ मोडल सिक्न जरुरी छ।

फोटो प्रदर्शनी र विभिन्न ठाउँ डुल्ने क्रममा चीनले गरेको विकास निर्माण व्यवस्थापन, आयोजना सञ्चालनको अवधारणा र परिचालनलगायत विषयमा अध्ययन गर्ने मौका पायौं। विशेषगरी हरेक सहर, बस्ती, सडकको अब्बल व्यवस्थापन गरिएको अनुभव भयो।

राष्ट्र कति धनी छ भन्दा पनि जनता कति धनी र सुखी छन् भन्ने कोणबाट हेरेर चिनियाँ सफलताबाट सिक्न जरुरी छ। छिमेकी भारत पनि धनी छ। मुकेश अम्बानी र गौतम अदानी उनीहरूकै पथमा हिँडेका धनाढ्यको सम्पत्तिका भरमा लिएको प्रतिव्यक्ति आयबाट मूल्यांकन गरिएको छ। तर, चिनियाँ मोडलले जनताको लेभललाई लिएर त्यहाँको आर्थिक तथा सामाजिक र राजनीतिक सफलता बुझ्न सकिन्छ। नेपालले स्वाभाविक रूपमा चीन र भारतलाई तुलना गरेर नै देशको अर्थतन्त्र, समाज र राजनीतिको मोडल विकास गर्नुपर्छ र स्थापित गराउनुपर्छ।

चीनको प्रविधि हाम्रो कल्पनाबाहिर छ, अहिलेको चीनको अवस्थामा पुग्न हामीलाई वर्षौं मात्र होइन, दशकौं लाग्छ। चीनले ओलम्पिक खेलको उद्घाटन समारोहमा आकाशबाट परेको पानी रोकेको, चुच्चे रेल, नागबेलीझैं सांघाईको फ्लाइओभर, नक्कली सूर्य बनाएर चमत्कार देखाइरहेको मात्र छैन, हरेक क्षेत्रका तथ्यांक अद्यावधिक गर्ने गरेको छ। कृषि, उद्योग, व्यापारलगायत क्षेत्रका तथ्यांक अद्यावधिक छन्। हरेक संग्रहालय, विद्यालयसमेतका डाटा रहेछ।

१० दिनको घुमाइमा देखेको चिनियाँ नागरिकको अनुशासन अनुकरणीय छ। सेन्दोङको विभिन्न सहर र पर्यटकीय एवं ऐतिहासिक स्थल, औद्योगिक क्षेत्र, विभिन्न म्युजियमको अवलोकनमा सफा र सुविधायुक्त शौचालय, कुशल व्यवस्थापनले मन लोभ्याउँथ्यो। न माग्नेहरू, न त ठगहरू नै। छाडा गाईगोरु वा कुकुर पनि कहीं कतै देखिएनन्। सार्वजनिक शौचालय निःशुल्क छन्।

फोटोले जोडिएको सम्बन्ध

द लिविङ रोड लाइन, बिनझाउ अन्डरवाटर वर्ल्ड, बिन्झाउ सिटी आर्ट म्युजियम, बिन्झाउ हाई टेक हाई स्कुल, कन्फ्युसियस म्युजियम, कन्फ्युसियस टेम्पल, कोङ परिवारको महल, कुफु सहर, जिनान सहरको ड्यामिङ लेक, कुसुइटिङ स्ट्रिट, फुरोंग सड़क, जिनान सहरको लिवरेसन प्याभिलियन। बाओटु स्प्रिंग बर्गैंचा, क्वानचेंग स्क्वायर, मुक्ति मण्डप, मे फोर्थ स्क्वायर, ओलम्पिक सेलिङ केन्द्र, लाइट सो छिन्ताओ सहरसम्म पनि पुगेका थियौं।

त्यसैगरी क्वान्चेंग स्क्वायर, बओटु स्प्रिंग वाटर गार्डेन, फाइभ ड्रागन पुल, ड्यामिङ लेक, कुसुइटिंग स्ट्रिट, फुरोंग स्ट्रिटमा पनि गयौं। अन्तिम दिनमा लिटिल फिस हिल पार्क, नेभी म्युजियम, किन्यु रोड, झाँकियाओ पियर आदि ठाउँको अवलोकन तथा भ्रमण गरी फोटोहरू खिच्यौं।

२८ मंसिरमा विन्जाओमा फोटो प्रदर्शनी गर्ने क्रममा सान्तोङ प्रान्तका पूर्व उपप्रचारमन्त्री ह्वाङ्जी चुनको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा विन्जाओका परराष्ट्र मामिला निर्देशक पाइमिईले फोटोग्राफीमार्फत नेपाल-चीनको मैत्री सम्बन्ध बलियो बनाउनुका साथै चीनको वान बेल्ट वान रोडको अवधारणालाई पनि सहयोग पुग्ने बताए।

एनएफपिजे नेपाल र चीनको सान्तोङ प्रान्तस्थित विन्जाओ मिडिया ग्रुपबिच सांस्कृतिक तथा व्यावसायिक फोटो पत्रकारितामा मैत्रीपूर्ण सम्बन्ध विस्तार गर्ने समझदारी उपलब्धिमूलक रह्यो। एनएफपिजेका अध्यक्ष प्रदीपराज वन्त र विन्जाओ मिडिया ग्रुपका निर्देशक चाओ जिङ्युआनबिच समझदारीपत्र आदानप्रदान भएको थियो।

समझदारीले राष्ट्रिय फोटोपत्रकार समूह र विन्जाओ मिडिया ग्रुपबिच फोटो, भिडियो, समाचार आदानप्रदान गर्ने र व्यावसायिक क्षमता विकासका लागि सहकार्य गर्ने सम्झौता पनि भएको छ।

भनिन्छ नि एक तस्बिरले एक हजार शब्द बोल्छ। तस्बिरविना पत्रकारिता अधुरो हुन्छ। हामीले तस्बिरबाट विश्वका विकसित देशलाई जोड्न सकिन्छ, जसका कारणले नेपाल र चीनबिचको सांस्कृतिक आदानप्रदानमा फोटोले महत्त्वपूर्ण भूमिका प्रदान गरेको छ।

नेपाल र चीनबिचका फोटो पत्रकारले खिचेका सांकेतिक तथा पर्यटनसम्बन्धी फोटो प्रदर्शनी एवं अन्तर्क्रिया गर्न पाउनु हाम्रा लागि महत्त्वपूर्ण रह्यो। नेपालबाट पहिलोपटक यसरी संयुक्त रूपमा चीन पुगेका १४ जना फोटो पत्रकारको यो भ्रमण अविस्मरणीय रहन गएको छ। भ्रमणमा नेपाल चाइना फोरमका अध्यक्ष कल्याणराज शर्मा र चिनियाँ फोटोग्राफर सु सोयको महत्त्वपूर्ण भूमिका थियो।

दुई देशका यति ठुलो संख्याका फोटो पत्रकार साथीहरूलाई एकै ठाउँमा जम्मा भएर यसप्रकारको हाम्रो व्यावसायिक अन्तर्क्रिया गर्ने महत्त्वपूर्ण अवसर जुटाइदिने चीन सरकारलाई पनि व्यक्त गर्न चाहन्छु। दुई देशबिचको सरकारबिचको सम्बन्ध त छँदै छ, यस्ता कार्यले जनताका बिचमा पनि राम्रो सम्बन्ध विस्तार हुने अपेक्षा गर्न सकिन्छ।

(राई राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपिजे नेपाल)का सचिव हुन्)





एक सय ४१ करोड २० लाख जनसंख्या रहेको चीन विश्वको सबैभन्दा शक्ति सम्पन्न राष्ट्र बन्ने दौडमा छ। चिनियाँहरू माओलाई राजनीतिक परिवर्तन, देङलाई आर्थिक क्रान्ति र सीलाई उदारवादी अर्थव्यवस्थाका नायक मान्ने गर्छन्। १० दिने चीनको सेन्दोङ प्रान्तको विभिन्न सहर घुम्दा कतै पनि असहज भएन। हामी कुरा मात्रै गर्छौं, चिनियाँहरू काम गरेर देखाउँछन्।

साप्ताहिक राशिफल



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

२० वैशाख (शनिबार) - २६ वैशाख (शुक्रबार)

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

समाजिक कार्यमा संलग्न हुँदा पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने र नयाँ काममा सोचेजस्तै सफलता मिल्ने योग छ । व्यापारमा सफलता सोचेजस्तै मिल्नेछ । यात्रा गर्ने अवसर मिल्नेछ । धन आर्जन पनि राम्रै हुनेछ । धेरैले भरोसा गर्ने योग भए पनि शुक्रबार विवाद तथा शत्रु बढ्ने र स्वास्थ्यमा संकट आउने, मित्र तथा परिवारबाट आलोचित हुनुपर्नेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

सामाजिक तथा सांस्कृतिक कार्यक्रममा संलग्न हुनुपर्नेछ । पराक्रम बढ्नुका साथै काममा सफलता मिल्ने, यात्रा तथा व्यापारमा लाभ हुनुका साथै भेटघाटमा प्रसन्नता बढ्नेछ । संयम हुँदै प्रयत्न गर्दा तपाईंको लगनशीलता र इमानदारिताको तारिफ गर्नेहरू धेरै हुनेछन् । पढाइमा सफलता मिल्नेछ । नयाँ काम पाउने सम्भावना देखिन्छ । राज्यबाट सम्मान पाउने योग छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

धन कमाउने अवसर मिल्नेछ । अरूको विश्वास आफूतिर बढाउन पनि सकिनेछ । महत्त्वपूर्ण जिम्मेवारी आउनेछ । पढाइमा रुचि बढ्नेछ । बौद्धिकता बढ्नेछ । धर्ममा रुचि बढ्नेछ । राज्यबाट सम्मान पाउने योग छ । बोलीको प्रभावमा अरूको मन जित्न सकिए पनि परिवारबाट सहयोग भने मिल्नेछैन । साताको अन्त्यमा पारिवारिक, धार्मिक यात्रा जुरेको छ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

प्रशंसनीय कार्य गर्ने अवसर मिल्नेछ । भेटघाटमा अरूबाट हुने प्रशंसाले मनमा खुसीको अनुभूति हुनेछ । भाग्यले साथ नदिए पनि कर्म बलियो भएकाले गरेका कामबाट आम्दानीका स्रोत प्रशस्त मात्रामा प्राप्त हुनेछ । आत्मविश्वास बढ्ने भएकाले ठुला व्यक्तिसित अन्तर्क्रिया हुने र उनीहरूबाट सम्मान पाउने योग छ । वैदेशिक कार्यमा महत्त्वपूर्ण सफलता हात पार्न सकिनेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

साताको सुरुमा धार्मिक र सामाजिक काममा संलग्न हुँदै आयमूलक कार्यका लागि अधि बढ्ने अवसर मिल्नेछ । भाग्यले साथ दिने योग छ । ठुला व्यक्तिबाट मानसम्मान पाउने, परिश्रमबाट काम बन्ने तथा देशको प्रतिनिधित्व गर्दै विदेश जाने अवसर पाउनुहोला । धन मनग्य कमाउने अवसर मिल्नेछ । प्रशंसा गर्नेहरू प्रशस्तै हुनेछन् ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

साताको प्रारम्भमा अधुरा काम बन्नेछन् । शिक्षामा सोचेअनुसार सफलता मिल्नेछ । आतिथ्यपूर्ण सम्मान पाइनेछ । रमाइलो जमघटमा आफ्ना विचार राख्न पाइनेछ । बिहीबार र शुक्रबार केही समस्यामा परिनेछ । अनावश्यक झमेला आइलाग्न सक्छन् । विवाद बढ्ने र चोटपटक लाग्ने योग रहेकाले विशेष सावधानी अपनाउनुपर्नेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

व्यापारमा केही कठिनाइ आउनेछ । यात्रा गर्ने अवसर मिले पनि विवादको समाना गर्नुपर्ने देखिन्छ । अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग छ । दाम मनग्य कमाउने अवसर मिल्ने योग छ । घरेलु काममा सफलता मिल्नेछैन । भाग्य बलियो हुने, धर्ममा रुचि बढ्ने र सामाजिक क्षेत्रमा सुधार आउने योग छ । शत्रु पराजय हुनेछन् ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

काममा उतारचढाव आउने योग छ । स्वास्थ्यमा क्रमिक रूपमा सुधार हुनेछ । आध्यात्मिक र सामाजिक काममा सक्रिय बन्नुपर्नेछ । वादविवादमा विजय प्राप्त हुनेछ । विश्वास गरेकाले धोका दिनेछन् । अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग छ । मातापिता र अभिभावकबाट महत्त्वपूर्ण सल्लाह र सुझाव प्राप्त हुनेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

व्यावसायिक काममा निकै नै उन्नति हुनेछ । राजनीति तथा नोकरीमा सोचेअनुसार लाभ मिल्नेछ । काम गरेर अरूलाई प्रभावित पार्ने समय छ । धार्मिक वा सामाजिक कामबाट प्रतिष्ठा मिल्नेछ । व्यावसायिक यात्राको योग देखिन्छ । आयआर्जन पनि प्रशस्त हुनेछ । प्रेम र मित्रताको गाँठो कसिएला । सप्ताहान्तमा भने खर्चमा वृद्धि र व्यवसायमा गिरावट आउने देखिन्छ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

साताको प्रारम्भमा घरायसी समस्याले घेर्नेछन् । प्रेम सम्बन्धमा उतारचढाव आउला । कामको दायित्व बढ्नेछ । धार्मिक कृत्यमा अभिरुचि बढ्नेछ । गरेको काममा प्रशंसा पाइएला । नयाँ कामको थालनी हुनेछ । साताको अन्त्यमा व्यापार बढ्नुका साथै आयमूलक काममा पनि सफलता नै मिल्नेछ । सेयरबजारमा सोचेअनुसार सफलता मिल्नेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

पढाइमा सोचेभन्दा बढी सफलता मिल्नेछ । वैदेशिक कार्यहरू सोचेभन्दा राम्रोसँग अघि बढ्नेछ । बुधबारदेखि स्वास्थ्यमा संकट आउने र मनमा चिन्ता बढ्ने काममा बाधा सिर्जना हुनेछ । लेनदेनमा अघि नबढ्नु उचित हुनेछ । शरीरमा चोटपटक लाग्न सक्छ । विश्वासमा धोका हुने भएकाले विश्वासमा भन्दा प्रयासमा अघि बढ्नुहोला । शुभ हुनेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

साताको प्रारम्भमा राम्रो प्रगति गर्न सकिनेछ । प्रतिष्ठित बुद्धिजीवीसँग भेटघाट गर्ने मौका मिल्नेछ । शैक्षिक क्षेत्र लाभदायक छ । व्यावसायिक कामबाट लाभ उठाउने मौका छ । शत्रु परास्त भएर जानेछन् । मुद्दासमेत किनारा लाग्नेछन् । प्रेम सम्बन्ध प्रगाढ बन्नेछ । तर, साताको अन्त्यमा पारिवारिक झमेला, काममा बाधा र स्वास्थ्यमा संकट आउने योग छ ।





सगरमाथा शिखरमा नेपाल र नेपाल प्रहरीको झन्डा फहराउँदै पुरुषोत्तम नेपाली

सगरमाथा शिखरमा प्रहरीको पहिलो पाइला

आरोहण



● पुरुषोत्तम नेपाली
वरिष्ठ सइ, नेपाल प्रहरी

अन्ततः २ जेठ ०८० बिहान १०:१५ बजे सगरमाथा आरोहण गर्न सफल भएँ । त्यसपछि संसार जितेको महसुस भयो । दंग थिएँ । मेरो देशको राष्ट्रिय झन्डा, इन्टरपोलको झन्डा र नेपाल प्रहरीको झन्डा सगरमाथाको शिखरमा फहराएँ ।

सोलुखुम्बुको पासाङल्हामु गाउँपालिका सर्वोच्च शिखर सगरमाथाको काखैमा छ । खुम्बु क्षेत्रलाई सगरमाथा आरोहीको गाउँ भनेर पनि चिनिन्छ । मेरो बाल्यकाल पनि खुम्बु-२ लुक्लामै बितेको हो । बिहान उठ्नेबित्तिकै घरको आँगनबाट पोइ्दे, मेरापिक हिमाल देखिन्थ्यो । त्यतिवेलैदेखि हिमालप्रति रुचि बढेको हो । कस्तो होला ? त्यहाँ कसरी पुगिन्छ होला ? भन्ने मनमा खेलिरहन्थ्यो । बिस्तारै हिमाल आरोहण गर्ने रहर पलाएको थियो । तर, पृथ्वीको सबैभन्दा अग्लो धर्तीमा पाइला टेक्नलाई रहरले मात्र नहुँदो रहेछ । रहर पूरा गर्ने योजनासहित दसैँतिहारको समय भरियाका रूपमा ट्रेकिङ जान थालेँ । त्यसले हिमालसँगको आत्मीयता झनै बढाइदियो ।

गाउँमा हिमालसँग जेडिएका कुराकानी हुन्थे । फलानो हिमालको चुचुरोमा पुग्यो, विश्व रेकर्ड बनायो, कोहीको बिचमै मृत्यु भयो, हिमालबाट उद्धार गरेको जस्ता कुराहरू सुनिन्थ्यो । त्यस्ता कुरा सुन्दा मेरो मनमा हिमाल कसैका लागि कष्टैकष्टको भण्डार पो रहेछ भन्ने लाग्थ्यो ।

मेरो बुबा खुम्बु क्षेत्रमा पर्यटकलाई ट्रेकिङ फ्रुट्स बेच्नुहुन्थ्यो । हामी पाँच सन्तानको लालनपालन त्यसैबाट गर्नुभयो । ०६१ सालमा उच्च शिक्षा अध्ययनका लागि लुक्लाबाट काठमाडौं आएँ । काठमाडौंमा मेरा दाजुदिदीहरू हुनुहुन्थ्यो । आर्थिक जोहोसँगै पढाइलाई अघि बढाउने बाध्यता थियो । ०६३ सालमा स्नातक दोस्रो वर्ष पढ्दापढ्दै प्रहरी सायक निरीक्षकमा प्रतिस्पर्धा गरेँ । मिहिनेत र लगनले प्रहरीमा नाम निस्कियो । मेरा लागि जीवन चलाउन जागिर गर्नुपर्ने बाध्यता थियो ।

प्रहरीमा जागिर भए पनि हिमालसँगको सपना टाढिएको थिएन । मनमा हिमालको अमिट छाप यथावत् नै थियो । बुझ्दै जाँदा प्रहरी संगठनबाट हालसम्म कसैले पनि सगरमाथा आरोहण गरेका रहेनछन् । यसलाई मैले संगठनको नाम राख्ने र रहर पनि पूरा गर्ने अवसरको रूपमा लिएँ । नेपाल प्रहरी र हिमाल आरोहणको साइनो जोड्ने इच्छा झनै बलियो भयो । एसपी सवीन प्रधानलाई सगरमाथा आरोहण गर्ने इच्छाबारे सुनाइसकेको थिएँ । यद्यपि, आर्थिक रूपमा सगरमाथा आरोहण सक्ने अवस्थामा थिइनँ ।

राज्यलाई भार नपर्ने गरी सगरमाथा आरोहण गर्छु भनेर संगठनमा कुरा राखेँ । धेरैपटक संगठनमा निवेदन गरिरहेँ । विश्वका १९६ देश आबद्ध इन्टरपोलबाट समेत अहिलेसम्म कसैले सगरमाथा आरोहण गरेको रहेनछ ।

अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) को कार्यक्रममा जाँदा नेपाल प्रहरीका इन्टरपोल शाखा प्रमुख प्रहरी उपरीक्षक अनुपमशमशेर जबराले नेपाल प्रहरीले सगरमाथा चढ्छ भनेर प्रस्ताव इन्टरपोलमा राख्नुभएछ । त्यतिवेला म नै चढ्ने भन्ने निश्चित थिएन । नेपाल प्रहरीले इन्टरपोलको झन्डा बोकेर सगरमाथा चढ्ने प्रस्ताव गर्नुभएछ । सगरमाथाको देश भएकाले सगरमाथा शिखरमा इन्टरपोल, नेपाल र नेपाल प्रहरीको झन्डा फहराउने छलफल चल्यो । झन्डा एकजना कुनै शेर्पा आरोहीलाई दिने र उसैले सगरमाथाको चुचुरोमा पुऱ्याउने कुरा पनि चल्यो । तर, मैले लामो समयदेखि सचिवालयमा निवेदन गरिरहेको थिएँ । संगठनमा मेरो कुरा पनि उठेको रहेछ । आईजिपी धीरजप्रताप सिंहले मेरो प्रस्तावमा स्वीकृति जनाउनुभएछ । त्यसपछि पहिलोपटक नेपाल प्रहरी र इन्टरपोलको झन्डा सर्वोच्च शिखरमा फहराउने जिम्मेवारी मेरो काँधमा आयो ।

यसलाई अवसर र चुनौतीका रूपमा महसुस गरेँ । प्रस्ताव पास हुँदा खुसी र दुःखी दुवै भएँ । घरमा श्रीमती, साना छोराछोरी छन् । जीवन दाउमा लगाएर सगरमाथा शिखर चुम्ने सपना देखेको छु । यसले चिन्तित पनि थिएँ । साथै, सानैदेखि सगरमाथा चढ्ने इच्छा पूरा हुने कुराले खुसी भएको थिएँ । मेरो प्रहरी संगठन र विश्वका १९६ देशका प्रहरी संगठनको साझा संस्था इन्टरपोलले मलाई विश्वास गऱ्यो । म यी सबै देशको प्रतिनिधित्व गर्दै ऐतिहासिक रेकर्ड राख्दै थिएँ । यो जिम्मेवारी जसरी पनि पूरा गर्नुपर्छ भन्ने अठोट लिएँ । यसमा नेपाल प्रहरीका इन्टरपोल शाखा प्रमुख प्रहरी उपरीक्षक अनुपमशमशेर जबराले सघाउनुभयो ।

२८ चैत ०७९ को मन्त्रिपरिषद् बैठकले मलाई आरोहण अनुमति दियो । साथै, आरोहण दस्तुर छुट दिने निर्णयसमेत भयो । ३० चैत ०७९ मा राष्ट्रिय झन्डा, नेपाल प्रहरीको झन्डा र इन्टरपोलको झन्डा बोकेर सगरमाथा प्रस्थान भएँ ।

सगरमाथा आरोहण गर्नुअघि पाँच हजार मिटर अग्लो हिमाल चढ्नुपर्छ । यसकारण लबुजे (६,११९ मिटर) हिमाल चढेँ । यो हिमाल चढेको भोलिपल्ट हाम्रो टोली लबुजेतर्फ लाग्यो । लबुजेको बसाइ अत्यधिक कष्टपूर्ण रह्यो । किनभने रातभरि सुत्न सकिनँ । सास फेर्न गाह्रो भइरहको थियो । सहयोगी दिनेश शेर्पालेले

कवि लक्ष्मी रुम्बालाई मनपरेका सात पुस्तक



दर्शन, इतिहास, संस्कृतिसँगको सम्बन्धलाई आधार बनाई लेखिएका सबै विधाका पुस्तकले ध्यान खिच्छ । तर, पछिल्लो समय ननफिक्सनतर्फ मेरो जोड हुने गरेको छ । समयसँगै पठनरुचि पनि बदलिँदै जाने रहेछ । अध्ययनले जीवन, जगत् र समाजप्रतिको सोझो बुझाइलाई गहन र आलोचनात्मक दृष्टिकोणमा रूपान्तरण गरिदिन्छ । पुस्तक पढ्नु भनेको गहिरो साधना हो, जसले चेतना अनि वैचारिकीको नौलो र फराकिलो फाँटतिर डोऱ्याउँछ ।

■ **द सेकेन्ड सेक्स** : महिला आन्दोलनको विश्वव्यापी अभियानलाई टेको दिने गरी फ्रान्सेली लेखक, अभियन्ता सिमोन द वोउवारले यो पुस्तक लेखेकी हुन् । पुरुषतान्त्रिक व्यवस्थाले महिलालाई दोस्रो दर्जाको रूपमा चित्रण गरिरहेको परिप्रेक्ष्यमा यो पुस्तकले पुरुष निर्मित सबैखाले मूल्य-मान्यतामाथि खुर्पेचिह्न उठाएको छ । महिला र पुरुषबिचको विभेदी अवस्थालाई जैविक पाटोबाट नभई सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भबाट विश्लेषण गर्नुपर्छ भन्ने सिमोनको कथन छ । जन्मँदै महिला जन्मिँदैन, बरु समाजद्वारा महिला बनाइन्छ भन्दै महिला बन्न बाध्य कारकतत्त्व माथिको तार्किक विश्लेषण पुस्तकमा पाइन्छ ।

■ **आदिवासी विद्रोहको इतिहास** : इतिहासकार राजकुमार दिक्पालद्वारा लिखित यो पुस्तक आदिवासीको विद्रोहको दस्तावेज हो । आदिवासी जनजातिले तत्कालीन शासनसत्ताविरुद्ध कसरी विद्रोहको स्वर उराले का थिए भन्ने उल्लेख गर्दै इतिहासविहीन बनाइएकाहरूको इतिहासलाई पुस्तकले समेटेको छ । पुस्तकमा नेवार, लिम्बू, तामाङ, भोटे, माँझकिरात, गुरुङ र आठ पहरिया राईले शासकीय सत्ताविरुद्ध गरेको विप्लवी घटनालाई अभिलेखमा आधारित रही विश्लेषण गरिएको छ । आदिवासीहरू कसरी सीमान्तीकरणको चपेटामा पिल्सिन पुगे भन्ने ऐतिहासिक पृष्ठभूमिलाई पुस्तकमा पढ्न सकिन्छ । जसले सीमान्तीय पात्रमाथिको उत्पीडनविरुद्ध प्रतिरोधी चेतनालाई अझै प्रखर बनाउन ऊर्जा दिन्छ ।

■ **द कास्ट हाइरार्की एन्ड द स्टेट इन नेपाल** : आन्द्रे हुफरद्वारा लिखित यो पुस्तक पढ्नुअघि मुलुकी ऐन १९१० को विभेदकारी दफालाई केस्राकेस्रा बुझ्नुपर्ने हुन्छ । निरंकुश राज्य व्यवस्थाको चंगुलमाझ नेपाली समाजको विभेदी अवस्था बुझ्न मुलुकी ऐन पढ्नु आवश्यक छ । आन्द्रे हुफरको यो पुस्तकभित्र मुलुकी ऐनमा रहेको जातकै आधारमा मासिन्या मतवाली करार गरेर मार्न र अवैतनिक रूपमा दासदासी बनाउन मिल्नेलगायत कानुनी प्रावधानलाई आलोचनात्मक र विश्लेषणात्मक ढंगबाट व्याख्या गरेको छ । केन्द्रीकृत एकात्मक राज्यले जुन कानुन बनाएर वर्षौंदेखि उत्पीडित राष्ट्रका मान्छेमाथि दमन गर्दै आयो, त्यही कानुनमाथिको प्रतिरोधी चेतना विस्तारका लागि यो पुस्तक पढ्न जरुरी छ ।

■ **अनिँदो पहाडसँगै** : यो पुस्तकलाई पारिजातको लेखनयात्राकै 'टर्निङ पोइन्ट' मानिन्छ । प्रगतिशील नेपाली



उपन्यासको एउटा दरिलो पुस्तकका रूपमा 'अनिँदो पहाड'लाई लिन सकिन्छ । पुस्तकभित्रको पात्र सुवानी, जो महिला र सीमान्तीय हुनुको सबैखाले सकस खेप्दै वैयक्तिक पीडाभन्दा माथि उठेर सामाजिक उत्पीडनविरुद्ध प्रतिरोधी आवाज उराल्ने एक किनारीकृत पात्र हो । जीवनका अनेक अत्यासमा हिँडिरहँदा संघर्षकी पर्याय एक जब्बर पात्र सुवानीलाई सम्झिँदा पनि मभित्र साहसको घडा भरिएर आउँछ । क्रान्तिप्रति समर्पित सुवानीको 'बोल्डनेस' समाजका बेथितिविरुद्ध आन्दोलित महिलाको प्रतिनिधित्व हो ।

पञ्चायती शासन व्यवस्थाविरुद्ध क्रान्तिको बिगुल फुक्दै अघि बढेको कथानक नै यस उपन्यासको सबल पाटो हो ।

■ **इतर कविता** : इतर अभियानद्वारा प्रकाशित इतर कविता सीमान्तमा पारिएकाहरूको आवाजलाई कविताको माध्यमबाट मुखरित गर्ने पुस्तक हो । पराजित पोमुद्वारा सम्पादित यो किताब विभिन्न जनजाति समुदायका कविबाट रचित कविताको संगालो हो । इतर कविताभित्रका कविताले किनारीय स्वरलाई प्रस्फुटन गर्दै किनाराबाट केन्द्रको दाबी गरेका छन् । नेपाली समाजको राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक असन्तुलनविरुद्ध प्रतिरोधी चेतनासहितको सामूहिक सिर्जनात्मक हस्तक्षेपको रूपमा यो पुस्तकलाई लिन सकिन्छ । यसभित्रका कविता इतिहासको पुनर्व्याख्यातर्फ गतिशील रहँदै सीमान्तीकृत समुदायको पक्षधरतामा खरो रूपमा उभिएका छन् ।

■ **मेरा विश्वविद्यालयहरू**

म्याक्सिम गोर्कीको आमा पुस्तक, जसले विश्वव्यापी प्रभाव छोड्यो । विश्व क्रान्तिको परिवेशमा आमाले जुन गहिरो प्रभाव छोडेको छ, त्यसकै समीकरणमा यो पुस्तक मेरो मनको चोटाचोटामा घुमिरहन्छ । गोर्कीको आत्मकथात्मक तीन उपन्यासमध्येको एक यो पुस्तक रुसको जारशाही निरकुंश शासनको चपेटाबाट जन्मिएको हो । जब-जब यो सहरको गन्जागोलमा अत्यास, बेचैनी र सकसको घेराबाट गुज्रिरहेको हुन्छु, तब यो पुस्तक पल्टाउँछु । मैले सबैभन्दा बढी दोहोऱ्याएर पढेको पुस्तक हो यो । जीवनको वक्ररेखीय स्वरूपलाई सरल, मिहिन र दृश्यात्मक ढंगबाट केलाउन सक्नु यस पुस्तकको सामर्थ्य हो ।

■ **भारतीय दर्शन** : मान्छेको जीवनसँग दर्शनशास्त्रको घनिष्ट सम्बन्ध हुन्छ । यसको विविध आयामलाई बुझ्न वाचस्पति गैरोलाद्वारा लिखित भारतीय दर्शन पढ्नैपर्ने पुस्तक हो । यो पूर्वीय दर्शनको आस्तिक र नास्तिक दुवै कोणलाई सटिक रूपमा विश्लेषण गरिएको पुस्तक हो । दर्शनको प्रारम्भिक बिन्दुबाट प्रस्थान गरेर फराकिलो आयामतर्फ प्रवेश गर्न यो पुस्तकले सघाउँछ । तात्त्विक कोणबाट संसारमा विभाजित सचेतन र अचेतन पदार्थको बाह्य र आन्तरिक स्वरूपको सूक्ष्मताको अध्ययन गर्न यो पुस्तक उपयोगी छ । सरल र सहज भाषाशैलीमा लिखित यो पुस्तकले दर्शनको चेतन, वस्तुगत ज्ञानतत्त्व र बुद्धि ग्राह्य तत्त्वको गहिराइमा पुऱ्याएर दर्शनशास्त्रको सर्वसङ्ग्रही स्वरूपलाई ग्रहण गर्दै विश्लेषण गर्न सक्ने तहमा पुऱ्याउँछ ।

चर्चा



● राजेन्द्र तारकिणी

अभिव्यक्तिको सर्वोत्तम माध्यम हो, भाषा । भाषा खेलाउने सामर्थ्य नै भाषिक कला हो । प्रायः सिर्जनात्मक र साहित्यिक लेखनमा भाषिक कलाको रोमाञ्चक खेल खेल्न सकिन्छ । कुनै कुरालाई सोझै नभनी बढाइ-चढाइ वा घुमाइभन्दा त्यो साहित्यिक वा कलात्मक अभिव्यक्ति बन्न सक्छ । यही भाषिक खेलका अनेक सैद्धान्तिक एवं व्यावहारिक तौरतरिकालाई रोचक ढंगले पस्किएको पुस्तक हो- भाषिक कला, सिर्जनात्मक लेखन तथा सम्पादन ।

लेखक दीपक नेपालले करिब एक दशक लामो साहित्यिक लेखन, सम्पादन तथा अध्ययनको अनुभवका आधारमा खारिएरै यो पुस्तक तयार गरेका हुन् । सम्पादन हाउसमार्फत साहित्यिक कृतिको सम्पादन, परिमार्जन, प्रकाशनमा उनीसँग जोडिएर सँगसँगै काम गर्दाका कैयौं व्यावहारिक अनुभव, अप्ठ्यारा र सिकाइ मसँग पनि ताजै छन् । र, 'भाषिक कला' केवल भाषिक सम्पादनका लागि मात्र नभएर विषयवस्तु सम्पादन, घोस्टराइटिङ (छाया लेखन), सिर्जनात्मक लेखन कौशलका साथै विधातत्त्व, पूर्वीय साहित्य समालोचकीय तत्त्व- रस, अलंकार, लय, शब्दशक्ति आदिको सांगोपांग सोदाहरण परिचयसहित आएको छ । तसर्थ, नेपाली भाषा-साहित्यका विद्यार्थी, लेखक, सम्पादक, पत्रकार आदिका लागि उपयोगी देखिन्छ ।



सहयात्रीको साथमा इन्टरपोलको भन्डा फहराउँदै

जीवन दाउमा लगाएर सगरमाथा शिखर चुम्ने सपना देखेको छु। यसले चिन्तित पनि थिएँ। साथै, सानैदेखि सगरमाथा चढ्ने इच्छा पूरा हुने कुराले खुसी भएको थिएँ। मेरो प्रहरी संगठन र विश्वका १९६ देशका प्रहरी संगठनको साझा संस्था इन्टरपोलले मलाई विश्वास गऱ्यो। म यी सबै देशको प्रतिनिधित्व गर्दै ऐतिहासिक रेकर्ड राख्दै थिएँ। यो जिम्मेवारी जसरी पनि पूरा गर्नुपर्छ भन्ने अठोट लिएँ।

बचाउनुभयो। त्यसवेला अलि जटिल नै महसुस भयो। बिहान भरियाको टेन्टमा गएर पानी र मकै खाएँ। त्यहाँ एक-दुई घण्टा सुर्ते। अलि आराम भयो। त्यसवेला सगरमाथा अरोहण गर्न सक्दिनँ कि भन्ने लागेको थियो।

आरोहण गर्दाको क्षण

आधार शिविरमा दुई दिनको तालिमपछि सगरमाथा आरोहण सुरु भयो। आरोहीहरूको पहिलो समूहमा परेको थिएँ। त्यतिवेला आरोहीको संख्या कम थियो। जसले गर्दा आरोहणमा बाटो जामको समस्या थिएन। १३ मे २०२३ राति १२ बजे पूजा गरेर हाम्रो टोलीले आधार शिविरबाट सगरमाथाको चुचुरोतर्फको यात्रा सुरु गऱ्यो।

सगरमाथा आरोहणमा खुम्बु आइसफल अत्यन्त जोखिम मानिन्छ। त्यहाँ हिमपहिरो गइराख्छ। मनमा त्रास उत्तिकै थियो। तर, टिम लिडरले सिकाउने र हिम्मत बढाउने काम गर्थे। हिम्मत कम हुन दिएनन्। लगातार ११/१२ घण्टा हिँडेर क्याम्प १ पुगियो। केही समय आराम गरी फेरि क्याम्प २ का लागि प्रस्थान गरियो। क्याम्प २ बाट यात्रामा अझै बढी जटिल थियो। भिरालो बाटोमा टाँगिएको डोरीलाई बाटो मानेर डोरी समाउँदै हिँडनुपर्ने, तीव्र हावाले वेला-वेला हुत्याउलाझैं गर्ने। माथिबाट ढुंगा र हिउँका ढिक्का झरिरहने, पाइला-पाइलामा जोखिम थियो। मैले प्रहरी विभिन्न तालिम लिए पनि आरोहण निकै कठिन थियो।

करिब नौ घण्टाको हिँडाइपछि क्याम्प ३ पुगियो। अक्सिजनको प्रयोग क्याम्प ३ बाट सुरु भयो। यसैबिच हिलारी स्टेपमा अचानक लर्डे। सहयोगी शेर्पा अलि अगाडि पुगिसकेका थिए। हिलारी स्टेप निकै जोखिमयुक्त क्षेत्र पनि हो। त्यहाँ 'डेड बडी' देखिन्थे। हिलारी स्टेप कपितय मान्छे जान पनि सक्दैनन्। त्यतिवेला तीव्र हावा चलिरहेको थियो। हिउँ परिरहेको थियो। तर, मलाई कसैको मरेको शरीरले बचायो। शिखरमा पुग्न दुई-तीन सय मिटर मात्रै थियो। तल हेर्छु भिर। सास फेर्न सकिरहेको छैन। एक हातले भुइँ टेकेको थिएँ। डोरीमा झुन्डिरहेको थिएँ। श्रीमती, छोराछोरी सम्झिएँ। आरोहण टोलीका शेर्पा साथीले अब चुचुरोमा पुग्न धेरै समय लाग्दैन भन्दै बोलाए। बल्लतल्ल उठें। यद्यपि, शारीरिक र मनोवैज्ञानिक रूपमा निकै कमजोर थिएँ।

एक पाइलासमेत हिँड्न सक्ने अवस्था थिएन। आफ्नै सास गह्रौं लागिरहेको थियो, शरीर भारी लागिरहेको थियो। पुग्न सक्दिनँ जस्तो लागिरहेको थियो। तर्घ्रिदै अघि बढें।

अन्ततः २ जेठ ०८० बिहान १०:१५ बजे सगरमाथा आरोहण गर्न सफल भएँ। त्यसपछि संसार जितेको महसुस भयो। दंग थिएँ। मेरो देशको राष्ट्रिय झन्डा, इन्टरपोलको झन्डा र नेपाल प्रहरीको झन्डा सगरमाथाको शिखरमा फहराएँ। नेपाल प्रहरीको स्थापनादेखि नभएको काम मैले गर्न सफल भएँ। पछि अस्ट्रियाको राजधानी भियनामा इन्टरपोलले मलाई सम्मान पनि गऱ्यो। त्यहाँ दुई हजारभन्दा बढी मान्छेबिच आफ्नो आरोहण अनुभव सुनाएँ। नेपाल प्रहरीको एक्लो सगरमाथा आरोहीको रूपमा अनुभव सुनाउन पाएँ। नेपाल प्रहरीलाई हेर्ने दृष्टिकोण पनि उच्च बन्यो।

प्रहरीको आँखाबाट सगरमाथा नियाल्दा

सगरमाथामा अश्रित दाजुभाइको जीवन निकै दर्दनाक पाएँ। भरिया (शेर्पा)हरू हिमपहिरोमा फसे भने तत्काल उद्धार गर्ने हेलिकोप्टर पनि छैन। विदेशीको आधा घण्टामै उद्धार हुन्छ। तर, नेपालीको उद्धारमा निकै ढिलाइ हुन्छ। शेर्पाहरू भरिया बनेर हरेक आरोहीलाई सघाइरहेका हुन्छन्। तर, उनीहरू नै बेवास्तामा छन्। उनीहरू भएनन् भने पर्यटन क्षेत्र के हुन्छ होला ? राज्यले यसरी सोचेको देखिँदैन। उनीहरूको व्यक्तिगत जीवन सुरक्षित देखिनँ। विदेशमा हिमाल चढ्दा पोर्टर र गाइड सुरक्षित हुन्छन्। तर, नेपालको हकमा त्यस्तो छैन।

विदेशीमा नेपालीले पैसा तिरेर सगरमाथा आरोहण गर्न सक्दैनन् भन्ने बुझाइ छ। विदेशीलाई सेवासुविधा बढी दिइन्छ। उनीहरूले जीवन जोखिम राखेर सेवा गरेका हुन्छन्। तर, उनीहरूलाई होटेलबाहिर राखिन्छ। उनीहरू दुई घण्टा तल झरेर वास बस्नुपर्ने अवस्था छ। नेपाली बस्ने ठाउँमा पनि गतिलो छैन। नेपालीको अवस्था दर्दनाक देखेँ। उनीहरूको जीवन सुरक्षित बनाउनेतर्फ सम्बन्धित निकायले सोचेको देखिँदैन।

क्याम्प ४ पुगेपछि नेपालको समय नै हेर्न नपाइने रहेछ। चीनको समय हेर्नुपर्छ। चीनको समयअनुसार चल्नुपर्ने रहेछ। नेपालीले नेपालको सगरमाथा चढ्नलाई विदेशी मौसम हेर्नुपर्ने बाध्यता छ। हामीले विदेशमा पैसा तिरेर मौसमबारे सूचना किन्नुपर्ने रहेछ। आठ हजार मिटरमाथि राखेको एन्टिनाले वेदर फरकास्टको जानकारी विदेशमा दिन्छ। यो आफैंमा बिडम्बना हो।

आधार शिविरमा ध्वनि प्रदूषण

आधार शिविरमा टेन्टभित्र ग्यास हिटर राखिन्छ। ठुलो साउन्डमा गीत बजाइन्छ। एकदमै आनन्ददायी जीवनजस्तो हुन्छ। महँगा जीवनशैली त्यहाँ देखिन्छ। बेसक्याम्पमा ठुलो साउन्डमा गीत बजाइन्छ। प्रत्येक टेन्टमा ग्यास बालिन्छ। त्यसको तातोले समेत हिमाल पग्लिँदै गएको देखिन्छ। यस्ता खालको विषयलाई सम्बन्धित निकायले हेर्नुपर्छ जस्तो लाग्छ।

प्रकृतिको संरक्षण गर्ने सबैको दायित्व हो। तर, प्रकृति नै क्षयीकरण भइरहेको देखिन्छ। सगरमाथामा फोहोर बढिरहेको छ। खासगरी क्याम्प ४ मा फोहोर बढिरहेको छ। क्याम्प ४ मा क्यान, स्टोभ, टेन्टदेखि धेरै खालको फोहोर देखियो। जसले वातवरणमा ह्रास आइरहेको छ। आधार शिविर कंक्रिटजस्तो महसुस भयो। अहिले खोलाको बगरजस्तो मात्रै देखिन्छ। आइस नै देखिन छाडेको छ। हामीले नै क्षयीकरण गरिरहेका छौं। अस्वस्थ प्रतिस्पर्धाले गर्दा घाटा भइरहेको छ। आरोहणको अस्वस्थ प्रतिस्पर्धाले गर्दा फोहोर व्यवस्थापनमा चुकिरहेका छौं।

पूर्वसांसद तारासम योङ्याको 'बुढो साइकल'

न कुनै सुविधाको खोजी, न राज्यसत्ताबाट अपेक्षा। तारासम जीवनको उत्तरार्द्धमा पनि त्यही साढे दुई दशक पुरानो साइकल चढेर बजार डुल्छन्।



समाज



● चिरञ्जीवी घिमिरे

मध्य वैशाखको चर्को घाम। शिवसताक्षीको दुधेबजारनजिकै पूर्वपश्चिम राजमार्गछेउमै असिनपसिन हुँदै साइकल डोऱ्याइरहेको अवस्थामा भेटिए ८१ वर्षीय पूर्वसांसद तारासम योङ्या। तीन दशकदेखि बोक्दै आएको साइकलले धोका दिएपछि उनी डोऱ्याउन बाध्य थिए।

'आज साइकललाई के भयो ?' हामीले सोध्यौं।

उनले पसिना पुछेर हाँस्दै भने, 'कहिलेकाहीं धोका दिन्छ नि ! पन्चर भएछ, के-के बिग्रन्छ, मर्मत गर्दै चलाउँदै छु।' घरबाट करिब एक किलोमिटरमा रहेको दुधेबजारसम्म साइकल डोऱ्याएर आइपुगे। साइकल बनाउन दिएर उनी हामीसँग अनुभव साट्न थाले।

झापाका पुराना र स्थापित कम्युनिस्ट नेता तारासम योङ्या दुई कार्यकाल सताक्षीधाम गाविस अध्यक्ष भए, ०५६ सालमा प्रतिनिधिसभा सदस्य र ०६३ को अन्तरिम संसद्मा पनि सहभागी रहे।

सादगी जीवनको प्रतिमूर्ति तारासम जीवनको उत्तरार्धमा पनि त्यही पुरानै साइकल चढेर बजार डुल्छन्। न कुनै सुविधा खोजी, न राज्यसत्ताबाट अपेक्षा।

०५४ सालमा दोस्रोपटक गाविस अध्यक्ष हुँदा किनेको साइकल अझै उनको हिँड्डुलको मुख्य साधन हो।

'करिब तीन दशकदेखि यही साइकलमा यात्रा गरिरहेको छु,' उनी भन्छन्, 'त्यसवेला जनप्रतिनिधि गाडी चढ्दैनथे, मोटरसाइकलसमेत बिरलै हुन्थ्यो। मचाहिँ साइकलमै जनताको सेवामा खटिएँ।'

करिब तीन दशकदेखि साथमा रहेको यो साइकल उनका लागि निकै प्रिय छ। ०५६ सालमा सांसदमा निर्वाचित भएपछि भने केही समय यो साइकलले आराम पायो। तर, निर्वाचन क्षेत्र आएका वेला हुने औपचारिक कार्यक्रममा यही साइकल लैजान्थे।

०२४ सालमा शिक्षण पेसामा लाग्दादेखि नै कम्युनिस्ट आन्दोलनप्रति झुकाव राखेका तारासम एमालेको मेची अञ्चल कमिटीदेखि राष्ट्रिय परिषद् सदस्यसम्मका जिम्मेवारीमा सक्रिय रहे। हाल उनी एमाले केन्द्रीय सल्लाहकार परिषद्मा छन्, तर सक्रिय राजनीति भने त्यागिसकेका छन्।

एमाले अध्यक्ष केपी ओली निकट नेता मानिए पनि उनले सधैं सत्ता र शक्तिको वरिपरि घुम्ने मोह राखेनन्। लोभलालचबाट टाढा बसेर उनले 'असली कम्युनिस्ट'को जीवनपद्धति अँगाले।

'जहानियाँ राणा, निरंकुश पञ्चायत, राजतन्त्र सब फालिएको छ। लोकतान्त्रिक गणतन्त्र आएको छ,' उनी भन्छन्, 'अब सत्तामा राम, श्याम, हरि, जो आए पनि मलाई सरोकार छैन। म आफैं श्रम गरेर बाँच्न चाहन्छु।'

खेतीमा दैनिक खटिन्छन्

उमेरले आठ दशक नाघिसक्यो। तर, तारासम योङ्याले अझै श्रम गर्न छाडेका छैनन्। उनी खेतबारीमै पसिना बगाएर घरका लागि अन्नबाली उत्पादन गर्छन्। 'आफूलाई चाहिने धान, मकै आफैं फलाउँछु,' उनी भन्छन्, 'मन स्थिर राख्न ध्यान गर्छु, शरीरलाई तन्दुरुस्त राख्न व्यायाम गर्छु। साइकल चलाउनु पनि व्यायाम नै हो, त्यसैले म अझै पनि साइकलमै हिँड्डुल गर्छु।' तारासमको जीवनशैली नै उनी स्वस्थ्य रहनुको मुख्य कारण हो। 'आजका धेरै युवाभन्दा छिटो हिँड्न सक्छु,' उनी दाबी गर्छन्।

तारासम अहिले मोबाइलमार्फत अनलाइन समाचार हेर्छन्, पत्रपत्रिका पढ्छन्। तर, कृषि क्षेत्रको जटिलता र उपेक्षा देख्दा उनी चिन्तित छन्। 'कृषिलाई विशेष प्राथमिकता दिनुपर्ने हो,' उनी भन्छन्, 'तर, कृषि क्षेत्र झन् पछि परेको छ।'

उनी सम्झन्छन्, 'पहिले तोरी र धान बेचिन्थ्यो, आजकाल त किन्नुपर्ने अवस्था आएको छ। खेतबारी खाली छन्, मान्छेले गाईवस्तु पाल्न छाडे, मल उत्पादन हुँदैन। संसद्मा यस्ता विषय उठ्दैनन्,' उनी गुनासोको पोको खोल्छन्, 'यी विषयमा गम्भीर छलफल होस् भन्ने चाहना छ। तर, कसले बोलिदिने किसानका कुरा ?'

जब चुनावको टिकट त्यागे

गाविस अध्यक्षदेखि संसद्सम्मको उनको राजनीतिक उडान रोचक छ। तारासमले दुईपटक सताक्षीधाम गाविसको अध्यक्ष जिते। पहिलोपटक ०४९ सालमा र दोस्रोपटक ०५४ मा। तर, दोस्रो कार्यकाल पूरा गर्न भने पाएनन्। कारण- प्रतिनिधिसभा चुनाव। ०५६ सालमा तत्कालीन झापा-५ बाट उनी प्रतिनिधिसभा सदस्यमा निर्वाचित भए। गाविस अध्यक्षबाट राजीनामा दिए, चुनाव लडे र जिते पनि। जनताले गाउँमा विश्वास गरेझैं, संसद्मा पनि भरोसा गरेका थिए, उनलाई।

०६३ सालमा अन्तरिम व्यवस्थापिकाका सदस्य बनेका तारासमले ०५६ सालको संसदीय चुनावमा जम्मा दुई हजार रुपैयाँ खर्च गरेर चुनाव जितेका थिए। तर, ०७० सालमा दोस्रो संविधानसभा निर्वाचन आउँदा राजनीतिको चरित्र फेरिइसकेको थियो। '०५६ मा दुई हजार रुपैयाँमा चुनाव जितेको, ०७० आउँदा त एक करोडले पनि नपुग्ने भयो,' उनी सम्झन्छन्, 'खर्चिलो चुनावसामु टिक्न सकिएन। उम्मेदवार नबन्ने मनस्थितिमा पुगेँ।' उनलाई मनाउन केपी ओली र झलनाथ खनालले आग्रह गरे। तर, उनले स्पष्ट रूपमा भने, 'म खर्च गर्न सक्दिनँ।' अन्ततः पाएको टिकट नै त्यागिदिए।

उनको बुझाइमा निर्वाचन खर्च पनि भ्रष्टाचार बढाउने मुख्य कारण हो। 'जब करोडौं खर्चेर चुनाव जितिन्छ, त्यो पैसा त कसरी भए पनि उठाउनैपऱ्यो,' उनी भन्छन्, 'त्यसैले जितेपछि सरुवा, बढुवामार्फत वा ठेक्कापट्टामार्फत उठाउने चलन सुरु भयो। यही हो भ्रष्टाचारको मूल जड।'

उनको स्मृतिमा पार्टीको पुरानो अनुशासन अझै ताजा छ। 'पहिले प्रचारमा पार्टी संगठनले नै खर्च व्यहोर्थ्यो,' उनी भन्छन्, 'अहिले त कार्यकर्तामा पनि लोभ पलाउन थालेको छ।'

घरबाटै विद्रोह

तारासम ००१ सालमा पाँचथरको ओयाममा जन्मिएका हुन्। उनका बुबा गाउँका अमाली सुब्बा थिए। यसकारण सुखसयलमै हुर्किए। तर, पढाइका लागि उनले अफ्नो घरबाट विद्रोह गर्नुपर्ने बाध्यता महसुस गरे।

'बुबाको बाकस खोलेर आठ-नौ रुपैयाँ लिएर म दार्जिलिङ भागेँ। पढ्नका लागि विजनबारी पुगेको थिएँ। तर, आमाले मान्छे पठाएर फर्काउनुभयो,' उनी सम्झन्छन्। तर, अन्ततः उनले विद्यालयमा नाम लेखाउन सर्त राखेका थिए र नाम लेखाइयो पनि।

पछि, तारासम र उनका साथीहरूले गाउँमै विद्यालय खोले। त्यहाँ कक्षा ५ सम्म पढे र त्यसपछि आफैंले खोलेको सिद्धेश्वर प्राविमा सहायक शिक्षकको रूपमा काम पनि सुरु गरे। 'कक्षा ६ माथि विद्यालय नगईकनै पढैं,' उनी भन्छन्।

झुटो मुद्दामा जेल

झापामा दारासिंह नामका एउटा चर्चित पात्र थिए। उनी 'डन' थिए। उनीसँग सबै डराउँथे। यिनै पात्रको विषयमा 'उर्फ दारासिंह' नाटक काठमाडौंको मण्डला थिएटरमा चुलाचुली रंगमञ्चले मञ्चन गरिरहेको थियो।


तारासम योङ्यालाई तिनै दारासिंहको हत्या आरोपमा फसाइयो र सात वर्ष जेल पठाइयो। तर, तारासम दाबी गर्छन्, 'त्यो घटनामा मेरो कुनै संलग्नता थिएन। पञ्चायतको विरोध गऱ्यो भनेर पुनरावेदन अदालतबाट फेरि थुनाए।' पछि, सर्वोच्च अदालतले उनलाई निर्दोष प्रमाणित गर्दै सफाइ दिएको थियो।

०३७ सालमा तारासम योङ्या, सताक्षी प्राथमिक विद्यालयका शिक्षक, विद्यालयको आयस्रोतका लागि माघे संक्रान्ति मेला आयोजना गर्न जिम्मेवारीमा थिए। मेला आयोजना गर्ने सचिवको रूपमा उनले आयोजकको जिम्मेवारी निभाउँदै थिए। त्यो मेलामा तासजुवाबाहेक अन्य खेलकुद र मनोरञ्जनका कार्यक्रम राख्न अनुमति थियो। तर, मेलामा जुवा खेल्ने प्रचलनको विरोध गर्दै तारासम र केही अन्य व्यक्ति त्यसविरुद्ध उभिए।

त्यसवेलाको झापाको राजनीतिक र सामाजिक परिप्रेक्ष्यमा मेलामा जुवा खेल्न लागेका दारासिंह, प्रधानपञ्च जंगबहादुर अधिकारी र वडाध्यक्ष शिवकुमार योङ्याबिच विवाद उत्पन्न भयो। त्यही विवादबिच दारासिंह मारिए। त्यसको दोष तारासमको काँधमा आइलाग्यो। तारासमले भने, 'अनाहकमा मलाई सात वर्ष जेलमा राखियो।'

बहुउपयोगी पुस्तक 'भाषिक कला'

साहित्य कलामा प्रायः सबैको रुचि हुन्छ। तर, सबैले साहित्य लेख्न सक्दैनन्। भावना, अनुभव, भोगाइ, विचार, तर्क, अभिव्यक्ति सबैभित्र हुन्छ। तर, सबैमा साहित्यिक भाषामा ढाल्ने क्षमता र दक्षता हुँदैन। राम्रो लेखन, मिठो र प्रभावशाली भाषा, अरूभन्दा फरक शैली आदि रहर सबैको भए पनि त्यो पूरा गर्न चुकिरहेकै हुन्छन्। तसर्थ, लेखनमा निरन्तर सुधार, परिमार्जन र सम्पादन जरुरी हुन्छ। आफैंले पनि पटक-पटक पुनर्लेखन तथा सम्पादन गर्न सकिन्छ। पछिल्लो समय दक्ष, अनुभवी सम्पादकमार्फत सम्पादन गराउने व्यावसायिक चलन बढ्दो छ। यसका लागि भाषागत तथा विधागत ज्ञान, कौशल एवं सम्पादकीय सीप चाहिन्छ। यी सबै कुरालाई सिलसिलेवार प्रस्तुत गरिएको यस पुस्तकमा चार खण्ड र एक परिशिष्ट रहेको छ।



अभिव्यक्ति कौशल, सिर्जनात्मक लेखन तथा सम्पादनबारे गहन एवं विस्तृत हिसाबले लेखिएका पुस्तकको अभाव देखिएको वर्तमान समयमा यस पुस्तकले अलग्गै स्थान राख्नेमा दुईमत छैन

पहिलो खण्डमा साहित्य लेखनसम्बन्धी विविध विषय छन्। लेखन कला, साहित्यिक भाषा, लेख्दा ध्यान दिनुपर्ने कुरा, लेखक बन्ने उपाय र सीमा, साहित्यका अवयवको परिचय र प्रयोग, विधागत परिचय र लेख्ने तरिका आदि विषयको प्रस्तुति यस खण्डमा छ। दोस्रो खण्ड हो-सम्पादन कला, जसमा सम्पादनको आवश्यकता, प्रयोग, सीमा र प्रकार, सम्पादन गर्दा ध्यान दिनुपर्ने पक्ष र विधागत सम्पादन रहेका छन्। पुस्तकको सार यी दुई प्रमुख खण्डमै केन्द्रित छ। आधुनिक समयमा लेखक हुनका लागि आफैं लेख्नुपर्ने मान्यता अर्थहीन भइसकेको छ। छायालेखन अर्थात् घोस्टराइटिङ नेपाली साहित्यमा समेत मौलाउँदो छ। आफ्ना भावना, भोगाइ, अनुभव, विचार टिपाएर कृति तयार पार्ने काम छायालेखन हो। पुस्तकको तेस्रो खण्डमा यसैबारे विस्तृत चर्चा छ। चौथो खण्डमा लेखक र सम्पादक तथा तिनीहरूबिचको सम्बन्ध, कस्तो सम्पादक छान्ने र सम्पादकमा हुनुपर्ने गुण वा क्षमतालगायत विषय रहेका छन्। परिशिष्ट खण्डमा विधातत्त्व र साहित्यका मुख्य तत्त्व, नेपाली साहित्यका केही आन्दोलन तथा लेख्यचिह्नको संक्षिप्त परिचय रहेको छ।

अभिव्यक्ति कौशल, सिर्जनात्मक लेखन तथा सम्पादनबारे गहन एवं विस्तृत हिसाबले लेखिएका पुस्तकको अभाव देखिएको वर्तमान समयमा यस पुस्तकले अलग्गै स्थान राख्नेमा दुईमत छैन। किनभने, यो न कोरा सैद्धान्तिक ढर्राको पुस्तक हो, न त मनगढन्ते। सिद्धान्त, व्यवहार, अनुभव, तर्क र मौलिक एवं सरल प्रस्तुतिको कुशल संयोजनका कारण यो कृति सबैका लागि बहुउपयोगी बनेको छ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



सफल हुँला, तर सन्तुष्ट छैन

एकैपटक ठुलो सपना देख्दा पूरा नहुने रहेछ, ससाना सपना बढाउँदै जानुपर्ने रहेछ

*चलचित्रमा नामभन्दा पनि निर्वाह गरेको भूमिकामार्फत चिनिने अभिनेतामध्येका एक हुन्, विपिन कार्की। उनी 'छड्के', 'पशुपतिप्रसाद', 'नाका', 'हरि', 'जात्रा'लगायत चलचित्रमा निर्वाह गरेको चरित्रले स्थापित भए। 'जात्रै जात्रा', 'प्रसाद', 'सेल्फी किङ'मार्फत चरित्रमा विविधता ल्याएका अभिनेता कार्की रंगमञ्च हुँदै चलचित्रमा आएकाले चरित्र निर्माणमा गम्भीर र अन्यभन्दा फरक छन्। उनै अभिनेता कार्कीले आफ्नो कलायात्राबारे **पवन बराइली**सँग गरेको कुराकानी :*



आत्मसमीक्षा • विपिन कार्की, अभिनेता

०५५ सालमा एसएलसी दिएर विराटनगरबाट काठमाडौं आउँदा सपनाविहीन थिएँ। मसँग जीवनको ठोस उद्देश्य थिएन। मात्रै उच्च शिक्षाका लागि आएको हुँ। पढेर यही बन्छु भन्ने सपना देखेको थिइनँ। त्यसवेला काठमाडौं आएर पढ्ने चलन व्याप्त थियो। म पनि त्यही व्याप्त चलनमा चर्लें।

मेरो दाइ (अर्जुन कार्की) काठमाडौंमा हुनुहुन्थ्यो। उहाँले सिनेमामा खेलिसक्नुभएको थियो। तर, म पनि कलाकार बन्छु होला भन्ने सोचेकोसम्म पनि थिइनँ। कमलमणि दाइ (नेपाल) गुरुकुलको नाटक गर्नुहुन्थ्यो। उहाँ र मेरो गाउँ एउटै भएकाले पहिलेदेखि चिनजान थियो। काठमाडौं आएपछि कमल दाइलाई भेट्ने बहाना बन्यो। यही क्रममा उहाँले गुरुकुल लैजानुभयो। त्यसपछि नियमित गुरुकुलमा नाटक हेर्न जान थालें। बिस्तारै नाटकप्रति प्रेम बस्न थाल्यो। नाटकमा आकर्षण बढ्न थाल्यो।

> जतिवेला अभिनयको भोक थियो, त्यतिवेला नाटकमा सानो रोल पाउँदा आनन्द लाग्थ्यो। अर्को नाटकमा दर्शकले नोटिस गर्ने खालको रोल पाए हुन्थ्यो जस्तो लाग्थ्यो। नाटकमा खेल्नुअघि नै टार्गेट बनाउँथें। मुख्य भूमिकामा कास्टिङ हुन पाए हुन्थ्यो जस्तो लाग्थ्यो।

...अनि विदेश जानबाट रोकिएँ

पछि गुरुकुलमै बस्न थालें। गुरुकुल आएपछि आत्मविश्वास बढ्न थाल्यो। काठमाडौंमा अडिने बहाना खोजिरहेको थिएँ। रोजगारी आवश्यक थियो। आफ्नो खर्च जोहोका लागि काम खोज्न घरबाट दबाब आइरहेको थियो। साथीभाइले पनि काम गर्न थालिसकेका थिए। घरबाट प्रश्न गर्थे, 'साथीहरू अफिसमा काम गर्न थालिसके, के गर्दै छस् ?' तर, मसँग जवाफ थिएन।

खासमा अल्झिनकै लागि मात्र नाटकमा काम गरेको थिएँ। मैले घरमा काम थालें भन्न मात्रै नाटक गरेको थिएँ। गुरुकुलमा नाटक गर्नुअघि विदेश जान भन्दै धेरै ठाउँ धाएँ। कोरियन भाषा पढ्ने तयारी गरेँ। तर, जान मनै लागेन। घरबाट दबाब आएपछि अस्ट्रेलिया जानका लागि कोसिस गरेँ। मामा पनि विदेशमै हुनुहुन्थ्यो। उहाँले पनि विदेश जान आग्रह गरिरहनुभएको थियो। विदेश गए प्रगति हुने, नेपाल बसेर केही नहुने भन्नेहरू धेरै थिए। सबैले यसो भनिरहँदा विदेश जान मन नलागेको पनि होइन। तर, बिस्तारै अभिनयमा रस बस्न थालेको थियो। बरु भोकभोकै नाटक गर्छु तर विदेश जान्न भन्ने विचार पनि सँगसँगै आइरहेको थियो। अन्त्यमा यही विचारले जित्यो।

बिस्तारै नाटकले मनमा गहिरो डेरा जमाउन थाल्यो। गुरुकुलमा पढाइकै क्रममा सपना देख्न थालिसकेको थिएँ। ओहो ! सपना पनि देख्न सकिनेरहेछ भन्ने महसुस भयो। कलाकार बन्न सकिन्छ कि भन्ने लाग्यो। मलाई केले दुन्मुनाएर यहाँ ल्याइपुऱ्यायो भन्ने लाग्यो। अभिनय बिस्तारै सिक्दै गएको महसुस भयो। नाटकमा छोटाछोटा भूमिकासमेत पाउन थालें। यस्ता भूमिका पाउँदा पनि भयंकर भएजस्तो लाग्थ्यो।

गुरुकुल पुनुअघिसम्म त सपना नै थिएन। नाटकमा अभिनय गर्न थालेपछि आत्मविश्वास बढ्यो। अबचाहिँ यही क्षेत्रमा काम गर्न सक्ने रहेछु भन्ने लाग्यो। यहाँ तीन-चार वर्ष अभिनय पढेर निस्किँदा अरू काम त गर्नै सक्दिनँ भन्ने लागिसकेको थियो। कुनै योजना नबनाए पनि जीवन चल्ने रहेछ। म अभिनयको सपना बुनेर आएकै थिइनँ। यहाँ एक्कासि आइपुर्गें। अभियन गर्छु भन्ने सपना देखेकै थिइनँ। संयोगले अभिनयमा आइपुर्गें, जीवनको बाटो आफैं बन्दै जाँदो रहेछ।

सफल छु, तर सन्तुष्ट छैन

जतिवेला अभिनयको भोक थियो, त्यतिवेला नाटकमा सानो रोल पाउँदा आनन्द लाग्थ्यो। अर्को नाटकमा दर्शकले नोटिस गर्ने खालको रोल पाए हुन्थ्यो जस्तो लाग्थ्यो। नाटकमा खेल्नुअघि नै टार्गेट बनाउँथें। मुख्य भूमिकामा कास्टिङ हुन पाए हुन्थ्यो जस्तो लाग्थ्यो।

'लुट'अघि 'आचार्य' चलचित्रमा अभिनय गरेको थिएँ। दुवैमा सानै भूमिका थियो। नोटिस हुने रोल थिएन। नाटकबाट सिनेमामा आउँदा जीवनको कठिन परिस्थितिमा थिएँ। गुरुकुल बन्द भएपछि मेरो जाने ठाउँ कतै थिएन। काम गर्ने र बस्ने थलो त्यही थियो। आठ-नौ वर्षदेखि आश्रय लिइरहेको गुरुकुलबाहेक मेरो अर्को संसार थिएन। घर फर्किन त सक्थें तर मेरा लागि घरमा कोठा थिएन। फेरि घर पनि कुन मुखले जाने ? त्यसैले सानै भए पनि चलचित्रमा भूमिका निर्वाह गर्नुपर्ने अवस्थामा थिएँ।

अन्योलको स्थितिमा थिएँ। चलचित्र निर्देशक निगम श्रेष्ठले 'छड्के'का लागि अफर गरे। 'लुट'मा गरेको अभिनय उनलाई मन परेछ। त्यसैले 'छड्के' का लागि हातमा स्क्रिप्ट थमाइदिए। अब भने म 'छड्के'का लागि फुल फोकस भएँ। यसबाहेक अरू गर्नु थिएन, मात्रै अभिनय गर्नु थियो। मैले दायाँबायाँ केही सोचिनँ। आफूलाई पात्रमा ढाल्न सक्दो कोसिस गरेँ। पात्रको हुलिया र हाउभाउ मिलाउन मिहेनत गरेँ। छड्केको सुटिङ दुई महिनामा सकियो। फिल्म रिलिज भयो। छड्केमा मेरो भूमिका 'बिन्दु' दर्शकले रुचाइदिनुभयो। यो हिसाबले म सफल भएँ।

'छड्के'पछि फिल्ममा अफर आउन थाले। 'छड्के'ले मलाई विदेश जानबाट जोगायो। काम नपाएको भए विदेश जान्थें होला। विदेशको चक्करमा घुम्न थालिसकेको थिएँ।

ससाना सपना बढाउँदै जानुपर्ने रहेछ

'भस्मे डन', 'फणिन्द्र तिमिल्सिना'जस्ता चरित्र धेरैले बिर्सनुभएको छैन। मैले गरेका अरू पात्र पनि दर्शकका प्रिय बनेका छन्। हिजो चलचित्रमा खेल्न पाए मात्रै पनि हुन्थ्यो जस्तो लाग्थ्यो। बिस्तारै मुख्य भूमिकामै काम पाएँ। सपनाका दायरा बिस्तारै फराकिला हुँदै गए। एकैपटक ठुलो सपना देख्दा कहिल्यै पूरा नहुने रहेछ। ससाना सपना बढाउँदै जानुपर्ने रहेछ। त्यो वेला गुरुकुलमा भर्ना हुँदा खुसी थिएँ, त्यति नै अहिले चलचित्रमा। तर, सन्तुष्ट छैन। आफ्नो कामले कति सन्तुष्ट छु ? भन्ने मुख्य हुँदो रहेछ।

गतिलो काम नगर्दा पनि कहिलेकाहीं दर्शकलाई मन पर्न सक्छ। तर, म सन्तुष्ट नहुन सक्छु। कतिपय चलचित्रमा सिकेको ज्ञान लागू भएका छैनन्। कतिपय अवस्थामा हल्का रूपमा गरेको काम दर्शकले मनपराइदिनुभएको छ। मेरा चरित्र चर्चित हुनु वा मैले सफलता पाउनु फरक कुरा रहेछ। सन्तुष्ट हुनचाहिँ निकै गाह्रो हुने रहेछ।

दर्शकलाई अहिले मेरो काम मन परेको होला, त्यसैले म सफल छु होला। यही कारण सबैले चिनेका पनि होलान्। त्यसो भए अभिनयमा गर्न खोजेको यति हो त ? आफैंलाई प्रश्न गर्छु। तर, आत्मसन्तुष्ट हुने काम अझै गर्न बाँकी छ। मैले सिकेको ज्ञान काममा लागू गर्न बाँकी छ। सिकेको कुरा अभिनयमार्फत भन्नु छ। जति काम गऱ्यो, त्यति नै कमजोरी देखिने रहेछ। एउटा कामले अर्को कामको कमजोरी पत्ता लगाइदिने रहेछ। मैले गरेको ९-१० वटा चरित्र दर्शकमाझ परिचित बने। तिनले स्थापित पनि गऱ्यो। अब मैले गर्न बाँकी कुन चरित्र होला भन्ने लाग्थ्यो। तर, हरेक क्यारेक्टर फरक हुने रहेछ। त्यसैले चरित्र निर्माणको आदत बनाएँ।

> दर्शकको विश्वास कमाउन निकै वर्ष लागेको छ। त्यो विश्वास गुमाउन चाहन्नँ। त्यसैले नयाँ क्यारेक्टर गर्दा आत्तिन्छु। मेरो स्वभाव त्यस्तै छ। पूर्ण आत्मविश्वासका साथ बस्दिनँ। दर्शकप्रति गम्भीर हुन्छु। पैसा कमाउँछ कि कमाउँदैन भन्दा पनि दर्शकले ग्रहण गर्न सक्छन् कि सक्दैनन् भन्ने विषय मुख्य लाग्छ।

म दर्शकमाझ परिचित छु होला। त्यसैलाई सफलता ठान्लान्। सफलता अरूले देख्ने कुरा रहेछ। त्यसलाई मैले मान्ने कि नमान्ने भन्ने मुख्य कुरा हो। मलाई एउटै काम दोहोरिएला कि भन्ने डर लाग्छ। यही कारण फरक खालको भूमिका खोज्न थालें। दर्शकमा पनि सधैं नयाँ र फरक क्यारेक्टर गर्छ भन्ने अपेक्षा हुन्छ। दर्शकको विश्वास कमाउन निकै वर्ष लागेको छ। त्यो विश्वास गुमाउन चाहन्नँ। त्यसैले नयाँ क्यारेक्टर गर्दा आत्तिन्छु। मेरो स्वभाव त्यस्तै छ। पूर्ण आत्मविश्वासको साथ बस्दिनँ। दर्शकप्रति सिरियस हुन्छु। पैसा कमाउँछ कि कमाउँदैन भन्दा पनि दर्शकले ग्रहण गर्न सक्छन् कि सक्दैनन् भन्ने विषय मुख्य लाग्छ।

मेरो कामले सधैं तारिफ मात्रै पाउनुपर्छ भन्ने पनि लाग्दैन। जीवनमा जोखिम लिन रुचाउने भएकाले नयाँ काम गर्न रुचाउँछु। कुनै काम सफल भएन भने चित्त दुखाएर पनि बस्दिनँ। मेरा कतिपय काम असफल भएका पनि छन्। सफलताको स्वाद लिएर मात्रै बस्दिनँ, असफलताको स्वाद पनि चाख्न रुचाउँछु। असफलता भोलि कुनै ठाउँमा काम लाग्छ भनेर सोच्छु। नराम्रो अनुभव भोलि जीवनमा राम्रो बन्न सक्छ। कलाकारितामा लागेका मान्छेलाई असफलताले झन् खार्दै लैजान्छ। एउटा कलाकारलाई फेलियरले खार्दो रहेछ। दुःख र पीडाले केही समय घाटा लाग्ला तर कालान्तरमा फाइदै हुन्छ। गल्तीबाटै जीवनमा सिकिँदो रहेछ।

विदेश



• रेफात इब्राहिम



नरसंहारले निमोठेको गाजाको शैक्षिक फूलबारी

डेढ वर्षअघि मात्र स्कुलमा हाँस्दैखेल्दै दौडिएका केटाकेटी अहिले घाममुनि वा चिसोमा उभिएर खानाका लागि याचना गरेको वा भिख माग्दै गरेको देख्दा असह्य पीडा हुन्छ।

> गाजामा दशकौं लगाएर सुधार गरिएको शैक्षिक क्षेत्रलाई ध्वस्त पार्न डेढ वर्षको नरसंहार पर्याप्त थियो। नरसंहारअघि गाजामा विश्वको सबैभन्दा उच्च साक्षरता दर (९७ प्रतिशत) थियो।

प्यालेस्टिनीहरू सिक्ने कुरामा सधैं जोसिला हुन्छन्। ओटोमन युगमा प्यालेस्टिनी विद्यार्थी उच्च शिक्षा हासिल गर्न इस्तानबुल, कायरो र बेरुतसम्म जान्थे। ब्रिटिस जनादेश कालमा स्थानीयवासीलाई अनभिज्ञ राख्ने औपनिवेशिक नीतिको सामना गर्दै प्यालेस्टिनी किसानले स्थानीय स्रोतसाधन जुटाएर ग्रामीण भेगमा विद्यालय स्थापना गरे। त्यसपछि नक्बा युग आयो। कब्जा र विस्थापनले नयाँ पीडा ल्यायो। तथापि, प्यालेस्टिनीमा रहेको ज्ञानको खोजीलाई पूर्णतया फरक स्तरमा पुऱ्यायो। विद्यालय एउटा यस्तो ठाउँ बन्यो, जहाँ प्यालेस्टिनीले आफ्नो उपस्थिति महसुस गर्न सक्थे। शिक्षाले उनीहरूलाई आफ्ना अधिकार र राम्रो भविष्यबारे सपना देख्न सक्षम बनायो। शिक्षा आशाको किरण बन्यो। यसकारण गाजाका शरणार्थी शिविरमा स्थापित पहिलो सामाजिक सेवामध्ये शिक्षा एक थियो। सिक्नका लागि विद्यार्थी ब्ल्याकबोर्डको अगाडि बालुवामा घुँडा टेकेर बस्थे। समुदायले सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्न सक्दो प्रयास गरे।

मलाई याद छ, बाल्यकालमा हरेक बिहान छिमेकका गल्ली स्कूल जाने बच्चाले भरिएको देख्थें। सबै परिवारले बालबच्चालाई स्कुल पठाउँथे। जब म विश्वविद्यालय जाने उमेरमा पुगैं, मैले उही दृश्य देखैं, उज्ज्वल भविष्यको सपना देख्दै विश्वविद्यालय र कलेजमा सँगै आउने विद्यार्थीको भिड।

दशकौंदेखि शिक्षाको यो अथक प्रयास अचानक अक्टोबर ०२३ मा रोकियो। इजरायली सेनाले स्कुल र विश्वविद्यालयमा बम विस्फोट गरे, पुस्तक मात्र जलाए, यसले प्यालेस्टिनी शिक्षाको सबैभन्दा महत्त्वपूर्ण स्तम्भमध्ये एक शैक्षिक न्यायलाई नै ध्वस्त पाऱ्यो।

■ नरसंहारअघिको लोभलाग्दो शिक्षा

नरसंहारअघि गाजामा शिक्षा क्षेत्र फस्टाइरहेको थियो। कब्जा र नाकाबन्दीका बाबजुद विश्वको सबैभन्दा उच्च साक्षरता दर (९७ प्रतिशत) थियो। माध्यमिक शिक्षामा भर्ना दर ९० प्रतिशत थियो र उच्च शिक्षामा भर्नादर ४५ प्रतिशत। यस सफलताको एउटा मुख्य कारण गाजामा प्राथमिक र माध्यमिक तहमा शिक्षा पूर्ण रूपमा निःशुल्क थियो। सरकारी र युएनआरडब्लुएद्वारा सञ्चालित विद्यालय सबै प्यालेस्टिनी बालबालिकाका लागि खुला थिए। जसले सबैका लागि समान अवसर सुनिश्चित गर्थ्यो, पाठ्यपुस्तक निःशुल्क वितरण गरिएको थियो। परिवारले झोला, नोटबुक, कलम र विद्यालय पोसाक किन्न सहयोग पाएका थिए।

शिक्षा मन्त्रालय, युएनआरडब्लुए र अन्य संस्थाद्वारा विभिन्न क्षेत्रमा प्रतिभाशाली विद्यार्थीलाई आर्थिक स्थितिमा सहयोग गर्न धेरै कार्यक्रम आयोजना गर्थे। पठन प्रतियोगिता, खेलकुद कार्यक्रम र प्रविधि कार्यक्रम नियमित रूपमा आयोजना हुन्थ्यो।

विश्वविद्यालयस्तरमा उच्च शिक्षालाई पहुँचयोग्य बनाउन महत्त्वपूर्ण प्रयास गरियो। एउटा सरकारी विश्वविद्यालय थियो, जसले प्रतीकात्मक शुल्क लिने गर्थ्यो। सात निजी विश्वविद्यालयले मध्यमदेखि उच्च शुल्क र पाँच विश्वविद्यालय कलेजले मध्यम शुल्क लिने गर्थे। गाजामा युएनआरडब्लुएसँग सम्बद्ध एक व्यावसायिक कलेज पनि थियो, जसले पूर्ण रूपमा निःशुल्क शिक्षा प्रदान गर्थ्यो।

विश्वविद्यालयले उत्कृष्ट र विपन्न विद्यार्थीलाई उदार छात्रवृत्ति प्रदान गर्थे। शिक्षा मन्त्रालयले विभिन्न देश र अन्तर्राष्ट्रिय विश्वविद्यालयसँगको सहकार्यमा आन्तरिक र बाह्य छात्रवृत्ति पनि प्रदान गर्थ्यो। शिक्षण शुल्क तिर्न सहयोगका लागि उच्च शिक्षा ऋण कोष थियो। सरल भाषामा भन्नुपर्दा गाजामा नरसंहार हुनुभन्दा पहिले शिक्षा सबैको लागि पहुँचयोग्य थियो।

■ नरसंहारबिच शैक्षिक गतिविधि

अक्टोबर २०२३ देखि जियोनिस्ट युद्ध (स्वतन्त्र यहुदी राज्यको वकालत गर्ने पक्ष) विद्यालय, विश्वविद्यालय र शैक्षिक पूर्वाधार केन्द्रित बन्यो। संयुक्त राष्ट्र संघको तथ्यांकअनुसार ५६४ विद्यालयमध्ये ४९६ (लगभग ८८ प्रतिशत) क्षतिग्रस्त वा नष्ट भए। त्यसबाहेक गाजाका सबै विश्वविद्यालय र कलेज नष्ट भए। ६ लाख ४५ हजारभन्दा बढी विद्यार्थी कक्षाकोठाबाट वञ्चित भए र विश्वविद्यालयका ९० हजार विद्यार्थीको शिक्षा अवरुद्ध छ।

नरसंहार जारी रहँदा शिक्षा मन्त्रालय र विश्वविद्यालयबाट शैक्षिक प्रक्रिया पुनः सुरु गर्ने प्रयास भए। स्कुले बालबालिकाका लागि व्यक्तिगत कक्षा र विश्वविद्यालयका विद्यार्थीका लागि अनलाइन पाठ्यक्रम सञ्चालनमा आयो। विस्थापन शिविरमा पाल विद्यालय स्थापना गरियो, जहाँ युवा स्वयंसेवकले बालबालिकालाई निःशुल्क पढाउँथे। विश्वविद्यालयका प्राध्यापकले गुगल क्लासरूम, जुम, ह्वाट्सएप र टेलिग्राम च्यानलजस्ता अनलाइन शिक्षण उपकरण प्रयोग गर्थे।

यी प्रयासका बाबजुद नियमित शिक्षा अभावले शैक्षिक प्रक्रियामा महत्त्वपूर्ण खाडल सिर्जना गऱ्यो। इजरायली सेनाको निरन्तर बमबारी र जबर्जस्ती विस्थापन आदेशले शिक्षा क्षेत्रलाई चुनौतीपूर्ण बनायो। स्रोतसाधनको अभावका कारण पाल विद्यालयले उचित निर्देशन प्रदान गर्न सकेनन्।

■ शैक्षिक क्षेत्रको पतन

गाजामा दशकौं लागेर सुधार गरिएको शैक्षिक क्षेत्रलाई ध्वस्त पार्न डेढ वर्षको नरसंहार पर्याप्त थियो। युद्धपूर्व विद्यार्थीलाई आफ्नो शिक्षा जारी राख्न सामाजिक वर्ग बाधक थिएन। तर, आज गरिब वर्ग शिक्षाबाट वञ्चित छ। धेरै कम परिवारले मात्र सबै बालबालिकालाई शिक्षामा निरन्तरता दिएका छन्।

त्यहाँ निकै गरिब वर्ग पनि छन्, जसले आफ्ना कुनै पनि सन्तानलाई विद्यालय पठाउन सक्दैनन्। उनीहरूका लागि बाँच्नु प्राथमिकता हो। नरसंहारको समयमा यो समूहले समाजको ठुलो भागको प्रतिनिधित्व गरेको छ। विनाशकारी आर्थिक अवस्थाले अनगिन्ती बालबालिकालाई स्कुल जानुको सट्टा काम गर्न बाध्य पारेको छ। विशेषगरी युद्धमा आम्दानी गर्ने व्यक्ति गुमाएका घरमा यस्तो बाध्यता छ। सडकहरू विभिन्न सामान बेच्ने बच्चाले भरिएका हुन्छन्। धेरैलाई युद्धका नाफाखोरले थोरै ज्यालामा चुरोटजस्ता सामग्री बेच्न शोषण गर्छन्।

साना केटाकेटी बटुवालाई पछ्याउँदै भिख माग्न बाध्य छन्। डेढ वर्षअघि मात्र स्कुलमा हाँस्दैखेल्दै दौडिएका केटाकेटी अहिले घाममुनि वा चिसोमा उभिएर परिवारलाई अपर्याप्त खानाका लागि समेत याचना गरेको वा भिख माग्दै गरेको देख्दा असह्य पीडा हुन्छ। गाजाका विद्यार्थीका लागि शिक्षा कहिल्यै पनि शैक्षिक प्रमाणपत्र वा आधिकारिक कागज प्राप्त गर्ने माध्यम थिएन। यो आशावाद र साहसबारे थियो। इजरायली कब्जाविरुद्धको प्रतिरोधको एक स्वरूप थियो। उनीहरूको परिवारलाई गरिबीबाट बाहिर निकाल्ने र परिस्थिति सुधार गर्ने अवसर थियो। शिक्षा जीवन र आशा थियो।

आज त्यो आशा इजरायली बमले चकनाचुर भएको छ। हामी अहिले आफूलाई खतरनाक अवस्थामा पाउँछौं, जहाँ सम्पन्न र गरिबबिचको खाडल फराकिलो हुँदै गइरहेको छ। त्यस्तो अवस्थामा पाउँछौं, जहाँ एक सम्पूर्ण पुस्ताको सिक्ने र सोच्ने क्षमतामा ह्रास आइरहेको छ। प्यालेस्टिनी समाज पहिचान र संघर्ष जारी राख्ने क्षमतासमेत गुमाउने जोखिममा छ।

(गाजास्थित प्यालेस्टिनी लेखक रेफात इब्राहिमको आलेख सुभाष शर्माले अनुवाद गरेका हुन्। इब्राहिम प्यालेस्टाइनसँग सम्बन्धित मानवीय, सामाजिक, आर्थिक र राजनीतिक मुद्दाबारे लेख्छन्।)

- अलजजिराबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २० वैशाख ०८२


दुबईमा नेपालको पर्यटन प्रवर्द्धन



काठमाडौं / नेपाल पर्यटन बोर्डले संयुक्त अरब इमिरेट्सको दुबईमा आयोजित 'अरेबियन ट्राभल मार्केट (एटिएम) २०२५' मा नेपालका पर्यटन गन्तव्य र सम्भावनाहरू प्रदर्शन गरेको छ। २८ अप्रिलदेखि १ मेसम्म दुबई वर्ल्ड ट्रेड सेन्टरमा आयोजित अन्तर्राष्ट्रिय पर्यटन मेलामा नेपालले साहसिक पर्यटन, सांस्कृतिक सम्पदा तथा विलासितापूर्ण पर्यटन क्षेत्रका सम्भावना प्रवर्द्धन गरेको हो।

बोर्डको प्रतिनिधिमण्डलले अन्तर्राष्ट्रिय टुर अपरेटर, ट्राभल एजेन्ट तथा सञ्चारकर्मीसँग व्यावसायिक भेटघाट (बिटुबी) गर्दै नेपालको पर्यटन विशेषता प्रस्तुत गरेको थियो। मेलामा बोर्डले ब्रोसर, यात्रा गाइड र परम्परागत नेपाली हस्तकला सामग्री वितरण गरी नेपालको पर्यटकीय विविधता र अनुभवलाई प्रवर्द्धन गरिएको थियो।

सुनकोशी-मरिन आयोजना छिटो सक्न निर्देशन



काठमाडौं / ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सुनकोशी-मरिन बहुउद्देश्यीय डाइभर्सन आयोजनालाई चाँडो सम्पन्न गर्ने गरी समाधान खोज्न ठेकेदार कम्पनीलाई निर्देशन दिएका छन्।

आयोजनाको 'वर्तमान ठेक्का कार्यान्वयनको अवस्था समस्या एवं चुनौती'को अवस्थाबारे बुझ्दै उनले राष्ट्रिय गौरवको आयोजनालाई चाँडो निर्माण सम्पन्न गर्ने गरी समाधान खोज्न निर्देशन दिएका हुन्।

'आयोजनाको प्रगतिका बारेमा प्रधानमन्त्रीज्यूले समेत बारम्बार चासो राख्दै आउनुभएको छ, यो आयोजना निर्माणमा किन ढिलाइ भयो, चाँडो निर्माण सम्पन्न गर्ने गरी समाधान खोज्नुहोस्,' उनले भने। मन्त्री खड्काले काम पाइन्छ भनेर एउटै ठेकेदार कम्पनीले कम शुल्कमा ठेक्का हालेर धेरै आयोजना लिने र समयमै काम सम्पन्न नगर्ने प्रवृत्तिका कारण देशको विकासमा ढिलाइ भएको पनि बताए।

नागरिकलाई लाभ पुग्ने गरी बिमालाई अगाडि बढाइने



काठमाडौं / बिमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले बिमा क्षेत्रको विकास एवं पहुँच विस्तार गर्दै आमनागरिकलाई लाभ पुग्ने गरी बिमालाई अगाडि बढाउन विकासका साझेदार तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सहकार्य एवं साझेदारी महत्त्वपूर्ण रहेको बताएका छन्। विकास साझेदारसँग शुक्रबार गरिएको छलफलमा कार्यकारी निर्देशक सुवेदीले दुर्गम एवं ग्रामीण क्षेत्रका नागरिकलगायत सबैले लाभ पुग्ने गरी बिमालाई अगाडि बढाउन साझेदारहरूले सहजीकरण गर्नुपर्ने बताए। प्राधिकरणका निर्देशक निर्मल अधिकारीले बिमा क्षेत्रमा सीमित साधन-स्रोतबाट अतिकतम उपलब्धि हासिल गर्न, काममा दोहोरोपना आउन नदिने गरी अगाडि बढ्नुपर्ने आवश्यकता रहेको बताएका थिए।

नीति कार्यक्रममा अटाएनन् ठुला परियोजना

अजित अधिकारी, नवीन अर्याल

राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार संसद्मा पेस गरेको नीति कार्यक्रमले पुरानै योजनालाई निरन्तरता दिएको छ भने ठुला पूर्वाधार निर्माणका लागि अग्रसरता लिने विषयलाई कम प्राथमिकतामा राखिएको छ।

विगतमा भने परियोजना नै तोकेर सरकारले लिने विकास नीतिबारे बजेटअघि नै जानकारी दिइने गरिन्थ्यो। यसपटक दुई ठुला प्रमुख दलको गठबन्धनमा बनेको सरकारबाट जनतामा विगतको भन्दा बढी अपेक्षा थियो, तर सत्तापक्षकै सांसदमा समेत उत्साह देखिएन।

सबैभन्दा धेरै चासोपूर्वक हेरिने भौतिक पूर्वाधार तथा यातायातका क्षेत्रमा पनि सरकारले ठुलो घोषणा गरेको छैन। पूर्वाधार क्षेत्रका सबै परियोजनाको पुनः प्राथमिकीकरण गर्ने नीति ल्याइएको छ। 'विकास निर्माणका क्रममा देखा परेका कमी-कमजोरीलाई सुधार गर्न विकासको ढाँचा, गति र संस्कृति फेर्ने। विगतमा विभिन्न सरकारद्वारा घोषणा गरिएका भौतिक पूर्वाधार क्षेत्रका सबै परियोजनाको पुनः प्राथमिकीकरण गर्ने,' नीति तथा कार्यक्रममा उल्लेख छ।

परियोजनालाई वर्गीकरण गरी आव ०८२/८३ मा सम्पन्न हुने र चालू संसद्को अवधिभित्र सम्पन्न हुने गरी समयतालिका निर्धारण गरिने पनि उल्लेख छ। निर्माणाधीन तथा निर्माण गर्नुपर्ने सबै परियोजनाका लागि आवश्यक स्रोतको आकलन गरी सम्पन्न हुने सम्भावना नभएका परियोजना स्थगन गर्ने र त्रुटिपूर्ण परियोजना खारेज गरिने उल्लेख छ।

सरकारले भौतिक पूर्वाधार निर्माणमा सार्वजनिक तथा निजी लगानी प्रवर्द्धन गर्ने नीति पनि ल्याएको छ। सडक, रेल र जल यातायातलाई आवागमनको प्रमुख माध्यमका रूपमा विस्तार गरिने उल्लेख छ। अघिल्लो वर्षको नीति कार्यक्रममा भने तोकेरै जयनगर बर्दीबास रेलमार्गको बिजलापुर-बर्दीबास खण्ड तथा बथनाहा-विराटनगर रेलमार्गको निर्माणलाई तीव्रता दिने उल्लेख थियो। त्यस्तै, पूर्वपश्चिम, मध्यपहाडी, हुलाकीलाई स्तरोन्नति गर्ने र बाह्रै महिना सडक चलाउने भने किटान नै गरिएको थियो।



■ ऊर्जा विकासका लागि प्रसारणलाइन विस्तारदेखि निर्यातसम्मका योजना

प्रसारणलाइन निर्माणमा निजी क्षेत्रको सहभागिता

सरकारले निजी क्षेत्रलाई प्रसारणलाइन निर्माण गर्न दिने नीति ल्याएको छ। 'निजी क्षेत्रको समेत सहभागितामा राष्ट्रिय तथा अन्तरदेशीय उच्च क्षमताका प्रसारणलाइनको विस्तार गरिनेछ,' नीति तथा कार्यक्रममा उल्लेख छ।



वार्षिक १० खर्बभन्दा बढीको रेमिट्यान्स परिचालन गरिने

जलविद्युत्मा रेमिट्यान्स परिचालन गर्ने नीति पनि ल्याएको छ। नेपालमा बर्सेनि १४-१५ खर्ब रुपैयाँ हाराहारीमा रेमिट्यान्स आउन थालेको छ। त्यसरी आउने पैसालाई जलविद्युत्मा परिचालन गर्ने उल्लेख छ।

ऊर्जा विकास मार्गचित्र कार्यान्वयन गर्न प्रक्रियागत सुधार गरिने

सरकारले 'ऊर्जा विकास मार्गचित्र, २०८१' कार्यान्वयन गर्न कानुनी, नीतिगत, संस्थागत र प्रक्रियागत सुधार गर्ने नीति लिएको छ। सरकारले गत मंसिरमा उक्त मार्गचित्र जारी गर्दै सन् ०३५ सम्म साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्नेलगायतका लक्ष्य लिएको छ। त्यसलाई कार्यान्वयन गर्ने सरकारी योजनाछ। सरकारले यसपालि जलाशययुक्त जलविद्युत् आयोजना विकासका लागि उपयुक्त वित्तीय मोडेल अपनाउने बताएको छ। यद्यपि, कस्तो मोडेल अपनाउने भनेर ठोस नीति भने तोकिएको छैन।

एसेम्बल उद्योगलाई प्रोत्साहन

सरकारले एसेम्बल उद्योगहरू विस्तार गरी आयात प्रतिस्थापन र निर्यात अभिवृद्धि गर्ने पुरानै नीतिलाई निरन्तरता दिएको छ। पुरानै नीतिका कारण अटोमोबाइल, टेलिभिजनलगायतका एसेम्बल उद्योगहरू धमाधम खुलिरहेका छन्, जसमा आधा दर्जनभन्दा धेरै अटोमोबाइल एसेम्बल प्लान्ट रहेका छन्। नवप्रवर्तनमा आधारित स्टार्टअप उद्यमीलाई प्रोत्साहित गर्न स्टार्टअप कर्जा कार्यक्रम विस्तार गरिने र ई-कमर्समार्फत व्यापारको विकास गरिने नीति पुरानै हुन्।

जीर्ण संस्थान निजी क्षेत्रलाई हस्तान्तरण

धौबादी फलाम खानीलाई सार्वजनिक-निजी साझेदारी मोडेलमा सञ्चालन गर्ने नयाँ योजना हो। यो उद्योग सञ्चालन गर्न कठिन छ। बरु, यस उद्योगको चल-अचल सम्पत्ति निजी क्षेत्रलाई सुम्पने नियत सरकारमा देखिन्छ। व्यावसायिक सम्भावना भएका रुग्ण उद्योगहरूलाई व्यवस्थापनका उपयुक्त विधि अपनाई पुनः सञ्चालन गर्ने, विशेष आर्थिक क्षेत्रहरू सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडेलमा सञ्चालन गर्ने, लजिस्टिक गुरुयोजना निर्माण कार्यान्वयन गर्नेलगायतका योजना पनि समावेश छन्।

सवारीसाधनमा युरो ६ मापदण्ड लागू

आगामी आर्थिक वर्षदेखि पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनमा युरो-६ मापदण्ड लागू गर्ने पुरानै नीति भए पनि लागू हुन सकेको छैन। चार वर्षअघिबाट युरो ६ मापदण्डको पेट्रोलियम पदार्थ आयात भए पनि सवारीसाधन भने सोभन्दा कम मापदण्डको आयात गर्न अनुमति दिएको भनेर सरकारको आलोचना भइरहेको छ।

ठगी नियन्त्रण गर्न बिमा सूचना केन्द्र

सरकारले बिमा क्षेत्रमा हुने ठगीका घटनालाई नियन्त्रण गर्न बिमा सूचना केन्द्र स्थापना गर्ने नीति ल्याएको छ। सरकारले केही समयअघि ल्याएको 'बिमा नियमावली, २०८१' मा बिमा सूचना केन्द्र स्थापना गर्ने व्यवस्था गरिएको छ। त्यसलाई आगामी आव ०८२/८३ मा कार्यान्वयनमा लैजाने नीति तथा कार्यक्रममा उल्लेख छ।

आफ्नै भूउपग्रह सञ्चालन

सरकारले नेपालको आफ्नै भूउपग्रह सञ्चालन गर्न आवश्यक आधार तयार गर्ने नीति दोहोऱ्याएर ल्याएको छ। 'सञ्चार र निगरानी क्षमतामा वृद्धि गर्न नेपालको आफ्नै भूउपग्रह सञ्चालनको आधार तयार गरिनेछ। अति संवेदनशील सूचना प्रविधि, पूर्वाधारको सुरक्षा र निरन्तरताको सुनिश्चितता गर्दै सुरक्षित साइबर स्पेस निर्माण गरिनेछ,' नीति तथा कार्यक्रममा उल्लेख छ।

सामाजिक सञ्जालको नियमन

फेसबुक र टिकटकजस्ता सामाजिक सञ्जालको सञ्चालनलाई प्रभावकारी नियमन गर्ने नीति पनि ल्याइएको छ। 'सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउन प्रभावकारी नियमन गरिनेछ,' नीति तथा कार्यक्रममा उल्लेख छ। त्यस्तै, दूरसञ्चार क्षेत्रमा नवीनतम प्रविधिको प्रयोग गरिने पनि बताइएको छ। पूर्वाधारको व्यवस्थापनमार्फत गुणस्तरीय दूरसञ्चार सेवाको देशव्यापी पहुँच विस्तार गरिने पनि नीति कार्यक्रममा उल्लेख छ। विश्वमा व्यापक विस्तार भइरहेको आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रयोगका लागि कानुनी आधार तय गर्ने नीति लिइएको छ। 'सूचना प्रविधिको क्षेत्रमा नवीनतम प्रविधिको विकास र विस्तारका लागि डिजिटल इकोसिस्टम निर्माण गरिनेछ।



बारीमा सेताम्मे फापर : संखुवासभाको खाँदबारी नगरपालिका- ११, आइलामा बारीभरि फुलेको फापर। **तस्बिर : नवीन गुरुङ/नयाँ पत्रिका**

नीति कार्यक्रममा पर्यटन क्षेत्र

कहिल्यै छुट्दैन नेपाल एयरलाइन्स पुनर्संरचना कार्यक्रम

निगम सुधारको एजेन्डाले सधैं निरन्तरता पाए पनि अहिलेसम्म सुधार देखिएको छैन



नयाँ पत्रिका

आगामी आर्थिक वर्ष ०८२/८३ को नीति कार्यक्रममा सरकाले नेपाल वायुसेवा निगम (नेवानि)को पुनर्संरचना गर्ने नीति पुनः दोहोऱ्याएको छ।

सरकारका नीति तथा कार्यक्रम र बजेटमा निगम सुधारको एजेन्डा हत्तपत्त छुट्दैन। तर, कार्यान्वयन पनि हुँदैन। निगमको सुधारका लागि गठन गरिने आयोग र समितिले पनि पुनर्संरचना गर्न सुझाव दिएका छन्।

पूर्वअर्थसचिव रामेश्वर खनाल नेतृत्वको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले पनि निगमको संरचनागत सुधार गरी रणनीतिक साझेदार भित्र्याउन सुझाव दिएको छ।

तर, नेपाल एयरलाइन्सको नियतिमा कहिल्यै सुधार देख्न पाइएको छैन। अन्तर्राष्ट्रिय उडान गर्ने चारवटा विमान अधिकांश समय ग्राउन्डेड हुने समस्या ज्युँका त्युँ छन् भने आन्तरिक उडानमा पनि कमजोर प्रदर्शन छ।

राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबार जारी गरेको नीति तथा कार्यक्रममा नागरिक उड्डयन क्षेत्रको नियमनलाई प्रभावकारी बनाई हवाई सेवा सुरक्षित, सुलभ र पहुँचयोग्य बनाउने घोषणा गरिएको छ। हवाई पूर्वाधार र सेवा प्रवाहमा निजी क्षेत्रको सहभागिता बढाउने पनि उल्लेख छ। आर्थिक, व्यावसायिक र वातावरणीय सम्भाव्यताका आधारमा मात्र विमानस्थल निर्माण तथा विस्तार गरिने भएको छ। यस्तै, नेपाल हवाई सेवा प्राधिकरणको स्थापना र व्यवस्थापन गर्न बनेको विधेयक तथा नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकलाई संसद्को यसै अधिवेशनबाट पारित गर्ने घोषणा गरिएको छ। योग र ध्यानमार्फत सकारात्मक सोचको अभिवृद्धि गरी नेपाललाई आरोग्य र ध्यान पर्यटनलाई आय-अर्जन, रोजगारी र समृद्धिको आधारका रूपमा विकास गर्ने पनि नीति तथा कार्यक्रममा उल्लेख छ।

यस्ता छन् अन्य योजना

- हवाई सेवा सुरक्षित, सुलभ र पहुँचयोग्य बनाउने
- हवाई पूर्वाधार र सेवा प्रवाहमा निजी क्षेत्रको सहभागिता बढाउने
- नागरिक उड्डयन प्राधिकरणलाई टुक्र्याउने विधेयक पास गर्ने
- नेपाललाई आरोग्य र ध्यान पर्यटन क्षेत्रका रूपमा विकास गर्ने

■ ऊर्जामन्त्री दीपक खड्काको दबाबमा विद्युत् प्राधिकरणको श्वेतपत्र जारी

कुलमानका पालामा आर्जित नाफा स्वीकार तर, सवा पाँच अर्ब सञ्चित नोक्सानी रहेको दाबी

कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य विद्युत् प्राधिकरणको सबलीकरणमा होइन, कुलमानलाई गलत देखाउन सक्रिय

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले कुलमान घिसिङको कार्यकालमा भएको नाफालाई स्वीकार गर्दै शुक्रबार श्वेतपत्र जारी गरेका छन्।

उनले शुक्रबार जारी गरेको श्वेतपत्रमा ०८१ असारसम्म प्राधिकरण ४६ अर्ब ४८ करोड रुपैयाँले सञ्चित नाफामा भएको उल्लेख छ। यसैगरी, चालू आवको फागुन मसान्तसम्म प्राधिकरणले थप नौ अर्ब ४८ करोड रुपैयाँ नाफा कमाएको उनले श्वेतपत्रमा उल्लेख गरेका छन्। तर, कुलमानलाई गलत देखाउनुपर्ने बाध्यताका कारण प्राधिकरण पाँच अर्ब २६ करोड रुपैयाँ सञ्चित नोक्सानी पुगेको अपत्यारिलो तथ्यांक पनि सार्वजनिक गरेका छन्।

कुलमान पहिलोपटक भदौ ०७३ मा र दोस्रोपटक साउन ०७८ मा प्राधिकरणका कार्यकारी निर्देशक बनेका थिए। त्यसअघि असार ०७३ मा प्राधिकरण ३४ अर्ब ६१ करोड रुपैयाँले सञ्चित नोक्सानीमा थियो, जुन साउन ०६८-असार ०७३ सम्मको नोक्सानी हो। असार ०८१ सम्म आउँदा प्राधिकरणले त्यो नोक्सानी घटाएर ४६ अर्ब ४७ करोड रुपैयाँमा सञ्चित नाफा कमाएको छ, जुन हितेन्द्रले जारी गरेको श्वेतपत्रमा पनि उल्लेख छ।

प्राधिकरणले हालसम्म ४६ अर्ब ४८ करोड सञ्चित नाफा रहेको श्वेतपत्र जारी गर्नुअघि ऊर्जामन्त्री दीपक खड्काले २२ फागुनमा संसद्को रोस्टममा उभिएर प्राधिकरणले कागजी नाफा देखाएको भन्दै कुलमानविरुद्ध अभिव्यक्ति दिएका थिए। यद्यपि, उनकै



योजनामा आएको श्वेतपत्रमा कुलमानका पालामा भएको नाफालाई स्वीकार गरिएको छ।

तर, कुलमानलाई गलत देखाउन योजनाअनुरूप आएको श्वेतपत्रमा ह्रासकट्टीको नाममा साढे पाँच अर्ब सञ्चित नोक्सानी भएको देखाइएको छ। फागुन मसान्तसम्म नाफासमेत समावेश गर्दा प्राधिकरणको सञ्चित नाफा ५५ अर्ब ९५ करोड रुपैयाँ हुन आउने देखिन्छ। त्योबराबरको नाफा कसरी पाँच अर्ब २६ करोड रुपैयाँले नोक्सानीमा आयो भनेर बलियो आधार भने देखाइएको छैन। भौतिक सम्पत्तिको निश्चित समयको अवधि हुन्छ। प्राधिकरणले आफ्नो जलविद्युत् तथा प्रसारणलाइनलगायतका परियोजनाको आयु २५ देखि ५० वर्षसम्मको भएको भन्दै वार्षिक २-४ प्रतिशतको दरमा ह्रासकट्टी गर्दै आएको थियो। नाफा घटाउने ठाउँ नपाएपछि प्राधिकरणअन्तर्गतका परियोजनाको आयु कम देखाएर एकैपटक उच्चदरमा ह्रासकट्टी गर्न खोजिएको स्रोतको भनाइ छ।

आयकर ऐनले परियोजनालाई सुरुवाती समयमा कम कर तिराउन सुरुमै बढी ह्रासकट्टी गरेर नाफा कम देखाउने सुविधा दिएको छ। तर, प्राधिकरणले भने वास्तविक आयुकै आधारमा आफ्नो सम्पत्तिको ह्रासकट्टी गर्दै आएको थियो। अहिले हितेन्द्रले प्राधिकरणको भौतिक सम्पत्तिको आयु कम देखाएर एकैपटक उच्चदरमा ह्रासकट्टी गर्न खोजेको स्रोतको भनाइ छ।

यद्यपि, यस्तो नोक्सानी देखाउन प्राधिकरणको पूर्ण कर लेखा परीक्षण हुनुपर्छ। प्राधिकरणको आव ०७६/७७ सम्मको पूर्ण कर लेखा परीक्षण भइसकेको छ। त्यसमा कर कार्यालयले प्राधिकरणको सञ्चित नाफा आठ अर्ब रुपैयाँ भएको भन्दै तीन अर्ब रुपैयाँ करसमेत तोकेको थियो। त्यसयताको पूर्ण कर लेखा परीक्षण हुन भने बाँकी छ। यद्यपि, प्राधिकरणले आफूले नाफा कमाएको भन्दै ११ अर्ब रुपैयाँ अग्रिम कर भने तिरिसकेको छ। आव ०७७/७८ को पूर्ण कर लेखा परीक्षण गरेर प्राधिकरणको करयोग्य नाफा-नोक्सान निर्धारण गरी कर तिर्न बाँकी छ। त्यो अवस्थामा प्राधिकरणले बढी ह्रासकट्टी गरेर सञ्चित नाफा-नोक्सान गणना गर्न सक्छ। तर, हितेन्द्रले ऊर्जामन्त्री खड्काको योजनामा लागेर पूर्ण कर परीक्षण नहुँदै धेरै ह्रासकट्टी गरेर सञ्चित नोक्सान देखाइदिएको स्रोतको भनाइ छ।

यसैगरी, कार्यकारी निर्देशक हितेन्द्रले ०६७/६८ सम्मको सञ्चित नोक्सानीलाई पनि यसमा समावेश गर्न खोजेका छन्। त्यसवेला प्राधिकरण झन्डै २७ अर्ब रुपैयाँले सञ्चित नोक्सानीमा थियो।

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७७

युरोपका सदाबहार उत्कृष्ट पाँच मिडफिल्डर

एजेन्सी/ युरोपियन च्याम्पियन्स लिगसँगै यतिबेला युरोपका चर्चित लिगहरू सम्पन्न हुँदै छन्। चार खेलअघि नै लिभरपुल इंग्लिस प्रिमियर लिग च्याम्पियन भइसकेको छ। ला लिगा, इटालियन सिरी ए, जर्मन बुन्डेसलिगा, फ्रेन्च लिगको च्याम्पियन टोली टुंगो लाग्न बाँकी छ। यस्तै, युरोपियन च्याम्पियन्स लिग र युरोपमा लिगको सेमिफाइनलको दोस्रो लिग नजिकिँदै छ। विश्व फुटबलमा युरोपियन फुटबल निकै स्तरीय र चर्चित छ। हरेक खेलाडीको सपना युरोपमा खेल्ने हुन्छ। युरोपलाई निकै प्राथमिकताका साथ हेरिन्छ। युरोपियन फुटबल अन्त्यतिर पुग्न लागेको सन्दर्भमा युरोपियन फुटबलका सदाबहार मिडफिल्डरको चर्चा गरिएको छ।

जाभी हर्नान्डेज (स्पेन)

क्याटलान क्लब बार्सिलोनालाई युरोपमा सफल बनाउन होस् या स्पेनलाई विश्वकप जिताउन होस्, जाभी हर्नान्डेजको भूमिका उत्तिकै छ। त्यसैले पनि यी पूर्वखेलाडी तथा प्रशिक्षक सदाबहार युरोपका उत्कृष्ट मिडफिल्डर हुन्। उनले बार्सिलोनालाई चारपटक च्याम्पियन्स लिग, आठपटक ला लिगा, दुईपटक क्लब विश्वकप र तीनपटक कोपा डेल रेको उपाधि जिताएका छन्। स्पेनलाई एक विश्वकप तथा दुईपटक युरोपियन च्याम्पियनसिप उपाधि जिताए। बार्सिलोना र स्पेनले टिकीटाका फुटबल प्रस्तुत गर्दा त्यसको रणनीतिकार नै जाभी र आन्द्रेस इनिइस्टालाई लिइन्छ। हाल भने जाभी बार्सिलोनाको प्रशिक्षकपछि विश्राममा छन्। व्यावसायिक खेल करिअरबाट सन्न्यास लिएपछि जाभी कतारी क्लबको प्रशिक्षक भएका थिए।

जिनेदिने जिदान (फ्रान्स)

जिनेदिने जिदान युरोपियन फुटबलको कुरा गर्दा सदाबहार चर्चामा आउने खेलाडी हुन्। जिदानलाई अधिकांशले सम्झँदा विश्वकपमा इटालीविरुद्ध देखाएको हर्कत पनि सम्झिन्छन्। तर, उनी त्योभन्दा पनि सदाबहार चर्चामा रहने खेलाडी हुन्। मैदानभित्र खेलाडीका रूपमा होस् या प्रशिक्षकका रूपमा होस्, उनी सधैं चर्चामा रहे। उपाधि पनि जितेका छन्। तर, पछिल्लो दुई वर्ष उनी प्रशिक्षकका रूपमा देखिएका छैनन्। स्किल, ट्याकल र पावरफुल खेलका कारण जिदान सधैं चर्चामै रहे। उनलाई गर्ड गिफ्टेड खेलाडी पनि मान्छन्। व्यावसायिक फुटबल खेलाडीका रूपमा स्पेनमा रियल म्याड्रिड र इटालीमा युभेन्टसबाट धेरै खेल खेले। करिअरमा पाँच सयमाथि खेल खेल्दा फ्रान्सलाई विश्वकप उपाधि जिताए। युरोपियन च्याम्पियसिप, च्याम्पियन्स लिग, सिरी ए दुईपटक, ला लिगा र युइएफए सुपर कपको उपाधि उचालेका छन्।

आन्द्रे पिर्लो (इटाली)

जब विश्व फुटबलमा इटालीको नाम आउँछ, तब छुटाउनै नहुने नाम हो, आन्द्रे पिर्लो। यी खेलाडीले सन् २००६ मा इटालीलाई विश्वकप जिताएका थिए। फाइनलमा इटालीले फ्रान्सलाई हराएको थियो। यी पूर्वखेलाडी टेक्निकल खेल खेल्न, स्ट्राइकरलाई गोल गर्ने सहज वातावरण बनाउन, विपक्षीविरुद्ध सहज रणनीति तयार गर्न र फ्रिकिक प्रहारका लागि पोख्त मानिन्छन्। ब्रेसिकबाट आफ्नो करिअर सुरु गरेका उनले इन्टर मिलान हुँदै एसी मिलान, युभेन्ट्सबाट सर्वाधिक खेल खेले। इटालीको भने यू-१५ देखि सिनियर टिममा एक सयभन्दा बढी खेल खेलेका छन्। युभेन्ट्सको भने प्रशिक्षक नै भए। इटालीलाई विश्वकपसँगै पिर्लोले क्लब फुटबलमा युरोपियन च्याम्पियन्स लिग, इटालियन सिरी ए, युरोपियन सुपर कप, फिफा क्लब विश्वकपको उपाधि उचालेका थिए।



मिचेल प्लाटिनी (फ्रान्स)

मैदानबाहिर होस् या भित्र, मिचेल प्लाटिनी सधैं चर्चामा रहे। उनलाई फुटबलका जब्बर खेलाडी मानिन्छ। मैदानभित्र जति राम्रो प्रदर्शन गरे पनि मैदानबाहिर भने त्यस्तै नराम्रो काम गर्दै सधैं चर्चामा रहे। सन् १९८० ताका उनले फ्रान्स र क्लब फुटबलमा उत्तिकै उपाधि जितेका छन्। तीनपटक बालोन डी ओर जितेका छन्। युरोपियन च्याम्पियनसिप, च्याम्पियन्स लिग, सिरी ए दुईपटक, लिग वान, कोपा इटालिया, युइएफए सुपर कपको उपाधि हात पारेका थिए। उनले फ्रान्सपछि सबैभन्दा धेरै खेल इटालीको युभेन्ट्सबाट खेलेका छन्।

स्टेभन जेरार्ड (इंग्ल्यान्ड)

स्टेफन जेरार्ड इंग्लिस फुटबल मात्रै नभएर युरोपियन फुटबलकै सदाबहार मिडफिल्डर हुन्। उनले जति फुटबल खेले, इंग्ल्यान्ड र प्रिमियर लिगमा लिभरपुलकै लागि खेले। इंग्ल्यान्डलाई ठुलो उपाधि जिताउन नसके पनि लिभरपुलका लागि च्याम्पियन्स लिग, युइएफए कप, एफए कप दुईपटक, दुईपटक सुपर कप र तीनपटक लिग कपको उपाधि जिताएका छन्। लिभरपुलमा मात्रै उनले १७ वर्ष बिताएका थिए। त्यसपछि उनी अमेरिका खेल्न पुगे। हाल उनी प्रशिक्षकका रूपमा छन्।

■ सरकारको नीति तथा कार्यक्रममा खेलकुद

खेलाडी र परिवारलाई छात्रवृत्तिको व्यवस्था

नयाँ पत्रिका

सरकारले आगामी आर्थिक वर्ष ०८२/८३ को नीति तथा कार्यक्रममा खेलकुदका विभिन्न ६ बुँदा समावेश गरेको छ। जसमा खेलाडी र उनीहरूका सन्ततिलाई छात्रवृत्तिको व्यवस्था प्राथमिकतामा राखिएको छ। शुक्रबार बानेश्वरस्थित संघीय संसद् भवनमा प्रतिनिधिसभा र राष्ट्रिय सभाको संयुक्त सभालाई सम्बोधन गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले नीति तथा कार्यक्रममा निजी क्षेत्रलाई पनि खेलकुदमा जोडिने किसिमका कार्यक्रम समावेश गरेको घोषणा गरे। त्यस्तै, संघ, प्रदेश तथा स्थानीय तह र खेल संघको सहकार्यमा स्पोर्टस् स्कुल कार्यक्रम सञ्चालन गरिने अभिलेख छ। विद्यालय तहदेखि खेलकुद तालिम, प्रशिक्षण र खेलाडीको सहभागिता कार्यक्रम सञ्चालन नीति, घोषणा कार्यक्रमको छ।

यस्ता छन् कार्यक्रम

- **युवाहरूको शारीरिक र मानसिक विकासका लागि नियमित खेलकुद सञ्चालन र राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता आयोजना गरिने।**
- **संघ, प्रदेश, स्थानीय तह र खेल संघको सहकार्यमा स्पोर्टस् स्कुल कार्यक्रम सुरु गरिने।**
- **विद्यालय तहदेखि खेलकुद तालिम, प्रशिक्षक र खेलाडी प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने।**
- **रंगशालालगायतका खेलकुद पूर्वाधार निर्माणमा तीन तहका सरकार र निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्न कानुनी व्यवस्था मिलाइने। खेलकुदलाई निजी क्षेत्रका संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमसँग जोडिने।**
- **त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानलाई आधुनिक स्तरको क्रिकेट मैदानमा रूपान्तरण गरिने।**
- **अन्तर्राष्ट्रिय पदकप्राप्त खेलाडी र उनीहरूका सन्ततिलाई अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था मिलाइने।**

त्रिवि मैदान प्राथमिकतामा

आगामी वर्षको बजेटमा कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानलाई आधुनिक स्तरको क्रिकेट मैदानमा रूपान्तरण गरिने उल्लेख छ। हाल नेपाल सरकारले नै त्रिवि क्रिकेट मैदानमा १५ हजार दर्शक अट्ने प्यारापिट निर्माण गरिरहेको छ। त्यस्तै, फ्लड लाइट जडानको काम भएका छन्। आधा काम अघिल्लो वर्षको बजेटमै समावेश भए पनि सरकारले बाँकी दोस्रो चरणको कामका लागि पनि नीति तथा कार्यक्रममा समावेश गरेको हो। नीति तथा कार्यक्रममा त्रिवि मैदानलाई समावेश गरिए पनि मूलपानी तल्लो र माथिल्लो मैदान, पोखरा रंगशाला, चितवनको गौतम बुद्ध रंगशालाको विषय समावेश छैन।



दसौँ राष्ट्रिय खेलकुदले स्थान नै पाएन

सरकारले नीति तथा कार्यक्रम घोषणा गर्दा दसौँ राष्ट्रिय खेलकुद भने प्राथमिकता नै परेन। आर्थिक वर्ष ०८०/८१ मा पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले दसौँ आयोजना गर्दा ६० करोड विनियोजन गरेको थियो। तर, तीनपटक गरी प्रतियोगिता सरेको छ। खेलकुदमन्त्री तेजुलाल चौधरी र राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्यसचिव टंकलाल घिसिङको टकरावले प्रतियोगिता दुईपटक सरेको थियो। रिक्त रहेको राखेपको उपाध्यक्षमा ध्रुव आचार्य आएपछि राखेपभित्रको अन्तरद्वन्द्व झनै बढ्यो। तेस्रोपटक जेठमा हुने भनिएको दसौँ राष्ट्रिय खेलकुद पनि नहुने पक्का भएको छ। मन्त्री, उपाध्यक्ष र सदस्यसचिव दसौँ राष्ट्रिय खेलकुद गर्ने मनसायमा देखिँदैनन्। उपाध्यक्ष आचार्य नै प्रतियोगिता गर्ने पक्षमा नभएको राखेपभित्रै आरोप लाग्दै आएको छ। उनी प्रधानमन्त्री केपी ओलीको आडमा प्रतियोगिता जसरी पनि सार्ने मनसायमा छन्।

आयोजकलाई हराउँदै चितवन सेमिफाइनलमा

मकवानपुर/ राष्ट्रिय महिला गोल्डकप फुटबल प्रतियोगितामा चितवनले विजय सुरुवात गरेको छ। शुक्रबार आयोजक मकवानपुरलाई टाइब्रेकरमा ५-४ गोलअन्तरले हराउँदै चितवनले विजयी सुरुवात गरेको हो। जितसँगै चितवन सेमिफाइनलमा पुगेको छ। मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा हेटौँडा- ६ स्थित गौरीटार रंगशालाको फुटबल मैदानमा सुरु भएको प्रतियोगिताको पहिलो खेलको निर्धारित समय १-१ को बराबरी भएपछि निर्णय पेनाल्टी सुटआउटमा लिइएको हो। पहिलो हाफ गोलरहित बराबरी भएकोमा चितवनले दोस्रो हाफको केही बेरमै अग्रता बनाएको थियो। चितवनका लागि अनिता गुरुङले हेडमार्फत गोल गरेकी हुन्।

मकवानपुर रक्षकले चितवनका खेलाडीलाई लडाएपछि पाएको फ्रिकिकलाई उनले हेड गोल गरेकी हुन्। गोल खाएलगत्तै मकवानपुर १० खेलाडीमा सीमित बनेको थियो। मकवानपुरका खुसाना राईले चितवनकी गोलरक्षक सुजता तामाङलाई फाउल गरेपछि रेफ्रीले राईलाई रातोकार्ड देखाएका थिए। १० खेलाडीमा सीमित भएको मकवानपुरले खेलको अन्तिम मिनेटमा सजिना स्याङ्तानको गोलमार्फत बराबरीमा फर्काउन सफल भएको थियो। अतिरिक्त समयमा पनि दुवैतर्फबाट गोल हुन नसकेपछि खेल टाइब्रेकरमा पुगेको थियो।

जयकुमारनाथ क्रिकेट सोमबारबाट



काठमाडौं/ काठमाडौं जिल्ला क्रिकेट संघको आयोजनामा जयकुमारनाथ शाह मेमोरियल यू-१६ टी-२० अन्तरस्कुल क्रिकेट प्रतियोगिताको दोस्रो संस्करण २२ देखि २९ वैशाखसम्म हुने भएको छ। नेपाली क्रिकेटको विकासमा अतुलनीय योगदान दिएका नेपाल क्रिकेट संघ (क्यान)का पूर्वअध्यक्ष जयकुमारनाथ शाहको नाममा आयोजना गरिन लागिएको यो प्रतियोगिता गत वर्षदेखि सुरु भएको हो।

प्रतियोगिता पहिलो दिन काठमाडौंको मूलपानी क्रिकेट मैदान (तल्लो र माथिल्लो) र त्रिवि क्रिकेट मैदानमा खेल हुनेछन्। यसैगरी, दोस्रो दिनदेखि त्रिवि मैदान र मूलपानी (तल्लो)मा हुने आयोजकले जनाएको छ। यो प्रतियोगितालाई एसिसी मेन्स यू-१६ इस्ट जोन कप २०२५ छनोटका रूपमा लिइएको छ। प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई काठमाडौं जिल्लाको टोलीमा समावेश गर्दै नेपालको राष्ट्रिय यू-१६ टोलीको छनोटका लागि अवसर दिइने आयोजकले जनाएको छ।

पहिलो संस्करणमा १६ विद्यालयले सहभागिता जनाएका थिए। यसपटक २१ विद्यालय सहभागी हुने भएका छन्। सहभागी विद्यालयलाई सात समूहमा विभाजन गरिएको छ। हरेक समूहका विजेता र एक उत्कृष्ट दोस्रो टोलीले क्वार्टरफाइनलको यात्रा तय गर्नेछन्। कुल २८ खेल हुने प्रतियोगिताको विजेताले एक लाख ५० हजार तथा उपविजेताले ७५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। यसैगरी, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई १० हजार तथा उत्कृष्ट ब्याटर, बलर र उदीयमान खेलाडीलाई जनही पाँच हजार रुपैयाँ प्रदान गरिनेछ।

हक्कीमा गण्डकीको दोस्रो जित

नयाँ पत्रिका



गण्डकी प्रदेशले राष्ट्रिय पुरुष तथा महिला हक्की प्रतियोगिताको महिलातर्फ दोस्रो जित निकालेको छ। ललितपुरको च्यासल फुटबल मैदानमा शुक्रबार भएको महिलातर्फको खेलमा गण्डकीले मधेश प्रदेशलाई २-१ ले पराजित गऱ्यो। गण्डकीको जितमा मयूरी राईले दुई गोल गरिन्। उनी प्लेअर अफ दी म्याच पनि भइन्। मधेशकी गीताकुमारी म्रिङचिङले एक गोल फर्काए पनि हार टार्न सकिनन्।

राउन्ड रोबिन लिगका आधारमा भइरहेको महिलाको प्रतियोगितामा गण्डकीको यो दोस्रो जित हो। महिलामा गण्डकीसहित त्रिभुवन आर्मी क्लब, मधेश प्रदेश र बागमती प्रदेश गरी चार टोली सहभागी छन्। लिगपछि शीर्ष दुई स्थानमा रहने टिमबिच उपाधि भिडन्त हुनेछ।

लिगमा दुई जित निकाल्दै गण्डकीले फाइनलमा पुग्ने सम्भावना बलियो बनाएको छ। बिहीबार पहिलो खेलमा गण्डकीले बागमती प्रदेशलाई २-१ ले हराएको थियो। मधेशको भने दोस्रो हारपछि लिगमा शीर्ष दुई स्थानमा पुग्ने सम्भावना कमजोर भएको छ। मधेशले पहिलो खेलमा आर्मीसँग ७-० को हार सामना गरेको थियो।

पुरुषतर्फ आर्मी र कर्णाली प्रदेशले जित निकालेका छन्। नेपाल हक्की संघको आयोजनामा जारी प्रतियोगितामा समूह 'ए'मा रहेको आर्मीले मधेश प्रदेशमाथि १०-१ को सहज जित रच्यो। आर्मीको जितमा मनोज चौधरीले ह्याट्रिक पूरा गरे। 'प्लेयर अफ दी म्याच' राजेन्द्र कार्की र अमरबहादुर गुरुङले दुई तथा देवसिंह धामी, प्रदीप राजवंशी र काशीराज राईले समान एक गोल गरे।

आर्मीको यो दोस्रो जित हो भने मधेशले दोस्रो हार सामना गऱ्यो। आर्मीले पहिलो खेलमा गण्डकीलाई हराएको थियो। मधेश भने कोशीसँग चुकेको थियो। पुरुषमा लिगकम नकआउटका आधारमा प्रतिस्पर्धा भइरहेको छ। समूह 'ए'मा आर्मी र गण्डकीसँगै मधेश र कोशी प्रदेश छन्।

पुरुषकै समूह 'बी'को खेलमा कर्णालीले बागमती प्रदेशलाई २-१ ले हरायो। कर्णालीको जितमा प्रेम भण्डारी र जीवा रावतले समान एक गोल गरे। कर्णालीका सुशान्त रावत प्लेयर अफ दी म्याच भए।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

■ आइपिएल-२०२५

गुजरात दोस्रो स्थानमा उक्लियो



एजेन्सी/ गुजरात टाइटन्स इन्डियन प्रिमियर लिग (आइपिएल)को तेस्रो स्थानमा उक्लिएको छ। शुक्रबार नरेन्द्र मोदी मैदानमा गुजरातले सनराइजर्स हैदराबादलाई ३८ रनले हरायो। टस हारेर ब्याटिङ गरेको गुजरातले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै दुई सय २५ रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा घरेलु टोली हैदराबादले ६ विकेट गुमाउँदा मात्र १८६ रन बनायो।

यो जितले गुजरात १० खेलबाट १४ अंकसहित दोस्रो स्थानमा उक्लियो। गुजरातको जितले रोयल च्यालेन्जर्स बैंगलुरु (आरसिबी) तेस्रो स्थानमा झरेको छ। समान १४ अंक भए पनि मुम्बई इन्डियन्स नेटरन रेटका आधारमा शीर्ष स्थानमा छ। यता, १३ अंकसहित पन्जाब किंग्स चौथो स्थानमा छ। शीर्ष चार टोली प्लेअफमा पुग्नेछन्। १० खेलमा ६ अंक जोडेको हैदराबाद पनि प्लेअफ पुग्न सकेन।

सुभमन गिलको कप्तानीमा रहेको गुजरात राजस्थान, पन्जाब र दिल्लीसँग मात्रै पराजित भएको छ। हैदराबादले भने चेन्नई, पन्जाब र राजस्थानलाई मात्रै हराएको छ। बाँकी सबै खेलमा प्याट कमिन्सको कप्तानीमा रहेको हैदराबाद पराजित भएको थियो। यसअघि पनि कमजोर प्रदर्शन गर्दै चेन्नई सुपर किंग्स र राजस्थान रोयल्स पनि प्लेअफ पुग्नै सकेनन्।

विशाल लक्ष्य पछ्याएको हैदराबादका लागि ओपनर अभिषेक शर्मा मात्रै चले। अन्य खेलाडीले ठुलो स्कोर बनाउन नसक्दा हैदराबाद पराजित हुन पुग्यो। अभिषेकले ५१ बलमा चार चौका र ६ छक्कासहित सर्वाधिक ७४ रन बनाउन सफल भएका हुन्। हेनरिक क्लासेनले २३ तथा ट्राभिस हेडले २० रनको योगदान गरे। क्लासेन र अभिषेकबिच सर्वाधिक ५७ रनको साझेदारी भएको थियो। त्यस्तै, हेड र अभिषेकबिच पहिलो विकेटका लागि ४९ रनको दोस्रो ठुलो साझेदारी भएको हो। इशान किसनले जम्मा १३ रन जोडेका थिए। आशा गरिएका कामिन्दु मेन्डिस डक आउट भए। अनिकेत बर्मा पनि तीन रन बनाएर आउट भएका हुन्।

गुजरातका लागि मोहम्मद सिराज र प्रसिद्ध कृष्णले समान दुई विकेट हात पारेका थिए। इशान्त शर्मा र गेराल्ड काइट्जले समान एक विकेट लिए। कप्तान सुभमन गिल र जस बट्लरले अर्धशतक बनाएपछि गुजरातले ६ विकेट गुमाउँदै दुई सय २४ रन बनायो। गिलले ३८ बलमा १० चौका र दुई छक्कासहित सर्वाधिक ७६ रन बनाएका हुन्। बटलरले ३७ बलमा तीन चौका र चार छक्कासहित ६४ रन जोडे। यसअघि ओपनर साई सुदर्शन पनि ४८ रन बनाएर आउट भएका थिए। वासिङटन सुन्दरले २१ रनको योगदान गरे। गुजरातले तीन अर्धशतकीय साझेदारी गरेपछि बलियो स्थितिमा पुगेको थियो। पहिलो विकेटका लागि गिल र सुदर्शनबिच सर्वाधिक ८७ रनको साझेदारी भयो। हैदराबादका लागि जयदेव उनाडकटले सर्वाधिक तीन विकेट हात पारेका थिए।

शनिबार हुने खेलमा रोयल च्यालेन्जर्स बैंगलुरु (आरसिबी) र चेन्नई सुपर किंग्सबिच प्रतिस्पर्धा हुनेछ।

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।


बसन्त राज कुँवर
रिहयाब स्पेसलिष्ट

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा


पुजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट




यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४
बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com